# परिच्छेद : एक

# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “दैलेख जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन” रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्जको मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषय स्नातकोत्तर तह द्वितीय वर्षको दसौं पत्रको पाठ्यभार पुरा गर्ने प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषय परिचय

विश्वको अनुपम तथा सुन्दर देश अन्तर्गत चिनिने नेपाल विविध भाषा, संस्कृति, परम्परा तथा प्राकृतिक छटाको धनी मानिन्छ । नेपालका १४ अञ्चल ७५ जिल्ला मध्ये दैलेख जिल्ला पनि एक सुन्दर तथा रमणीय जिल्ला हो । यो नेपालको मध्य परिश्चमाञ्चल विकासक्षेत्र अन्तर्गत भेरी अञ्चलमा पर्ने एक पहाडी जिल्ला हो ।

विविध भाषा तथा संस्कृतिको धनी यो जिल्ला लोक साहित्यिक क्षेत्रमा निकै धनी छ । यहा प्रचलित विविध मौलिक परम्पराहरूका कारण यो जिल्ला अन्य जिल्ला भन्दा पृथक छ । यहाँका सामाजिक, सांस्कृतिक तथा लौकिक परम्पराले यो जिल्लालाई सम्पन्न बनाएको छ । यहाँका देवल, मठमन्दिर प्राचीन अभिलेख तथा विविध सांस्कृतिक परम्पराले यो जिल्लाको छुट्टै पहिचान छ ।

दैलेख जिल्लामा लोक साहित्यको प्रमुख विधा अन्तर्गतको टुक्काको परम्परा पनि निकै प्रचलित छ । भाषा वा बोलीमा लाक्षणिक वा विशेष अर्थमा प्रयोग हुने वाक्यांश वा पदसमूह जसले आफ्नो वाच्यार्थ भन्दा बेग्लै लक्ष्यार्थमा जोड दिन्छन् त्यस्ता पद समूहलाई ‘टुक्का’ भनिन्छ । भाषामा महत्वपूर्ण स्थान राख्ने टुक्काहरूको सङ्कलन र अध्ययन गर्नु नितान्त आवश्यक छ । दैलेख जिल्लामा आदिकालदेखि बसोबास गर्ने मानिसहरूको आफ्नो लोकपरम्परा छ । यहाँको भाषामा पनि छुट्टै किसिमको मिठास पाइन्छ । कुनै पनि भोजनलाई चटनीले मिठास थपेझै टुक्काको प्रयोगले यहाँको भाषामा मिठास थप्ने गरेको पाइन्छ । दैलेख जिल्लामा बोलिने स्थानीय भाषिकामा प्रचलित टुक्काहरूको प्रयोग भएको पाइने भएकाले

टुक्काहरूको अध्ययनका लागि यो जिल्लालाई छनोट गरिएको हो । सामान्य तथा विशिष्ट सबै किसिमका व्यक्तिले प्रयोग गर्ने भाषामा यहाँ टुक्काको प्रयोग प्रशस्त हुने गरेको पाइन्छ । तसर्थ भाषामा महत्वपूर्ण स्थान राख्ने टुक्काको खोजी तथा अध्ययन गरेर प्रकाशमा ल्याउनु प्रस्तुत शोधपत्रको मुख्य लक्ष्य रहेको छ । त्यसैले यस शोधपत्रमा दैलेख जिल्लाका प्रमुख स्थानहरूमा प्रचलित टुक्काहरूको सङ्कलन गरेर वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.४ समस्याकथन

लोकसाहित्यको एउटा महत्वपूर्ण विधाको रूपमा रहेको 'टुक्का' ले भाषा र साहित्यमा महत्वपूर्ण स्थान ओगट्ने भए तापनि यसको व्यापक रूपमा खोज अनुसन्धान भएको पाइँदैन । दैलेख जिल्लामा प्रचलित टुक्काहरूले पनि नेपाली लोकसाहित्यको भण्डारलाई भर्न महत्वपूर्ण भूमिका खेलेका छन् । यो टुक्काहरूको अझसम्म गहन खोजी र अध्ययन हुन नसकेका कारण यस शोधपत्रमा निम्नलिखित समस्याहरूको केन्द्रमा रहेर शोधकार्य गरिएको छ ।

(क) टुक्काको सैद्धान्तिक परिचय के कस्तो छ र भाषामा यसको महत्व के छ ?

(ख) दैलेख जिल्लामा के कस्ता टुक्काहरू प्रचलित छन् ?

(ग) दैलेख जिल्लामा प्रचलित टुक्काहरूलाई के कति आधारमा वर्गीकरण गर्न सकिन्छ ?

(घ) दैलेख जिल्लामा प्रचलित टुक्काहरूलाई के कति आधारमा विश्लेषण गर्न सकिन्छ ?

## १.५ शोधकार्यको उद्देश्य

यस शोधकार्यको मुख्य उद्देश्य नेपाली भाषा साहित्य र लोकसाहित्यमा महत्वपूर्ण स्थान ओगटेको टुक्काको खोजी गर्नु नै हो । यसका अतिरिक्त दैलेख जिल्लामा प्रचलित टुक्काहरूका बारेमा केन्द्रित रहेर निम्न लिखित उद्देश्य पूर्तिका लागि यो शोधपत्र केन्द्रित रहेको छ

(क) टुक्काको सैद्धान्तिक परिचय र यसको महत्व दर्शाउनु ।

(ख) दैलेख जिल्लामा प्रचलित टुक्काहरूको सङ्कलन गर्नु ।

(ग) दैलेख जिल्लामा प्रचलित टुक्कालाई विभिन्न आधारमा वर्गीकरण गर्नु ।

(घ) दैलेख जिल्लामा प्रचलित टुक्काहरूलाई विभिन्न विषय क्षेत्रका आधारमा विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

दैलेख जिल्लामा प्रचलित टुक्काहरूको सङ्कलन र अध्ययन कार्य उद्देश्यमूलक रूपले हालसम्म कसैबाट पनि भएको पाइँदैन । केही पत्रपत्रिकामा टुक्काहरूको सामान्य चर्चा भए

पनि उद्देश्यमूलक रूपमा क्षेत्रीय स्तरबाट यस्ता कार्य भएको पाइँदैन । प्रस्तुत शोधपत्र नै दैलेख जिल्लामा प्रचलित टुक्काहरूको अध्ययनको पहिलो व्यवस्थित र सङ्गठित कार्य हो । दैलेख जिल्लामा प्रचलित टुक्काहरूको सङ्कलन र वर्गीकरणमा दैलेख बाहेकका क्षेत्रमा प्रचलित टुक्काहरू समेत दैलेखमा प्रचलित रहेको हुनाले टुक्कासम्बन्धी अध्ययन र विश्लेषणका क्रममा ती मुख्य सामग्रीको उपयोग पनि सहयोगी सिद्ध हुने हुनाले यहाँ ती सामग्रीको चर्चा क्रमशः गरिएको छ ।

**(क) पुष्कर शमशेर ज.ब.रा (वि.सं. १९९८)**

"उखान टुक्काको वर्णक्रमानुसारी सूची र वाक्यांश वास्यपद्वति इत्यादि कोष" (वि.सं. १९९८) मा उखान र टुक्काको सङ्कलनसूची दिइएको पाइन्छ । सो कार्यमा उखान र टुक्काबीचको स्पष्ट भिन्नता देखाइएको पाइँदैन । त्यो केवल उखान र टुक्काको सङ्कलन सूची मात्र हो र त्यसमा टुक्काको सैद्धान्तिक रूपमा अध्ययन, वर्गीकरण र विश्लेषण भएको पाइँदैन । तैपनि यस कार्यमा उक्त कोश सहयोगी सिद्ध भएको छ ।

**(ख) गोपाल पाण्डे**

'रचनाकेशर' (वि.सं. २०००) मा टुक्का, वाक्यांश, वाक्यपद्धति भन्दै टुक्काको छोटो चर्चा भएको पाइन्छ । तर त्यसमा पनि उखान र टुक्का बीचको स्पष्ट भिन्नता दिइएको पाइँदैन र सैद्धान्तिक रूपमा चर्चा भएको पनि पाइँदैन । उक्त पुस्तकको पनि यसमा सहयोग लिइएको छ ।

**(ग) बालकृष्ण पोखरेल**

'राष्ट्रभाषा' (वि.सं. २०३२) मा टुक्काको चर्चा गर्दै प्रथम पटक टुक्कालाई एकपदीय र अनेकपदीय भनेर वर्गीकरण गरिएको पाइन्छ तर पनि टुक्काको स्पष्ट सैद्धान्तिक अध्ययन भएको पाइँदैन । उक्त पुस्तक पनि यस कार्यमा सहयोगी सिद्ध भएको छ ।

**(घ) चुडामणि रेग्मी**

'नेपाली टुक्काको अध्ययन' (वि.सं. २०४१) मा करिब दुई हजार दुई सय टुक्काको सङ्कलनसूची दिँदै प्रथमपटक टुक्काको सैद्धान्तिक चर्चा र पूर्वकार्यको विवरण समेत दिइएको पाइन्छ । यस कार्यमा उक्त कृति निकै उपयोगी भएको छ ।

**(ङ) लक्ष्मी पन्थी**

'गुल्मी जिल्लामा प्रचलित टुक्काहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण" (वि.सं. २०५६) नामक शोधपत्रमा टुक्काको परिभाषा वर्गीकरण र विश्लेषणका आधारहरू स्पष्ट पारिएको छ जो यस कार्यमा सहयोगी साबित भएको छ ।

**च) जीवेन्द्रदेव गिरी**

'लोकसाहित्यको अवलोकन' (वि.सं. २०५७) मा लोकसाहित्यका विविध विधाहरूको चर्चा गर्दै सामान्य रूपमा टुक्काको समेत चर्चा भएको पाइन्छ । यस कार्यमा उक्त कृति पनि उपयोगी सिद्ध भएको छ ।

**छ) इन्द्रबहादुर भण्डारी**

'बाग्लुङ जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन' (वि.स. २०५९) शीर्षक शोधपत्रमा पनि टुक्काहरूको वर्गीकरणका आधारहरू उल्लेख गरिएको छ । जो यस कार्यमा सहयोगी सिद्ध भएको छ ।

**ज) योगेन्द्रप्रसाद बजगाई**

'अछाम जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन' (वि.सं. २०६२) शीर्षक शोधपत्रमा स्थानीय भाषिका तथा नेपाली भाषाका उक्त क्षेत्रमा प्रचलित टुक्काहरूको सङ्कलन तथा बर्गीकरण गरिएको छ । जो यस कार्यमा सहयोगी सिद्ध भएको छ । यी कार्यहरूका अतिरिक्त लोकसाहित्यिक पुस्तकहरूमा सामान्य रूपले टुक्काको चर्चा भएको भएपनि यसै जिल्लालाई अध्ययनको क्षेत्र बनाई व्यवस्थित अध्ययन गरिएकोले यस शोधकार्यमा यही अभावलाई पूर्ति गरिएको छ ।

## १.७ शोधपत्रको औचित्य

लोकजीवनमा प्रचलित टुक्काहरूले मान्छेका बोलीव्यवहारमा विशिष्टता ल्याउने काम गर्छन् । भाषामा उक्तिवैचित्य, गम्भीरता, व्यङ्ग्यात्मकता, संगीतात्मकता र प्रभावकारिता ल्याउन टुक्काहरूको प्रयोग भएको हुन्छ । नेपाली साहित्यमा यस्ता टुक्काहरूको प्रशस्तै प्रयोग भएको पाइन्छ । लोकसाहित्यमा विशेष महत्व राख्ने टुक्काहरूको राष्ट्रिय स्तरमा र क्षेत्रीय स्तरमा अगाडि ल्याउनु आवश्यक छ । नेपालको विभिन्न भौगोलिक क्षेत्रमा प्रचलित टुक्काहरूको अध्ययन तथा विश्लेषण गरी यसलाई प्रकाशमा ल्याउनु आवश्यक छ नत्र भने यो त्यसै लोप भएर जान सक्छ । अतः नेपाली लोकसाहित्यका क्षेत्रमा अहम् भूमिका खेल्ने यी टुक्काहरूको अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको औचित्य रहेको छ । प्रस्तुत शोधकार्य

लोकसाहित्यको क्षेत्रमा अध्ययन, अनुसन्धान र विश्लेषण गर्न चाहने व्यक्तित्वका लागि उपयोगी र सहयोगी हुने कुरामा विश्वास गरिएको छ ।

## १.८ शोधकार्यको क्षेत्र र सीमा

यस शोधकार्यको क्षेत्र र सीमाङ्कन निम्न अनुसार रहेको छ :

(क) यस शोधकर्मामा भेरी अञ्चलको दैलेख जिल्लाका प्रमुख स्थलहरू जस्तै : दुल्लु, वडलम्जी, डाँडीमाडी, गमौडी, छिउडीपुसाकोट, गौरी, तोरयाहाँ, चुप्रा, दैलेखबजार, डुङ्गेश्वर (माथिल्लो/ तल्लो), रावतकोट जस्ता स्थानहरू रहेको भए तापनि विशेष रूपमा दुल्लु क्षेत्रलाई लिइएको छ ।

(ख) दैलेख जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन गर्दा नेपाली भाषाको र यसको स्थानीय दैलेखी भाषिकामा प्रचलित टुक्काहरूको मात्र अध्ययन गरिएको छ ।

(ग) सङ्कलित टुक्काहरू दैलेख जिल्लामा बोलिने नेपाली भाषिकामा नै रहेका छन् र वर्गीकरण, व्याख्या र विश्लेषण मुख्यतया विभिन्न विषयक्षेत्रका आधारमा गरिएको छ । साथै यहाँको जनजीवन र रहनसहनलाई समेत आधार बनाइएको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तुत शोधकार्य गर्दा सामग्री सङ्कलन, वर्गीकरण र विष्लेषण निम्न पद्धति अनुसार गरिएको छ ।

(क) **क्षेत्रीय अध्ययन पद्धति** : यस अध्ययन पद्धति अनुसार दैलेख जिल्लाका निर्धारित प्रमुख स्थलहरूमा पुगेर विभिन्न तह र तप्काका मानिसहरूको बोलीचालीका क्रममा प्रयोग गरिने टुक्काहरूलाई स्थलगत रूपमा सङ्कलन गरिएको छ साथै बुद्धिजीवी र समाजसेवीसँग प्रश्नावली तथा मौखिक अन्तर्वाता विधिको समेत प्रयोग गरिएको छ ।

(ख) **पुस्तकालयीय विधि (पद्धति)** : यस पद्धतिको प्रयोग गरी संकलित सामाग्रीहरूलाई सैद्धान्तिक रूपले पुस्तकालयहरूमा सङ्कलित लोकसाहित्यसँग सम्बन्धित आवश्यक सामग्रीको प्रयोग गरेर सङ्कलित टुक्काहरूको सैद्धान्तिक र व्यवहारिक रूपले वर्गीकरण र विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र संगठित रूपमा सम्पन्न गर्नका लागि जम्मा पाँच परिच्छेदमा विभाजन गरिएको छ । यस क्रममा आवश्यकता अनुरूप मूल शीर्षकलाई विभिन्न

उपशीर्षकहरूसमेत राखेर शोधपत्र तयार पारिएको छ । शोधपत्रमा व्यवस्थित गरिने परिच्छेद विभाजन निम्न अनुसार रहेका छन्

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोधपरिचय |
| परिच्छेद दुई | : | दैलेख जिल्लाको संङ्क्षिप्त परिचय |
| परिच्छेद तीन | : | टुक्काको सैद्धान्तिक अध्ययन |
| परिच्छेद चार | : | दैलेख जिल्लामा प्रचलित टुक्काहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण |
| परिच्छेद पाँच | : | उपसंहार |

शोधपत्रको अन्त्यमा प्रस्स्तुत शोधपत्र तयारीका क्रममा उपयोग गरिएका विभिन्न पुस्तकहरू र पत्रपत्रिकाहरूको सूची राखिएको छ ।

# परिच्छेद : दुई
# दैलेख जिल्लाको सङ्क्षिप्त परिचय

## २.१ नामकरण

दैलेख जिल्लाको नामकरणको सम्बन्धमा विभिन्न किसिमका मतहरू देखिएका छन् । यो जिल्लाको नाम दैलेख कसरी रहन गयो भन्ने सम्बन्धमा विविध खाले मतमतान्तरहरू सतहमा आएका छन्, जसलाई निम्न अनुसार देखाउन सकिन्छ :

- पौराणिक कालमा यस स्थानमा दधिची नामक महर्षिले तपस्या गरी बसेको हुनाले उनकै नाउँबाट दधिची लेक र कालान्तरमा अपभ्रंश भई दैलेख रहन गएको भन्ने किवदन्ती पाइन्छ ।
- यो क्षेत्र देवताहरूको निवास्थान भएकाले देवलोकबाट दैलेख हुन गएको हो भन्ने मत पनि पाइन्छ ।
- यहाँका लेकहरूमा प्रशस्त मात्रामा पशुपालन गरिने र प्रशस्त मात्रामा दही, दुध उत्पादन हुने भएको हुनाले यही दही बढी उत्पादन हुने लेक 'दहीलेक' बाट अपंभ्रश भई दैलेख हुन गएको हो भन्ने किंवदन्ती पनि प्रचलित छ । [१]

## २.२ ऐतिहासिक पृष्ठभूमि

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गतको भेरी अञ्चलमा पर्ने दैलेख जिल्ला प्राकृतिक सुन्दरताको अनुपम संगम भएको एक पहाडी जिल्ला हो । भेरी अञ्चलका पाँच जिल्ला मध्ये क्षेत्रफलका हिसावले यो जिल्ला सबैभन्दा सानो छ । महाभारत शृङ्खलाको उत्तरी भेगमा अवस्थित यो जिल्ला प्राकृतिक सुन्दरताले भरिएको छ । धार्मिक सांस्कृतिक, लोकसाहित्यिक, पुरातात्विक तथा पर्यटकीय गरिमाद्वारा सुशोभित यो जिल्ला अत्यन्तै रमणीय र सुन्दर छ । दैलेख दूरीका दृष्टिले सुर्खेतको वीरेन्द्रनगरबाट १५ कोस अथवा ६६ कि.मी. र राजधानी काठमाडौबाट ६६७ कि.मी. टाढा रहेको छ ।

पौराणिक कालदेखि नै दैलेख जिल्ला पञ्चकोशी तीर्थस्थलको रूपमा प्रख्यात भएकाले यो जिल्लाको पौराणिक महत्व पनि उत्तिकै छ । यस क्षेत्रका विभिन्न धार्मिक स्थानहरूमा

---

१. ईन्द्रप्रसाद शर्मा (६५ वर्षीय स्थानीय वृद्धबाट प्राप्त जानकारी) ।

प्रज्वलित ज्वालाहरूले आफ्नै किसिमको महत्व बोकेका छन् । यी ज्वालाहरू १२ सय वर्ष अघिदेखि जल्दै आएको अनुमान गरिन्छ । यस जिल्लामा रहेका पञ्चकोशी तीर्थस्थलको उत्पत्ति कथालाई किराँतेश्वर महादेवसँग जोडिएको छ । महादेव हिमालको उत्तर खण्डमा धेरै वर्षसम्म ब्रह्मयोगमा समाधिस्थ भएको समयमा दानवहरूको त्रिलोक विजयबाट भयभित इन्द्रले देवसभा गरेर सृष्टिकर्ता शिवको समाधि भंग गरी जगाउन पठाएका मकरध्वज नामक मन्थम, कामदेव, पुष्यित, बसन्त र गन्धर्वका उत्तेजक गीत, नृत्यजस्ता गतिविधिले शिवको समाधि भंग भई मन मुग्ध भएर आँखाबाट प्रज्वलित ज्वालाद्वारा कामदेव भष्म भई हाहाकार मच्चियो । हिम टाकुरा समेत व्याकुल भए तर पनि ज्वाला शान्त भएनन् । शिवले समाधि भंग गरी हेर्दा कामदेव भष्म भएको देखेर पश्चाताप गर्दै आफ्ना आँखाबाट प्रकट भएका ती सम्पूर्ण ज्वालाहरू बटुलेर फाल्दा हिमालका दक्षिण दुर्लभ पर्वतमा परेर अनेक प्रकाश ज्वालाहरू उत्पन्न भएको कुरा वैश्वानर पुराणमा वर्णन गरिएको छ । ती ज्वालाहरू दैलेख जिल्लाका प्रसिद्ध धार्मिक स्थलहरू शिरस्थान, पादुका र नाभिस्थानमा परेकोले सबै देवीदेवता त्यहीँ आएर बस्न थालेको कुरा पनि वैश्वानर पुराणमा वर्णित छ । [२]

दैलेख जिल्ला धार्मिक दृष्टिले निकै महत्वपूर्ण तथा पवित्र जिल्ला हो । यहाँका पञ्चकोशी तीर्थका कारण यसलाई तपोभूमि तथा देवभूमिका रूपमा लिइन्छ । उत्तरकालीन पुराण अनुसार दुर्लभ दुर्लङ्घ्यनगर ज्वाला पहाडमा सूर्य उत्तरायण भएको बेला स्वर्गबाट तेत्तीसकोटी देवता, यक्ष, गन्धर्व, किन्नर सबै आएर यस ब्रह्म तीर्थमा पूजा गर्थे ।

यसै गरी यहाँ अर्को किंवदन्ती पनि प्रचलित छ । महाभारतकालीन राजा विराटको राजधानी दैलेखको दुल्लुमा रहेको धर्मराज युधिष्टिरको धर्मगद्धी पनि यही ठाउँमा भएको र पाँच पाण्डवले गुप्तवास वस्दा दैलेखलाई निवास्थान बनाएको र त्यसै बखतमा गमौडीमा सात खम्ब (स्तम्भ), दुल्लुमा पाथरनाउली, नारायण नगरपालिका भुर्तीमा देवलहरू, बडलम्जीमा देवल, खरिगैरा भीमसेन लौरी, रावतकोटमा पञ्च देवल, डाडीमाडीमा बाह्रखम्बा र जाहरकोटस्थित कोटथाप्लाका देवलहरू पाँच पाण्डवहरूबाट नै तत्कालीन समयमा निर्माण गरिएको चर्चा पाइन्छ । जसलाई हामी आजपनि प्रत्यक्ष्य अवलोकन गर्न सक्छौं । यसका साथै दैलेख जिल्लाका विभिन्न स्थान, खेत, खोला, सडक जस्ता स्थानमा प्रशस्त मात्रामा देवल, शिलालेख, पानी धारा, नाउला खम्बा जस्ता प्राचीन वस्तुहरू प्रशस्तै देख्न सकिन्छ ।

२. भक्तबहादुर थापा, 'नारायण नगरपालिका सेरोफेरोका दशैंतिहारका लोकगीत' (अ.प्र. स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०६१), पृष्ठ ६ ।

दैलेख जिल्लाको ऐतिहासिक (राजनीतिक) पृष्ठभूमिलाई हेर्दा यो पूर्व-मध्यकालमा सिंजाली खस मल्लहरूको विराट कर्णाली प्रदेश र सिंजा साम्राज्यअन्तर्गत रहेको भूमि पन्ध्रौ शताब्दीको उत्तर मध्यकालतिर आइपुगेपछि सिंजा साम्राज्यको पतन भई जन्मेको बाइसे राज्य मध्ये दुईवटा राज्य बेलासपुर र दुल्लुमा बाँडिएको थियो । यसको सीमाना पूर्वमा जाजरकोट, बाँके, बर्दियासम्म फैलिएको थियो ।[३] दुवै राज्यमध्ये रास्कोटी राजा मलयबम्मका सन्तान मध्येका सुमेरू बम्मले दुल्लुमा र संसारी बम्मले बेलासपुरमा राज्य स्थापना गरेका थिए । पछि गएर बहादुर शाहका सेनाले वि.सं. १८४६ मा बेलासपुर राज्यमा आक्रमण गरी त्यसको अस्तित्व समाप्त पारे भने दुल्लु राज्यले गोर्खाको अधिपत्य स्वीकार गरयो । त्यसबेला दुल्लुमा उत्तम शाहीले शासन गर्दथे । यसपछि अमरसिंह थापा र उत्तम शाही कुमाउसम्म पुगेका थिए भन्ने भनाइ त्यहाँका स्थानीय बुढापाकाबाट सुन्न पाइन्छ । यसैगरी नेपालमा राजारजौटा ऐन २०१७ लागु भएको थियो ।

यसरी नेपालको इतिहासमा दैलेख जिल्लाले आफ्नो छुट्टै ऐतिहासिक महत्व रहेको छ । हालको नेपालको नक्सा अनुसार दुल्लु र दैलेख दुई भेग मिलाएर वर्तमानको दैलेख जिल्ला बनेको छ । नेपाली भाषाकै हालसम्मको सर्वप्राचीन भनिने अभिलेखका रूपमा सम्बत् १०३८ शाके ९०२ को राजा दामुपालको दुल्लु कीर्ति स्तम्भ स्थित शिलालेख ताम्रपत्र, भोजपत्रहरूका कारण यो जिल्ला लिखित भाषाको विकासतर्फ पनि अग्रस्थानमा रहेको स्पष्ट हुन्छ ।

## २.३ भौगोलिक स्थिति

विविध प्राकृतिक, धार्मिक र ऐतिहासिक महत्वले भरिपूर्ण दैलेख जिल्लाको भौगोलिक अवस्थाको प्रसंग उल्लेख गर्दा वि.सं. २०१८ सालमा नेपाललाई ७५ वटा जिल्लामा विभाजन गरिएको थियो र सो विभाजनको क्रमलाई हेर्दा दैलेख जिल्ला ६८ औ स्थानमा पर्छ । भेरी अञ्चलका पाँचवटा जिल्ला मध्ये क्षेत्रफलका दृष्टिकोणले सबभन्दा सानो जिल्ला दैलेख हो जुन राजधानी काठमाडौबाट ६६७ कि.मी. र बीरेन्द्रनगर सुर्खेत बाट दैलेख सदरमुकाम ६७ कि.मी. टाढा रहेको छ ।

यस जिल्लाको भौगोलिक अवस्थालाई सङ्क्षिप्त रूपमा यसप्रकार उल्लेख गर्न सकिन्छ ।

| | | |
|---|---|---|
| आक्षांश | : | २८°३५" देखि २९°८" उत्तर |
| देशान्तर | : | ८१°२५" देखि ८१°५३" पूर्व |
| क्षेत्रफल | : | १,५०५ वर्ग कि.मी. (१५००५१ हे.) |

३. भक्तबहादुर थापा, पूर्ववत्, पृ. ६ ।

**सिमाना**

| | | |
|---|---|---|
| पूर्व | : | जाजरकोट |
| पश्चिम | : | अछाम |
| उत्तर | : | कालीकोट |
| दक्षिण | : | सुर्खेत |
| उचाई | : | (समुन्द्र सतहदेखि) १४४८ मी. (दैलेख बजार) |
| औसत उचाई | : | ४१६८ मी. (महाबुलेक) |
| निम्नतम उचाई | : | ५४४ मी (तल्लो डुङ्श्वर) [४] |

## २.४ भूउपयोग तथा कृषि उत्पादन क्षेत्र

पहाडी भू बनोटको जिल्ला दैलेखका प्रमुख बालीहरूमा धान, मकै, कोदो, जौ, गहुँ, भटमास, मुसुरो, केराऊ तथा फलफूल र तरकारी पर्दछन् । यी मध्य पनि यहाँको प्रमुख बाली मकै नै हो । यस जिल्लाको क्षेत्र नं. २ अन्तर्गतको दुल्लु क्षेत्र र यसको आसपासका क्षेत्रहरू फलफूल खेतीका लागि उपयुक्त मानिएका छन् । यस जिल्लाको भू-उपयोग तथा कृषि उत्पादन क्षेत्रलाई निम्नअनुसार छोटकरीमा उल्लेख गर्न सकिन्छ ।

### २.४.१ भू-उपयोग

| | | |
|---|---|---|
| कुल क्षेत्रफल | : | १५००५० हे . (१५०५ वर्ग कि.मी.) |
| वन जङ्गल | : | ८९८९९ हे. (५९.९१५) |
| चरन क्षेत्र | : | ३६९८ हे. |
| चट्टान, बाटो, आवास | : | १३३३३ हे. (८.८९५) |
| कृषि योग्य भूमि | : | ४३१२१ हे. (२८.७४५) |
| खेती नगरिएको भूमि | : | ८६२४ हे. |
| वर्ष भरी सिंचाइ हुने | : | २२४८ हे. (६.५१५) |
| मौसमी सिंचाइ हुने | : | ७००९ हे. (१९.४४५) |
| असिँचित क्षेत्रफल | : | २५५४१ हे. (७४.०४५) |
| कुल खाद्यान्न उत्पादन | : | ४६०८४.०४ मे. टन |
| कुल आवश्यक खाद्यान्न | : | ४६७२८.२२ मे. टन |
| कुल अपुग हुने खाद्यान्न | : | २६४४.१८ मे. टन [५] |

४. जिल्ला विकास योजना बुलेटिन (जि.वि.स. दैलेख, आ.व. २०६७/०६८) पृ. १ ।
५. ऐजन्, पृ. २ ।

### २.४.२ कृषि उत्पादन हुने क्षेत्र

प्राकृतिक सौन्दर्यले भरिपूर्ण दैलेख जिल्लामा खाद्यान्न र नगदे बाली अन्तर्गत उत्पादन हुने बालीहरूका लागि प्रसिद्ध स्थानलाई निम्नअनुसार उल्लेख गर्न सकिन्छ :

क) तरकारी तथा फलफूल उत्पादनका लागि प्रसिद्ध क्षेत्रहरू डुङ्गेश्वर डाँडापराजुल, अवलपराजुल, वेल्पाटा, लाँकुरी, कालभैरव, मालिका, गौरी, गमौडी, नारायण नगरपालिका, गोगनपानी, पिलाडी, कुशापानी, गुराँसे, रानीमत्ता, चामुण्डा, विशाला, रानीवन, दुल्लु, छिउडी, पादुका, नेपा र गौरी ।

ख) खाद्यान्न बालीका लागि प्रसिद्ध क्षेत्रहरू अवलपराजुल, डाँडापराजुल, रिठा, बाँसी, नारायण, नगरपालिका, भवानी, सेरी, काँसीकाँध, रानीवन, भैरीकालिकाथुम, लयाँटीविन्द्रासैनी, नाउलेकटुवाल गाउँ, बराह, लकान्द्र, तोलीजैसी, रावतकोट, कट्टी, रूम, बेल्पाटा, चामुण्डा र विशाला ।

यसका साथै यस जिल्लाका धान उत्पादनका लागि प्रसिद्ध क्षेत्रहरूमा नौमुले, रिठा, ताराघाट, डुङ्गेश्वर, बाँसी, नेपा, साताला, चामुण्डा, पादुका, राकम कर्णाली र तोलीजैसी हुन् ।[६]

## २.५ जलवायु र हावापानी

जलवायु तथा हावापानीका दृष्टिले दैलेख जिल्ला विविधताले भरिपूर्ण जिल्ला हो । यहाँको भौगोलिक धरातलको बनावटका कारण यहाँ महाभारत पर्वत शृङ्खलाको भिरालो पहाड सहित समशीतोष्णदेखि शितोष्ण किसिमको जलवायु पाइन्छ । यस जिल्लामा पहाडै पहाड भएकाले हिउँदको समयमा केही उच्च पहाडहरूमा हिउँ पनि पर्ने गर्दछ । यहाँ गृष्म ऋतुमा मनसुनी वर्षा पनि हुने गर्दछ । यहाँको भू-बनोटका आधारमा निम्न किसिमको जलवायु पाइन्छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| (क) | उपोष्ण | – | ५४४ | – | १२०० मिटर |
| (ख) | समशीतोष्ण | – | १२०० | – | १८०० मिटर |
| (ग) | शीतोष्ण | – | १८०० | – | २३०० मिटर |
| (घ) | ठन्डा लेकाली | – | २३०० मिटर माथिका भू–भाग | | |
| (ङ) | औसत न्यूनतम | – | १७०० मि.मि. [७] | | |

६. जिल्ला विकास योजना बुलेटिन, पूर्ववत्, पृ २ ।

७. ऐजन्, पृ १ ।

२.५.१. तापक्रम :

| | | | |
|---|---|---|---|
| क) | औसत अधिकतम | : | ३४° से. |
| ख) | औषत न्यूनतम | : | ५° से [८] |

२.५.२ धरातल :

| | | | |
|---|---|---|---|
| क) | पहाडी | : | ८० ५ |
| ख) | उच्च पहाडी | : | २०५ [९] |

२.५.३. आर्थिक अवस्था :

| | | | |
|---|---|---|---|
| क) | कृषि पेशा | : | ९२५ |
| ख) | ज्याला मजदुरी | : | ६५ |
| ग) | व्यापार र नोकरी | : | २५ |
| घ) | औसत वार्षिक आम्दानी | : | रू ३५५२/- [१०] |

## २.६ धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल

यो जिल्ला देवभूमि, तपोभूमि र ज्वालामूमि भएकाले यहाँका विभिन्न जातजातिहरूले देवी, देवता, धर्म, कर्म धामी, झाक्री र डाइनीप्रति सकारात्मक विश्वास राख्दछन् । मष्टा, भैरव, महावैजनाथ, महाकाल, बराह, एक्लसल्लो, कुलायन शिवनारायण, शिव, पार्वती, गणेश, देउती र लक्ष्मी जस्ता देवीदेवताको पूजा गर्दछन् । यहाँका प्रमुख धार्मिक तथा ऐतिहासिक स्थलहरू निम्न अनुसार छन् : कोटिला, नामिस्थान, श्रीस्वथान, पादुका, धुलेश्वर, जसलाई पञ्चकोशी पनि भनिन्छ । श्रीस्थान, नामिस्थान र पादुकामा परापूर्व कालदेखि ज्वालाजी प्रज्वलित छन् । वेलासपुर, नारायण डुङ्गेश्वर चामुण्डादेवी, वज्रभैरव, गणेश, कालिका, भवानी, भैरवी विन्द्रासैनी, छडदेवी, मालिकादेवी, वुकीमाई आदि यस जिल्लाका मुख्य मन्दिरहरू हुन् ।

दैलेखका प्रमुख पर्यटकीय स्थलहरूमा महाबुगाथ, सातखम्ब, दुल्लु, कीतिखम्ब, धाउखानी गुफा, लाली काँडा गुफा, धौलापडा गुफा, दुल्लुको पौवा, भैरवकुण्ड, द्वारीको झरना, ठुली छहारी (तोलीजैसी) घोडाताल, विसल्ला, धर्मगढी कुइकाना देवल, लकान्द्रा बाघढुङ्गाा, भीम पाइला, जाहरकोट राइली वडभैरव शिखर, पञ्चदेवल, कोतगढी, दुई खम्ब, बागवानी, पाथरनाउली, विन्द्रासैनी, कालिकादेवी घोडा दाउनी आदि पर्छन् । [११]

८. जिल्ला विकास योजना बुलेटिन, पूर्ववत्, पृ १ ।
९. ऐजन् ।

१०. ऐजन्, पृ. २ ।
११. दैलेख जिल्ला : सङ्क्षिप्त परिचय– ब्रोसर (जिल्ला तथ्याङ्क कार्यालय, सुर्खेत) ।

## २.७ भाषा

दैलेख जिल्लामा नेपाली भाषाको पूर्वेली भाषिकामा पर्ने खसानी उपभाषिका बोलिन्छ । यसका साथै यहाँ बोलिने भाषाहरूको स्थिति निम्न अनुसार छ नेपाली (९८.९८५) गुरूङ्ग/मगर (०.४६५) र अन्य (०.५६५) [१२]

## २.८ संस्कृति

जसरी नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक विविधता भएको राष्ट्रको रूपमा चिनिए झैँ गरी यो जिल्ला पनि बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक परम्परा बोकेको जिल्ला हो । यस जिल्लामा जातजाति तथा धर्म अनुसारका सांस्कृतिक परम्पराहरू छन् । जसलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ ।

### २.८.१ जन्मसंस्कार

बालकालिका जन्मदा छोरा भए ११ दिन र छोरी भए नौ दिन सुत्केरी बार्ने गरिन्छ । सुत्केरीलाई भान्सा तथा खाने चिजवस्तुहरूमा लसपस गर्न दिईदैन । सुत्केरो लागेको अवस्थामा समाजमा शुभकार्य, विवाह, व्रतबन्ध, पूजापाठ र गृहप्रवेश कार्यमा समेत बन्देज गरिन्छ । बालक जन्मेको राति भाइरात भनेर धमारी खेल्ने चलन छ । जन्मसंस्कारकै अर्को प्रचलन यस्तो छ बालक जन्मेको छैटौं दिनमा छैटी, दशौ दिनमा दुबो र पाती तथा फूलमाला बनाई दुबारो लगाइन्छ । पास्नी पनि तिथि, बार र नक्षत्र मिलाइ गरिन्छ । यी सबै संस्कार गर्दा पूज्य पुरोहित र ज्योतिषको सल्लाह बमोजिम गरिन्छ । बालकको पहिलो केश काट्नुलाई चुडाकर्म भनिन्छ । अचेल यसलाई व्रतबन्धसँगै गर्ने गरिएको छ । चुडाकर्म गर्दा मागल गाउने, काटेको केश दिदी बहिनीलाई टिप्न लगाउने र केश काट्दा मामाले केश काट्ने चलन रहेको छ । यो चलन प्राय तागाधारीमा मात्र हुन्छ । ब्रतबन्ध पछि मात्र आमा-बुबा, दाजु-भाउज्यू, अन्य विवाहित सदस्य सँगै बसेर पवित्र भान्सामा खानाखाने प्रचलन रहेको छ ।

### २.८.२ विवाह

यस जिल्लामा विभिन्न जातजातिको आफ्नौ संस्कृति अनुसार विवाह गर्ने गरिन्छ । मागी विवाह, प्रेम विवाह, बालविवाह, अनमेल विवाह र बहुविवाह, अर्काकी स्वास्नी भगाएर गर्ने विवाह आदि हुन् । कानुन बमोजिम विवाहका लागि केटी र केटाको उमेर निश्चित तोके पनि चेतनाको कमीले गर्दा धेरै जसो केटाकेटीहरूको १४-१५ वर्षकै उमेरदेखि विवाह हुन्छ ।

१२. दैलेख जिल्ला : सङ्क्षिप्त परिचय– ब्रोसर, पूर्ववत् ।

## २.८.३ मृत्युसंस्कार

दैलेख जिल्लामा मृत्यु संस्कारमा पनि आ-आफ्नै किसिमको चलन छ । यहाँ विभिन्न जातजाति अनुसार मृत्यु संस्कार गरिन्छ । मानिसको मृत्यु हुँदा श्मशान घाटमा पुऱ्याएँदा शंख बजाउने पञ्चेबाजा बजाएर लैजाने प्रचलन पनि छ । मृतकको घरबाट लास उठाउँदा मृतात्माले अर्को जुनिमा पाउने धारणा राखी पिण्ड प्रदान गरिन्छ । पिण्ड प्रदान गर्दा गृहस्थान, (घरमा), विश्रामस्थान (बाटोमा) र घाटमा वैदिक नियमानुसार किरिया पुत्रीले मृतात्माको लागि पिण्ड अर्पण गर्छन् । यसरी घाटमा लास लगी बेलुका घर फर्की पुरोहित, किरियापुत्री र कोही शोकाकूल परिवारका सदस्यले कुनै चोखो ठाउँमा शुमेरू उठाई दोस्रो दिन देखि पुन : पिण्ड प्रदान गर्दै दशौ दिनमा शुमेरू फोड्ने र एघारौं दिनमा विधिपूर्वक श्रद्धाञ्जली दिने गरिन्छ जसलाई पिपलपानी दिने भनिन्छ । बाह्रौँ दिनमा सपिण्डी भित्रका भाइहरूले बाधा फुकाई देह शुद्ध गर्ने गरिन्छ । एघारौं दिनको श्रद्धाञ्जली मृतात्मा प्रतिको विशेष श्रद्धा मानिन्छ ।

## २.९ शैक्षिक अवस्था

नेपाली भाषाको उत्पत्तिको आदि थलोका रूपमा चिनिएता पनि देशका अन्य क्षेत्रका तुलनामा दैलेख जिल्ला शिक्षाको विकासमा पछाडि नै छ । मानिसको सर्वाङ्गीण विकासमा शिक्षाको अहम् भूमिका हुने भएकाले वर्तमान समयमा दैलेख जिल्लामा पनि शैक्षिक गतिविधिहरू बढ्दै गएका छन् । शिक्षाको क्षेत्रमा दैलेख जिल्लाका तथ्याङ्कहरू निम्न अनुसार देखाउन सकिन्छ

| | |
|---|---|
| प्रा.वि. सङ्ख्या | : ३४० वटा |
| नि.मा.वि. सङ्ख्या | : १०६ वटा |
| मा.वि. सङ्ख्या | : ७१ वटा |
| उ.मा.वि. सङ्ख्या | : २९ वटा |
| आवशीय (बोर्डिङ) स्कूल | : ३ वटा |
| क्याम्पस सङ्ख्या | : २ वटा |
| साक्षरता | : ५१.९५ |
| पहिला साक्षरता | : ४४.५२५ |
| पुरूष साक्षरता | : ५९.७१५ |
| बाल विकास केन्द्र | : १६९ वटा [१३] |

१३. जिल्ला विकास योजना बुलेटिन (जि.वि.स दैलेख, २०६७/०६८) पृ. ४ ।

## २.१० स्वास्थ्य

गरिबी र अभावले ग्रस्त नेपाली समाजमा विशेषज्ञ चिकित्सकको उपचार प्राप्त गर्नु सर्वसाधारणका लागि सहज छैन । देशका केही विकसित तथा आधुनिक सुविधा सम्पन्न भएका स्थानहरूकमा दक्ष्य चिकित्सकको उपचार प्राप्त गर्न सहज भए तापनि दैलेख जस्तो पहाडी जिल्लामा यसको अभाव खट्किएको पाइन्छ । यस क्षेत्रमा यो जिल्लाले गरेका प्रयासलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

| | | |
|---|---|---|
| जिल्ला अस्पताल | : | १ (१५ शैया) |
| प्राथमिक स्वास्थ्य केन्द्र | : | १ (३ शैया) |
| स्वास्थ्य चौकी | : | ६ |
| उपस्वास्थ्य चौकी | : | ५० |
| आँखा उपचार केन्द्र | : | १ |
| आयुर्वेद अस्पताल | : | २ |
| जन्मदर | : | ३४.३६ प्रतिहजार |
| मृत्युदर | : | १०.० प्रतिहजार |
| शिशु मृत्युदर | : | ६४.० प्रतिहजार |
| मातृ मृत्युदर | : | ४.१५ प्रतिहजार |
| औसत आयु | : | ६१.९ वर्ष |
| डाक्टर जनसङ्ख्या अनुपात | : | १.१२५५९६ [१४] |

## २.११ यातायात

जसरी मानव शरीरमा रक्तबाहिनी शिराले शरीरका विभिन्न अङ्गहरूलाई सु-सञ्चालित गर्दछन् ठीक त्यसै गरी कुनै पनि राष्ट्रको समानुपातिक विकासमा यातायातले महत्वपूर्ण स्थान ओगटेको हुन्छ। दैलेख जिल्ला एक पहाडी जिल्ला भएका कारण यहाँ यातायतको सहज पहुँच छैन। केही समय अगाडिको तुलनामा हाल दैलेखको यातायातको क्षेत्रमा केही विकास भएको पाइन्छ। पहिला यहाँका जनताहरू आफूलाई आवश्यक पर्ने सामग्री खरिद बिक्री गर्न कैलाली जिल्लाको चिसापानी, कटाँशे, बर्दियाको राजापुर र बाँकेको नेपालगन्जसम्म पुग्नु पर्ने

१४. जिल्ला विकास योजना बुलेटिन, पूर्ववत्, पृ. ४ ।

बाध्यता थियो तर अहिले आएर यातायातका साधनहरूको आवतजावतले गर्दा यहाँका जनतालाई सुविधा भएको छ । हाल आएर यहाँका जनताहरू मोटर चढेर देशका विभिन्न भागसम्म सजिलै आवतजावत गर्न सक्छन् । यस जिल्लाको पश्चिमी भागमा निर्मित कर्णाली राजमार्गले यो जिल्लालाई जुम्ला, कालिकोट लगायतका दुर्गम जिल्लाका साथै देशका अन्य भागसम्म जोड्ने काम गरेको छ । कर्णाली राजमार्गले दैलेख जिल्लाका खड्काबाडा, नाउलेकटुवाल गाउँ, नेपा, पादुका, लयाँटीविन्द्रासैनी, साताला, सिँगौडी, राकम र टुनीबगरका वासिन्दालाई प्रत्यक्ष लाभ पुऱ्याएको छ । हाल यस जिल्लाका हरेक गा.वि.स., तथा नगरपालिकामा पक्की तथा कच्ची सडक निर्माणको काम तीब्र गतिमा चलेको पाइन्छ । यसका साथै नेपाल सरकारद्वारा प्रस्तावित मध्यपहाडी लोकमार्गको निर्माण कार्य पनि युद्धस्तरमा अघि बढेको देख्न सकिन्छ ।

## २.१२ जनसङ्ख्या

दैलेख जिल्लाको जनसङ्ख्यालाई निम्न अनुसार देखाउन सकिन्छ

| | **२०५८** | **२०६८ (अनुमानित)** |
|---|---|---|
| कुल जनसङ्ख्या : | २,२५,२०१ | २,७१,४१६ |
| महिला : | १,१५,०७६ | १,३६,६९४ |
| पुरूष : | १,१०,१२५ | १,३४,७२२ |
| घरधुरी सङ्ख्या : | ४१,१४० | ४९,६४७ |
| औषत परिवार सङ्ख्या : | ५.४७ | ५.४७ |
| जनघनत्व : | १५० वर्ग कि.मीी | १८१ वर्ग कि.मी |
| वार्षिक जनसङ्ख्या वृद्धिदर : | १.८४५ | २.२५ [१५] |

## २.१३ प्रमुख व्यापारिक स्थलहरू

हालका वर्षहरूमा यातायतको पहुँचका कारण दैलेख जिल्लामा व्यापारिक चहलपहल पनि बढ्दै गएको छ । दैलेखका प्रमुख व्यापारिक स्थलहरूमा दैलेख बजार, चुप्रा, नौमुले तल्लो डुङ्ेश्वर, माथिल्लो डुङ्ेश्वर, बेस्तडा, सेर्माकोट, लोहेरे तालपोखरी, डाँडीमाडी, दुल्लु, भिरखेत, टुनिबगर, राकम, जम्मुकाँध, लकान्द्रा, रामघाट, हाडाकोट, छान्ना, अवलपराजुल, धरम पोखरा,, गुराँसे, बैक, मालिका खम्बगाडे आदि हुन् ।

१५. दैलेख जिल्ला : सङ्क्षिप्त परिचय (शाखा तथ्याङ्क कार्यालय, सुर्खेत ब्रोसर २०६८, वैशाख)।

## २.१४ प्रमुख जातजाति, भाषा, धर्म र चाडपर्व

विविधताले भरिएको दैलेख जिल्लाका प्रमुख जातजाति, भाषा, धर्म र चाडपर्वलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

क) जातजातिः क्षेत्री (३४.८५), कामी (१५.३३५), ठकुरी (१४५), ब्राहमण (१२५), मगर (९.८७५), दमाई (४.४५५), सार्की (२.७५५), सन्यासी (१.६१५), सुनार (१.५८५), गुरूङ्ग ( १.४३ %) आादि ।

(ख) भाषा : नेपाली (९८.९८५), गुरूङ्ग (१.४३५), आदि ।

ग) धर्म : हिन्दु (९८.३२५), बौद्ध (१.४५५), इस्लाम (०.०८५), अन्य (०.१५५)

घ) प्रमुख चाडपर्व : दशैं, तिहार, माघे सङ्क्रान्ती,चैतेदशैं, जनैपूर्णिमा, गाईजात्रा, रोपाइ जात्रा, कृष्णाष्टमी, फागुपूर्णिमा, शिवरात्री, इद र क्रिस्मस आदि । [१६]

## २.१५ राजनीतिक विभाजन

| | | |
|---|---|---|
| विकासक्षेत्र | : | मध्यपश्चिमाञ्चल |
| अञ्चल | : | भेरी |
| सदरमुकाम | : | दैलेख बजार |
| निर्वाचन क्षेत्र | : | २ |
| गा.वि.स. | : | ५५ |
| नगरपालिका | : | १ |
| इलाका | : | ११ |

## २.१६ प्राकृतिक स्रोत

दैलेख जिल्ला विभिन्न किसिमका प्राकृतिक स्रोतहरूले भरिएको जिल्ला हो । यहाँ पाइने प्रमुख प्राकृतिक स्रोतहरू यस प्रकार प्रस्तुत गरिएको छ ।

क) नदी र खोलानाला : कर्णाली, रामगाड, छामगाड, लोहोरे, ताराघाट, तामे, द्वारी, कट्टी, पराजुलखोला, सानाखोला, नामिस्थान, पादुका, कानेगाड, चिनेगाड, र रतिखोला आदि ।

ख) खनिज पदार्थ : प्राकृतिक ग्याँस, फलाम, खरी, चुनढुङ्गा, स्लेट, तामा, अभ्रक, काइनाइट, गोमेद, गन्धक, पेट्रोलियम आदि ।

ग) जडीबुटी : दालचिनी, झ्याउ, पदमचाल्नो, कुट्की, सतुवा, घोडटाप्रे, कुरिलो, मुङ्गिलो, रिट्ठा, असुरो, तितेपाती, कुकुरडाइनो, जटामसी, समायो, पाखनवेत, गुर्जो आदि । [१७]

---

१६. दैलेख जिल्ला : सङ्क्षिप्त परिचय, पूर्ववत् ।

१७. ऐजन् ।

## २.१७ विभिन्न जातिको आदिभूमि

दैलेखलाई मानवजातिको आदि भूमिका रूपमा पनि चिनिने गरिन्छ । नेपालका विभिन्न भागमा बसोबास गर्ने विभिन्न जात (थर) का जनताको उत्पत्तिस्थानका रूपमा दैलेखलाई लिन सकिन्छ । दैलेख जिल्लाका विभिन्न स्थानको नामबाट मानिसका थर निर्धारण भएका छन् । त्यसकारण पनि यो मानव जातिको आदिभूमि हो भन्न सकिन्छ । जस्तै :

| स्थानको नाउँ | जात/थर |
|---|---|
| लम्सु | लम्साल |
| दह | दाहाल |
| वड | वडाल |
| पराजुल | पराजुली |
| दवाडा | दबाडी |
| लयाँटी | लुँइटेल |
| खार | खराल |
| नेपा | नेपाल |
| भूर्ती | भूर्तेल |
| रावतकोट | रावत आदि । |

## २.१८ साहित्यिक अवस्था

नेपाली साहित्यको इतिहासमा दैलेख जिल्लाको पनि महत्वपूर्ण भुमिका रहेको छ । दैलेख जिल्लामा जन्मेर नेपाली साहित्यका विविध विधाको श्रीवृद्धिमा दैलेखी सहित्यकारहरूको अहम भूमिका छ । यस क्षेत्रमा अनगिन्ति साहित्य स्रष्टाहरू भए तापनि ती मध्ये प्रमुख साहित्य स्रष्टाहरूमा शिवभक्त, श्रीरत्न शर्मा रिजाल, विशाखर खँदाल, जङ्गबहादुर शाह, शास्त्री खगेन्द्रनाथ योगी, प. जनक शर्मा, चक्रबहादुर वि.सी., हरिहर अधिकारी 'श्यामल' मधुसुदन गिरी, लक्ष्मीप्रसाद पौडेल, जगत् उपाध्याय 'प्रेक्षित', वीरसिंह विश्वकर्मा, विष्णु पोखरेल, अग्निप्रसाद ज्ञवाली, केशवबहादुर शाह, गणेशबहादुर जि.सी. प्रेमानन्द श्रेष्ठ, हरिप्रसाद तिमिल्सिना आदि हुन् । [१८] यसरी यस जिल्लामा जन्मिएका साहित्यिक व्यक्तित्वले यहाँको साहित्यको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

१८. वालाराम उपाध्याय, **नेपाली साहित्यमा दैलेखको योगदान** (दैलेख : श्रीमती पुष्पादेवी उपाध्याय, २०५८), पृ. १२५ ।

## २.१९ लोकसाहित्यिक अवस्था

दैलेख जिल्लालाई लोकसाहित्यको विशाल भण्डारका रूपमा लिन सकिन्छ । यहाँ प्रचलित लोकसाहित्यिक विधाहरूलाई हेर्दा यसको निर्माण सभ्यताको शुरूदेखि नै हुँदै आएको पाइन्छ । यहाँका लोकपरम्परा, चालचलन, रीतिथिति तथा विभिन्न ऐतिहासिक र पौराणिक घटनाहरूलाई यहाँको लोकसमाजले लोकगीत, लोकगाथा, लोककथा, लोकनाटक तथा उखान टुक्काका माध्यमबाट व्यक्त गर्दै आएको पाइन्छ ।

पठित तथा अपठित सबै वर्गका बीचमा लोकसाहित्यले राम्रो प्रभाव जमाएको छ । विभिन्न चाडपर्व, मेलापात, वनजङ्गल र खेती किसानी सबै स्थानमा लोकसाहित्यलाई कुनै न कुनै रूपमा प्रयोग गरेको पाइन्छ । विभिन्न विद्वानहरूका मतानुसार नेपाली लोकसाहित्यको आदि थलोका रूपमा दैलेख जिल्लालाई स्वीकार गर्नुले पनि यस जिल्लामा लोकसाहित्यिक परम्परा अनादि कालदेखि चल्दै आएको पाइन्छ ।

लोकसाहित्यका पारखी यस जिल्लाका बासिन्दाहरू आफ्ना दु:ख, कष्ट, पिर, मर्कालाई विर्सन विभिन्न अवसर र समयमा लोकसाहित्यको प्रयोग गर्दछन् । यहाँ प्रचलित देउडा गीत, झ्याउरे गीत, भोसो गीत, भैनी, ढुस्को, धमारी, विविध गाथा मूलक हुड्के नाच आदिका कारण यो जिल्लाको छुट्टै पहिचान कायम भएको छ । यी विभिन्न लोकसाहित्यिक विधाहरूमा यहाँको परम्परा तथा इतिहास लुकेको पाइन्छ ।

दैलेख जिल्लाको अमूल्य सम्पदाका रूपमा रहेको लोकसाहितियक परम्परालाई जीवित राख्ने कार्यमा यस जिल्लालाई स्थानीय गायक-गायिका, हुड्के तथा अनुभवी वृद्धवृद्धाको महत्वपूर्ण स्थान रहेको छ । यसका साथै यस जिल्लाको लोकसाहित्यलाई अध्ययन, विश्लेषण र प्रकाशित गर्ने कार्यमा योगी नरहरीनाथ, पूर्णप्रकाश नेपाल 'यात्री' र मधुसुदन गिरीको विशेष योगदान रहेको छ ।

# परिच्छेद : तीन

# नेपाली टुक्काको सैद्धान्तिक अध्ययन

## ३.१ लोकसाहित्यको परिचय

लोकसाहित्यको जन्म सभ्यताको शुरूवात सँगसँगै भएको मान्न सकिन्छ । जब लिखित साहित्यको शुरूवात भएको थिएन त्यस बखत मानिसहरू लोकसाहित्यको पारख गर्दथे भनी अनुमान गर्न सकिन्छ । तत्कालीन अपठित वर्गले आफ्नो दुःख-सुख, हाँसो-आँसु बिसाउने माध्यमको रूपमा लोकसाहित्यसको उपयोग गर्दथे । एकले अर्कोलाई एक पुस्ताले अर्को पुस्तालाई सुनाउने मौखिक परम्पराको रूपमा लोकसाहित्य जीवित रहेको पाइन्छ । लेख्य साहित्यको पृष्ठभूमिको निर्माण गर्न यही लोकसाहित्य सहयोगी भएको कुरालाई नकार्न सकिन्न । त्यसैले भन्न सकिन्छ लोकसाहित्य र लेख्य साहित्य बीच गहिरो सम्बन्ध छ ।

लोकसाहित्य लोकको आत्मा हो । लोकको जीवन पद्धतिलाई बुझ्न लोकसहित्यलाई बुझ्नु जरूरी छ । लोकसाहित्यमा स्थानीय जनजीवन, रीतिरिवाज, रहनसहन र सुखदुःखका भावना व्यक्त भएका हुन्छन् । लोकसाहित्य कुनै पनि वर्ग सम्प्रदायको मौलिक परिचायक वस्तु हो । सभ्य तथा विकसित समुदाय वा व्यक्तिहरूमा भन्दा अविकसित समुदाय वा व्यक्ति बीचमा लोकसाहित्य मौलाएको तथा जीवित रहेको पाइन्छ ।

नेपाली समाजमा पनि लोकसाहित्यको आफ्नै विशिष्ट स्थान छ । नेपाली समाज अविकसित तथा परम्परागत शैलीको छ । यस्तो किसिमको समाज व्यवस्थाका कारण पनि नेपालमा लोकसाहित्य अझ बढी मौलाएको छ । नेपाली लोकसाहित्यका प्रमुख विधाहरूमा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, गाउँखाने कथा र लोकोक्ति अन्तर्गत उखान र टुक्का पर्दछन् । नेपालका प्रत्येक गाउँ बेसी, मेलापात, जात्रा, पर्व जस्ता अनेक स्थानमा लोकसाहित्यसँग सम्बन्धित विधा तथा उपविधाले प्राथमिकता पाएका हुन्छन् । नेपाली समाज तथा जनमानसमा प्रचलित यी लोकसाहित्यिक विधाहरूको सङ्क्षिप्त चिनारी यस प्रकार गराउन सकिन्छ ।

(क) लोकगीत

लोकसाहित्यको अतिप्रिय विधाका रूपमा लोकगीतलाई लिइन्छ । यसलाई नेपाली समाजले निकै मनपराएको छ । लोकगीत नेपालका बनजङ्गल, नदीनाला, पहाड पर्वत तथा विविध क्षेत्रमा प्रतिध्वनित भएको पाइन्छ । लोकगीत लोकसाहित्यका अन्य विधा भन्दा वढी क्षेत्र ओगटेको विधा हो । लोकगीतमा कुनै पनि व्यक्ति समाजको मनको ढुकढुकी लुकेको

पाइन्छ । लोकगीत रचिदैन यो सङ्कलन गरिन्छ । यसमा व्यक्तिका हाँसो, आँसु, प्रेम प्रणय तथा विविध रूपले भावहरू समेटिएका हुन्छन् । "लोकगीत भनेको त्यो संगीत वा गीत हो जुन मानव समाजमा मातृभाषाका नाताले मानिसहरूमा नैसर्गिक रूपले सुखदुःखको अनुभवमा दयामाया प्रेमभाव अभिव्यक्त हुँदा स्वयमेव उद्गारका रूपमा निस्केर लयदार तरजमा काव्यमयी शैलीमै सिर्जना हुन्छ ।" [१]

ख) लोककथा :

नेपाली लोकसाहित्यमा लोककथाको अलग्गै स्थान छ यसलाई लोकसाहित्यको प्रमुख विधाका रूपमा पनि लिन सकिन्छ । फुर्सदको समयमा घरका वृद्धजनबाट मेलापात जाँदा, साँझपख घरमा अँगेनाको वरिपरि बसी तथा अन्य अवसरमा लोककथा सुन्ने सुनाउने परम्परा नेपाली समाजमा विद्यमान छ । अझ विशेष गरी साना साना नानीहरूलाई फकाई फुलाई गर्नुपर्दा लोककथाकै सहारा लिने गरिन्छ । यो परम्परा मौखिक रूपमै नेपाली समाजमा जीवित छ । लोककथाको परम्परा कहिलेदेखि शुरू भयो भनी एकिन गर्न कठिन छ । यो परम्परा वैदिक कालदेखि नै शुरूवात भएको मानिन्छ । लोककथामा विशेष गरी नैतिक उपदेश नै हुन्छ । यसका साथै साहसिक घटना, काल्पनिक घटना तथा उपदेशात्मक घटनाहरूको कथन पनि लोककथामा पाउन सकिन्छ ।

लोककथाको माध्यमबाट व्यक्तिलाई साहसी, धैर्यशील, नैतिकवान बन्न प्रेरित गरिन्छ । यस्ता कथाका विषयवस्तु सामाजिक पौराणिक, काल्पनिक, भूत प्रेत, बोक्सी, डाइनी सँग सम्बन्धित हुन्छन् भने पात्रहरू पनि पशु, चराचुरूङ्गी, काल्पनिक मानव, भूत-प्रेत, वृक्ष-वनस्पति आदि हुन्छन् । लोककथाको थालनी एकादेशबाट हुन्छ भने अन्त्य "सुन्नेलाई सुनको माला भन्नेलाई फूलको माला यो कथा बैकुण्ठ जाला भन्नेबेला तुरून्तै मुखमा आइजाला" हुन्छ । यस्ता लोककथाहरू दैलेखी समाजमा प्रशस्त मात्रामा पाइन्छन् ।

ग) लोकगाथा :

कुनै साहसिक वा अद्भूत घटनाक्रमलाई गीतका माध्यमबाट कथ्ने विधालाई लोकगाथा भनिन्छ । लोकगाथा विशेष गरी दैलेखी समाज र नेपाली समाजमा गाइने जाति ( गन्धर्व) ले आफ्नो सारङ्गीको धुनमा गाउँगाउँमा सुनाउने प्रचलन छ । लोकगाथा गीत र कथाको सम्मिश्रण हो । लोकगाथाहरू वीरगाथा, भक्तिगाथा, नैतिक, धार्मिक, पौराणिक र

१. सत्यमोहन जोशी, **हाम्रो लोकसंस्कृति** (काठमाडौं : रत्नपुस्तक भण्डार, २०१४), पृ. २३ ।

व्यक्ति विशेष सँग सम्बन्धित हुन्छन् । यो कुनै विशेष ऐतिहासिक घटनासँग पनि सम्बन्धित हुन्छ । यसको उर्वर क्षेत्र भनेको ग्रामीण लोक समाज नै हो ।

घ) लोकनाटक :

लोकसाहित्यको अर्को महत्वपूर्ण र लोकप्रिय विधा लोकनाटक हो । लोकजीवनका विभिन्न अनुभवहरूलाई संवाद तथा गीतका माध्यबाट लोकसमक्ष अभिनयका माधयमबाट प्रस्तुत गरिने विधा लोकनाटकको जन्म लोककथा तथा लोकगीतबाट भएको अनुमान गर्न सकिन्छ । लोकनाटकमा गाईजात्रा, इन्द्रजात्रामा देखाइने दशावतार, लाखे झ्याली नाच, मारूनी-सोरठी नाच कृष्णलीला, रामलीला आदि पर्दछन् ।

ङ) गाउँखाने कथा :

लोकसाहित्यको अर्को महत्वपूर्ण विधा गाउँखाने कथा हो । यो एक किसिमको मौखिक कुट अभिव्यक्ति हो । यो नेपाली तथा दैलेखी समाजमा निकै प्रचलित तथा प्रिय छ । गाउँखाने कथा प्रायजसो मेलापात जाँदा, वनजङ्गल जाँदा घर परिवारमा बस्दा प्रश्न सोध्ने र उत्तर दिने काम गरिन्छ । यसमा प्रश्नकर्ताले विभिन्न शैलीमा गाउँखाने कथाको प्रश्न राख्छन् र श्रोता अर्थात उत्तरदाताले उत्तर दिनुपर्ने हुन्छ । यदि उत्तर दिन नसकेमा कुनै गाउँ दिनुपर्छ अनिमात्र प्रश्नकर्ताले त्यसको उत्तर दिन्छ । गाउँखाने कथाहरू सामाजिक, धीर्मक, आर्थिक, राजनीतिक, सांस्कृतिक र नीतिचेतना सँग सम्बन्धित हुन्छन् यसले मानिसको बुद्धि जाँच्ने गरिन्छ भने यसको लाक्षणिक अर्थ जो बुद्धिमानी छ त्यसलाई गाउँ दिनु वा गाउँको नेतृत्व दिनु पनि हुन्छ ।

च) लोकोक्ति :

लोकसाहित्यको अर्को प्रिय विधा लोकोक्ति हो । यस अन्तर्गत उखान र टुक्का पर्दछन् । आफैमा उखान र टुक्का अलग अलग विधा भनेर उल्लेख गरिएता पनि यी दुवै लोकोक्ति अन्तर्गत नै पर्दछन् ।

उखान र टुक्का लोकजीवनका खारिएका अभिव्यक्ति हुन् । यसको प्रयोग भाषामा ओज, मिठास थप्न र भाषिक समृद्धिका लागि गरिन्छ । नीति, उपदेश र ज्ञानका कुरा यसमा समेटिएका हुन्छन् । उखान तथा टुक्का लोकले युगैंदेखि संगालेका ज्ञानका भण्डार हुन् ।

उखान तथा टुक्काको प्रयोग दैलेखी भाषिकामा प्रशस्त मात्रामा रहेको पाइन्छ । गाउँघरमा वृद्ध-वृद्धादेखि युवा-युवती, पठित, अपठित सबै वर्गका माझ उखान टुक्काको प्रयोग गरेको पाइन्छ । आफ्नो भनाइलाई प्रभावकारी बनाउन होस् अथवा कुनै कुरालाई

दृष्टान्तद्धारा प्रष्ट पार्न होस् प्रत्येक अवस्थामा उखान टुक्काको प्रयोग गरिन्छ । प्रस्तुत शोधकार्यको विषय नै टुक्का भएकाले त्यसको विस्तृत चर्चा पछिल्ला परिच्छेदमा गरिएको छ ।

## ३.२ टुक्काको सैद्धान्तिक परिचय

लोकसाहित्यको एक प्रमुख विधाका रूपमा टुक्कालाई लिइन्छ । टुक्काको विषयमा चर्चा परिचर्चा गर्नुपूर्व यसको अर्थका बारेमा जान्नु जरूरी हुन्छ । 'टुक्का' शब्द 'तुक्' शब्दबाट आएको हो । यसको अर्थ वाच्यार्थलाई छोई लक्ष्यार्थ हुँदै व्यङ्ग्यार्थ ध्वनित गर्नु हुन्छ ।[२] बोलीमा लाक्षणिक तथा विशेष अर्थमा प्रयोग हुने वाक्यको एउटा अंश वा पदसमूहलाई 'टुक्का' भनिन्छ । पदसमूह खासखास क्रियामा त्यस्तै किसिमका शब्दहरू लागेर निर्मित हुने गर्छन् र तिनले विशेष अर्थ वहन गरी अभिव्यक्तिको रूप लिन्छन् । 'टुक्का' शब्द झर्रो नेपाली शब्द हो । यसलाई विभिन्न भाषामा भिन्न भिन्न नामले चिन्ने गरिन्छ । संस्कृतमा टुक्कालाई 'वाक्पद्धति, 'वाग्रीति', 'वाग्धारा' र 'रमणीयार्थ' भनिन्छ भने अंग्रेजी भाषामा यसलाई 'इडियम्स' (Idioms) भनिन्छ । हिन्दी भाषामा 'मुहावरा' भनिन्छ भने उर्दूमा 'मुहाविरा' र 'जर्बुल' भनेर चिनिन्छ । लोकसाहित्यका विभिन्न विधाहरूमध्ये 'टुक्का' लोकोरिक्तका क्रममा आउने एउटा महत्वपूर्ण विधा हो । यसले भाषालाई परिपक्व, समृद्धशाली र ओजपूर्ण बनाएको हुन्छ । लेख्य भाषा होस् या कथ्य भाषा होस् टुक्काको प्रयोग विना भाषा खल्लो र निरीह बन्न पुग्दछ । त्यसैले टुक्का प्रभावकारी भाषाको प्रमुख आधारमा आउँछ ।

'टुक्का' भाषाको वाक्य खण्डमा आउने एउटा पदसमूह हो । यसले वाक्य संरचनालाई ओजपूर्ण र अर्थलाई गहन र गम्भीर बनाएको हुन्छ । टुक्काको प्रयोगविना वाक्य निरसिलो र निरर्थक बन्दछ भने प्रायजसो टुक्का एक्लै अपूर्ण नै रहन्छ । वाक्यले टुक्काको अपेक्षा राख्दछ भने टुक्का वाक्यमा प्रयोग नभएसम्म आफ्नो अर्थ प्रदान गर्न सक्दैन । त्यसैले भाषामा आउने वाक्य र टुक्का एक आपसका परिपूरक हुन् । "टुक्कालाई भाषाको ओज र ज्यान माने हुन्छ । वाक्यमा हुने प्रयोग र अनुभवबाट आर्जित ज्ञान यिनको पृष्ठभूमिमा रहन्छ । यसै कारण यिनको प्रयोगले भाषा मार्मिक, सरस र सजीव हुनाका साथै प्रवाहपूर्ण पनि हुन्छ । उखान टुक्काले सम्पन्न नभएको भाषा कहिल्यै पनि फस्टाउन सक्दैन । यसकारण रचनामा यी दुवैको महत्वपूर्ण स्थान रहेको हुन्छ ।"[३] त्यसैले टुक्का भाषाको आत्मा हो जो लोकजीवनबाट वर्षौदेखि खारिएर आएका हुन् ।

२. कृष्णप्रसाद पराजुली, **लोकगीतको आलोक,** (काठमाडौं : बीणा प्रकाशन, २०५७), पृ. ५७ ।

३. कृष्णप्रसाद पराजुली, **राम्रो रचना मीठो नेपाली**, एक्काइसौं संस्करण (काठमाडौं : सहयोगी प्रेस, २०५५) पृष्ठ १८१ ।

"वाक्यस्तरमा निहित लाक्षणिक र व्यञ्जनात्मक अर्थका सम्भावनाहरूलाई टुक्काले प्रस्तुत गर्दछ । टुक्का आख्यानात्मक बिम्ब ग्रहण गर्न लघुतम् वाक्यांशहरूमा अभिव्यक्ति हुने लोकोक्ति विशेष हो र सुक्ष्माति सूक्ष्म लोकाख्यान विशेष पनि हो भनिन्छ ।"[४] टुक्काहरू पद्गत र वाक्यांशगत भएर पनि वाक्यभन्दा साना हुन्छन् र पदावलीभन्दा ठूला वाक्यहरूका अंशका रूपमा रहने गर्दछन् । "टुक्का कुनै भाषा वा बोलीमा लाक्षणिक अथवा विशेष अर्थमा प्रयोग हुने पदसमूह हो । त्यस्तो पदसमूह प्रायः खास खास शब्दहरूमा खास खास क्रियाको मेल भई निर्मित हुन्छन् र तिनले विशेष अर्थ व्यक्त गर्दछन् । टुक्काहरू भन्दा बाहेक अन्य ठाउँमा टुक्काको अङ्ग भएर रहेको र क्रियाको आ-आफ्नै छुट्टाछुट्टै अर्थ हुन्छन् ती दुवै एकैठाउँमा उनिए पछि भने टुक्काले विशेष अर्थ ग्रहण गर्दछन् ।"[५]

टुक्काहरूको निर्माण लोकसमाजले आफ्नो दैनिक कार्यमा प्राप्त अनुभवबाट खारेर र माझेर स्वस्फूर्तरूपमा निर्माण गरेका हुन्छन् । टुक्काहरू पुराना लोक सम्पत्ति हुन् । "लोकप्रसिद्ध उक्ति लोकोक्ति उखान हो जो वाक्यमा प्रयोग नभए पनि स्पष्ट चिनिन्छन् र स्वत : पूर्ण छन् भने टुक्का लोकप्रसिद्ध भएपनि विशेष अर्थ लाग्ने भए पनि वाक्यमा प्रयोग गरिनुपर्छ अनिमात्र ती पूर्ण हुन्छन् , स्पष्ट हुन्छन् । उखान आफैमा पूर्ण पुरानो घटना वा कथाको सम्झाउनीका रूपमा रहेको एक महत्वपूर्ण, शिक्षाप्रद उद्गार वा अंश हो । टुक्का कुनै पद, पदसमूह, वाक्यांश हो , जो वाच्यार्थ प्रधान नभएर विशेष अर्थ लाक्षणिक अर्थमा रूढ भएको हुन्छ, जसलाई वाक्यमा प्रयोग गर्नु आवश्यक छ ।"[६]

टुक्काको प्रयोग प्रसंग अनुसार हुन्छ । एउटै टुक्का पनि अनेक ठाउँमा प्रयोग हुन सक्दछ र यसले सामान्य अर्थ भन्दा विशेष अर्थ नै वहन गरेको हुन्छ । जस्तो 'आँसु पिएर बाँच्नु' टुक्काको सामान्य अर्थ निस्कन सक्दैन र निकाल्न खोजे पनि 'आँसु' पिउने वस्तु होइन । यो भावनात्मक कुरा हो । यसको विशेष अर्थ खोज्दा दुःख सहनु भन्ने हुन्छ । यसलाई पनि वाक्यमा प्रयोग नगरिकन विशेष अर्थ स्पष्ट हुन सक्दैन । यसलई वाक्यमा प्रयोग गर्दा "धनवीरको मृत्यु पश्चात हरिमायाले आँसु पिएर छोरो हर्केलाई हुर्काइन्' भन्ने वाक्यमा प्रयोग भए पछि यस टुक्काको अर्थ स्पष्ट हुन्छ । तसर्थ टुक्काहरू भाषाका आभिन्न अङ्ग हुन्, जसले भाषालाई परिपक्क र समृद्धशाली बनाएका हुन्छन् भन्ने अर्थमा चमत्कार, सरलता र सरसता थपेका हुन्छन् ।

४. राजेन्द सुवेदी, **प्राथमिक र माध्यमिक नेपाली साहित्यको रूपरेखा** (काठमाडौं : पाठ्यसामग्री प्रकाशन, २०५५) पृ. ३ ।

५. कृष्ण प्रसाद पराजुली, भाषाको माया (काठमाडौ : रत्न पुस्तक भण्डार, २०४४) पृ. ९८ ।

६. चुडामणि रेग्मी, नेपाली टुक्काको अध्ययन (झापा, चन्द्रगढी, २०४१), पृ. २१ ।

## ३.३ टुक्काको परिभाषा

मानव सभ्यताको विकासको समानान्तरमा आउने लोकसाहित्यको विकास तथा विस्तार निकै पछि भएको पाइन्छ । लोकसाहित्यको अध्ययन परम्पराको थालनी भए पछि मात्र लोकसाहित्यका विभिन्न पक्षहरूलाई विभाजन गरेर नाम र परिभाषा दिन थालिएको हो । लोकसाहित्यको एउटा विधा 'टुक्का' को बारेमा विभिन्न विद्वानहरूले आफ्ना भनाइहरू यसरी प्रकट गरेका छन्  पुष्करशमशेर ज.ब.रा. ले टुक्कालाई वाक्यपद्वति भन्दै दिएको परिभाषा यस प्रकार छ "दुई टुक्रा पार्‍यो भने अर्थात एउटा काम हुँदा अर्को काम भयो भने उखान एक टुक्रा मात्र छ भने अर्थात संलग्न एउटै काम दर्शाउँछ भने वाक्यपद्धति ।"[७] यो परिभाषा स्पष्ट नभएता पनि यसको अर्थ बुझ्दा एउटा समग्र भनाई उखान हो र अपूर्ण भनाई वा वाक्यको अंश टुक्का हो भन्ने सङ्केत मिल्दछ । यसमा उखान-टुक्का बीचको भिन्नता स्पष्ट छैन ।

'अनिवार्य नेपाली शिक्षण' (२०३६) मा टुक्काको परिभाषा यसप्रकार छ । "टुक्का भनेको खासखास क्रियासँग खासखास शब्द मिली विशेष अर्थ धारणा गर्ने विशेष अभिव्यक्ति हो ।[८] यो परिभाषाले टुक्काहरूलाई विशेष रूपले चिनाएको आभाष हुन्छ । तर अभिव्यक्ति टुक्का होइनन् टुक्कालाई त वाक्यमा प्रयोग गरेपछि वाक्य वा अभिव्यक्ति बन्दछ । टुक्काहरू स्वतन्त्र रूपमा रहेका पदसमूह वा कच्चा पदार्थ मात्रै हुन् । यहाँ खासखास क्रियासँग शब्द मिली बनेको छ यसले त क्रियायुक्त टुक्का भन्ने मात्र बुझिन्छ । टुक्का त क्रियायुक्त नामयुक्त, र विशेषणयुक्त पनि हुन्छन् । यसकारण यस परिभाषाले पनि टुक्कालाई सम्पूर्णतामा समेट्न नसकेको आभाष हुन्छ ।

लोकसाहित्यका अध्येता धर्मराज थापा र हंसपुरे सुवेदीले टुक्काको परिभाषा यसरी दिएका छन् "भाषागत योगको रूढि र अवस्थाअनुसार कुनै पद, पदसमूह वा वाक्यांशहरू आफ्नो खास अर्थलाई छोडी विशेष अभिव्यक्ति दिन पुग्छन्, त्यस्ता विशेष अर्थ बुझाउने पद, पदसमूह वा वाक्यांशलाई टुक्का भनिन्छ ।"[९] यस परिभाषामा विशेष अर्थ बुझाउने पद, पदसमूह वा वाक्यांशलाई टुक्का भनिन्छ भन्ने कुरामा जोड दिइएको पाइन्छ ।

चुडामणि रेग्मीले टुक्काको चर्चा गर्दै टुक्काको परिभाषा यसरी दिएका छन् "वाक्यभित्र प्रयोग हुदाका घडी पद, पदावली, वाक्यांश यदि विशेष अर्थमा रूढ छन्

---

७. पुष्करशमशेर ज.ब.रा, **उखान-टुक्का कोष** (काठमाडौं : ने.भा.प्र.स., १९९८) ।

८. बल्लभमणी दाहाल र अन्य, **अनिवार्य नेपाली शिक्षण** (काठमाडौं : त्रि.वि.पा.वि.के., २०३६) ।

९. धर्मराज थापा र हंशपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना** (काठमाडौं : त्रि.वि.पा.वि.के., २०४१), पृ. ४१५ ।

भने ती टुक्का हुन् ।"[१०] यसमा वाक्यमा प्रयोग हुँदा विशेष अर्थ प्रदान गर्ने पद, पदावली र वाक्यांश टुक्का हुन् भन्ने कुरामा जोड दिएको पाइन्छ ।

भाषाशास्त्री बालकृष्ण पोखरेलले टुक्काको परिभाषा यसरी दिएका छन् । "कुनै वाक्यांश, पद वा पदसमूहले कुनै अर्ती, उपदेश, सूक्ति अथवा परम्परागत उद्‌गार प्रकट नगरिकनै वाच्यार्थमा बाधा तेर्स्यायो र लक्ष्यार्थ जाहेर गऱ्यो भने त्यो टुक्का कहलाउँछ ।"[११] यस परिभाषामा उखान टुक्का बिचको भिन्नता स्पष्ट पारिएको छ । अर्ती उपदेश, सुक्ति वा परम्परागत उद्‌गारलाई उखान भनिएको छ भने यस्तो उद्‌गार प्रकट नगरिकनै वाच्यार्थमा बाधा तेर्स्यायो र लक्ष्यार्थ जाहेर गऱ्यो भने त्यो टुक्का हुन्छ भनिएको छ ।

कृष्णप्रसाद पराजुलीले टुक्काको परिभाषा यसरी दिएका छन्- "भाषामा वाक्यांशहरू साधारण अर्थबाहेक वाक्यार्थ नै छाडेर नयाँ अर्थमा आउँछन्, यसरी जुन वाक्यांशमा सारगर्भित अर्थमा प्रयोग हुन्छन् ती टुक्का हुन् ।"[१२] यहाँ साधारण अर्थ छाडी विशेष अर्थमा प्रयोग हुने वाक्यांशलाई टुक्का भनिएको छ ।

मोतीलाल पराजुलीका अनुसार टुक्काको परिभाषा यस प्रकार छ । "भाषिक अभिव्यक्तिका क्रममा भाषिक मिठास एवम् कलात्मक प्रस्तुतिका निम्ति प्रयोग गरिने भाषिक सौन्दर्य टुक्का अथवा तुक्का हुन् ।"[१३] यस परिभाषाले टुक्काले भाषामा ल्याउने चमत्कारको कुरा उठाएता पनि टुक्का के हो भन्ने बारेमा प्रष्ट पारेको छैन ।

मोहनराज शर्माको परिभाषा यस प्रकार छ "क्रियासँग खासखास शब्दको सङ्गठित संरचना भएको त्यस्तो पद समूहलाई टुक्का भनिन्छ , जो अभिधेय नभएर विशिष्ट अर्थमा रूढ हुन्छ ।"[१४] यस परिभाषामा क्रियासँग खास खास शब्दको मेल भएर विशिष्ट अर्थ बुझाउने पदसमूहलाई टुक्का भनिन्छ भन्ने अर्थ लागेको छ ।

शम्भुप्रसाद कोइरालाले टुक्काको परिभाषा यसरी दिएका छन् "लक्ष्यार्थ जाहेर गर्ने वाक्यांश वा पदसमूहको नाम टुक्का हो । यसलाई कतै वाग्धारा, कतै वाक्पद्धति र कतै टुकका भनिन्छ ।"[१५] यस परिभाषामा पनि पूर्णता पाईदैन किनभने टुक्काको काम लक्ष्यार्थ जाहेर गर्नुमात्रै होइन ।

---

१०. चुडामणि रेग्मी, पूर्ववत्, पृ. २७ ।

११. बालकृष्ण पोखरेल, **राष्ट्रभाषा**, छैटौं संस्करण, (काठमाडौ : साझा प्रकाशन, २०४३), पृ. १२८ ।

१२. कृष्ण प्रसाद पराजुली, **राम्रो रचना, मीठो नेपाली**, पूर्ववत्, पृ. १८६ ।

१३. मोतीलाल पराजुली, **नेपाली लोकगाथा,** (पोखरा : तारा पराजुली, २०४९) पृ १४ ।

१४. मोहनराज शर्मा, **शब्द रचना र वर्णविन्यास**, चौथो संस्करण, (काठमाडौं : नेपाल बुक हाउस, २०५०) पृ. १५६ ।

१५. शम्भुप्रसाद कोइराला, **'लोकसाहित्य : सिद्धान्त र विश्लेषण'** (विराटनगर : धरणीधर पुस्तक प्रतिष्ठान, २०५५), पृ. १४० ।

यसरी विभिन्न विद्वानहरूले टुक्काको परिभाषा आ-आफ्नै किसिमले दिए पनि अझैसम्म टुक्काको सर्वमान्य परिभाषा स्थापित भएको पाइँदैन । सम्पूर्ण परिभाषालाई केलाउदै अलग्गै परिभाषा निर्माण गर्न सकिन्छ टुक्काहरू तिनलाई भनिन्छ जुन लोकजीवनबाट खारिएर आएका पदसमूह हुन्, जसले वक्ताको कथनलाई अभिधादेखि छुट्टयाएर लक्ष्यार्थ हुँदै व्यङ्ग्यार्थसम्म पुऱ्याएँछन् ।

## ३.४ टुक्काका विशेषताहरू

पठित तथा अपठित सबै वर्ग तथा समुदायले थाहै नपाइकन स्वस्फूर्त रूपमा भाषिक व्यवहारमा प्रयोग गर्ने टुक्काका आफ्नै विशेषता छन् । भाषिक व्यवहारमा टुक्काहरूको प्रयोग कहिले र कहाँ प्रयोग हुन्छ भनि एकिन गरेर भन्नै कठिन छ । भाषालाई प्रभावकारी, ओजपूर्ण र विशिष्ट बनाउनका लागि टुक्काको प्रयोग गरिन्छ । टुक्कालाई लोक जिवनका अमूल्य सम्पत्ति र भाषाको मुटुका रूपमा लिन सकिन्छ । भोजनलाई चटनीले स्वादिस्ट बनाए जस्तै भाषालाई टुक्काले स्वादिष्ट तथा प्रभावकारी बनाएको हुन्छ । टुक्का लोकजीवनका महत्वपूर्ण सारगर्भित सुत्रात्मक कथन मात्र नभइकन भाषालाई सिंगार्ने, सौन्दर्य प्रदान गर्ने अमूल्य आभूषण हुन् । यी विभिन्न विशेषताहरुले गर्दा नै टुक्का भाषाको प्रमुख आधार र लोकोक्तिका अभिन्न अङ्ग बनेर रहेका छन् । यसरी समग्रमा टुक्काका विशेषताहरूलाइ प्रमुख रूपमा निम्नानुसार देखाउन सकिन्छ ।

### ३.४.१ भाषिक प्रस्तुतिलाई विशिष्टता प्रदान गर्नु

भाषालाई विशिष्टता प्रदान गर्ने काम टुक्काहरूले गर्दछन् । जुन भाषामा टुक्काको प्रयोग भएको हुँदैन, त्यस भाषाको अर्थ पक्ष फितलो हुन्छ । टुक्काको प्रयोग- बाट नै भाषामा गाम्भीर्य र चमत्कारिता आउँछ । जस्तै  कुरा खानु, यस टुक्कालाई वाक्यमा प्रयोग गर्दा प्रसङ्ग अनुसार विभिन्न वाक्यमा गर्न सकिन्छ । जस्तै- बुढापाकाका कुरा खानु पर्छ । अभिभावकको कुरा खाने व्यक्तिले सँधै प्रगति गर्छ । उसले शिक्षकका कुरा खाएको हुनाले सफलता प्राप्त गऱ्यो । टुक्काको प्रयोगले वक्तालाई आफ्नो आशय व्यक्त गर्न सजिलो हुन्छ भने व्यक्त आशयले श्रोताको स्तर अनुसार अर्थ प्रदान गर्दछ । यसरी टुक्काले भाषिक प्रस्तुतिलाई विशिष्टता प्रदान गर्दछ ।

### ३.४.२ अर्थपक्ष विशेष महत्वपूर्ण हुनु

टुक्काहरू वाक्यका पदहरू हुन् । यी वाक्यमा प्रयोग भए भने अर्थपक्ष विशेष महत्वपूर्ण बन्न पुग्दछ । यिनको सोझो अर्थ खोजेर पाउन सकिन्न र विशेष अर्थ खोज्नुपर्ने

हुनु । अर्थात टुक्काको अर्थ पक्षले विशेष कुरालाई लक्ष्य र ध्वनित गरेको हुन्छ । त्यसैले टुक्कालाई विशेष अर्थ प्रदान गर्नाका लागि प्रयोग गरिएको हुन्छ । जस्तै  दिन फर्किनु भन्ने टुक्काको सोझो अर्थ आउन सक्दैन, अर्थ आईहाले पनि दिन फर्किने कुरा होईन तर यसको विशेष अर्थ खोज्दा सुखका दिन आउनु, राम्रो दिन आउनु भन्ने हुन्छ । यसलाई पनि वाक्यमा प्रयोग गरेपछि मात्र अर्थपक्ष विशेष महत्वपूर्ण बन्दछ । जस्तै  हर्खे फर्किएपछि त हरिमायाका दिन फर्किएका छन् । यस वाक्यमा हर्खेले घर छाडेर गएपछि दुःख पाएकी हरिमाया कालान्तरमा छोरो धन कमाउने भएर फर्किएपछि उनका दुःखका दिन समाप्त भई सुखका दिन आएका छन् भन्ने विशेष अर्थ बोध हुन्छ ।

### ३.४.३ स्वतन्त्र प्रयोग नहुनु

स्वतन्त्र प्रयोग हुन नसक्नु टुक्काको अर्को विशेषता अन्र्तगत पर्दछ । टुक्काहरू भाषाका महत्वपूर्ण पद वा पदावली हुन् । यी जहिले पनि भाषासँग वा वाक्यमा मिसिएर आएका हुन्छन् र आफ्नो छुट्टै अर्थलाई छोडेर समग्र वाक्यको अर्थलाई ब्यक्त गर्दछन् । टुक्का त्यति बेला सार्थक र महत्वपूर्ण बन्दछन् जतिबेला कुनै पनि वाक्यमा प्रयोग भएर आएका हुन्छन् । जस्तै  'जाल रच्नु' एउटा टुक्का हो तर यसको अर्थ त्यसबेला मात्र स्पष्ट हुन्छ जब त्यसलाई उसले जाल रचेर सबैलाई कैदी बनायो भन्ने वाक्यमा प्रयोग गरिन्छ । "सन्दर्भमा प्रयुक्त वाक्यले प्रसङ्ग निर्धारित गर्छ र टुक्काको अर्थ स्पष्ट हुन्छ ।" [१६]

### ३.४.४ पदहरू परिवर्तन नहुनु

टुक्कामा आएका पदहरू सधैँ एकै रूपमा रहन्छन् यी परिवर्तन हुँदैनन् । यी पदहरू सधैँ एकआपसमा सम्बन्धित रहिरहन्छन् । जस्तै  'मन दिएर काम गर' भन्ने टुक्कामा कामका लागि आफ्नो मन दिने भन्ने अर्थ नलागी मन लगाएर काम गर्नु भन्ने हुन्छ । 'जलपान गर्नु' मा पानीपान गर्नु हुँदैन । 'हावा खानु' मा बतास खानु हुँदैन । यसरी टुक्काका रूपमा आएका पदहरू परिवर्तन गर्न मिल्दैन यदि परिवर्तन भयो भने अर्थ खुल्न सक्दैन र अर्थ लगाउन खोजेपनि अनर्थ हुन सक्छ ।

### ३.४.५ लक्षणाधर्मिता हुनु

टुक्काका रूपमा प्रयोग हुने पदहरूले आ-आफ्नो वाच्यार्थ छोडी लक्ष्यार्थ हुँदै ब्यङ्यार्थ दिन्छन् । यदि लक्षार्थ र व्यङ्ग्यार्थ दिन सकेनन् भने ती टुक्का बन्न  सक्दैनन् ।  जस्तै  मेरो

१६. चुडामणि बन्धु, **'नेपाली लोक साहित्य'** (काठमाडौ : एकता बुक्स, २०५८) पृ.३५० ।

साथीका बुवा बस दुर्घटनामा परी मास छर्न जानुभयो । र मेरो साथीका बुवा हलो र गोरू लिएर खेतमा मास छर्न जानुभयो । यी दुई वाक्यमा आएका 'मास छर्न जानु' मध्ये पहिलो वाक्यमा आएको मास छर्न जानु टुक्का हो भने दोस्रो वाक्यमा आएको मास छर्न जानु टुक्का होईन । यसरी लक्ष्यार्थ र व्यङ्ग्यार्थमा जोड दिनु टुक्काको अर्को विशेषता हो ।

### ३.४.६ सरलता र सरसता

टुक्काहरू स्वभावैले सरल तथा सरह हुन्छन् । यिनको प्रयोग पठित तथा अपठित दुबै खालका व्यक्तिले गर्ने भएकाले टुक्कामा प्रयोग हुने शब्द सरल तथा सरस हुन्छन् । टुक्काहरू लक्ष्यार्थ र ब्यङग्यार्थका लागि प्रयोग भएता पनि यिनीहरूमा सरलता हुन्छ । जब टुक्का वाक्यमा वा भाषामा प्रयोग भयो भने भाषा वा वाक्य अत्यन्त मीठो, रसिलो र सजिलै सबैले बुझ्ने खालको बन्दछ । टुक्कामा प्रयोग हुने शब्दहरू सामान्य लोकजीवनबाट लिइएका हुन्छन् । जस्तै 'मैझारो गर्नु' भन्ने टुक्कामा सामान्य बोली व्यवहारमा प्रयोग हुने सरल शब्द संयोजन गरिएको छ ।

### ३.४.७ सङ्क्षिप्तता र लोकप्रियता हुनु :

टुक्काहरू लोकसाहित्यका अन्य विधाका तुलनामा सङ्क्षिप्त हुन्छन् । यिनको आकार लघु हुन्छ । विशेष गरेर टुक्काहरू एकपदीय टुक्कादेखि तीन पदीय रूपसम्मका अभिव्यक्ति देखिन्छन् । जस्तै

एक पदीय - कंश, कुकुर, बाँदर, राक्षस आदि ।

दुई पदीय - बाटो तताउनु, सातो खानु, पेट लाग्नु आदि ।

तीन पदीय - कानमा बतास लाग्नु, कुहिराको काग हुनु, चन्द्रमा दाहिने हुनु आदि ।

यसका साथै लोकप्रियता पनि टुक्काको अर्को विशेषता हो । टुक्काहरू लोकजीवनमा भिजेर रहेका भाषिक अभिव्यक्तिका सूत्रात्मक कथन हुन् । यही सूत्रात्मकताले नै लोकोक्तिका रूपमा प्रचलित त्यस्ता टुक्काहरू लोकजीवनमा मौखिक परम्परामा जीवित रहँदै आएका हुन् । यसरी टुक्काको अर्को विशेषता भनेको सङ्क्षिप्तता र लोकप्रियता हो ।

## ३.५ टुक्का र उखानमा भिन्नता

लोकसाहित्यका विविध विधाहरूमध्ये उखान र टुक्का फरक फरक विधा हुन् । यी दुई विधाको छुट्टाछुट्टै अस्तित्व स्थापित भइसकेको छ । लोकजीवनमा यी दुई विधाहरूलाई एउटै विधाका रूपमा उखान टुक्का भनिएको पाईन्छ । तापनि यिनीहरूको अलग्गै अस्तित्व भेटिन्छ र अलगअलग विधा पनि हुन् । उखानभित्र टुक्का आउन सक्छन् तर टुक्काभित्र उखान

आउँदैन । यी विधा लोकोक्ति भित्र परे तापनि यिनीहरू बीचको भिन्नतालाई विभिन्न विद्वानहरूले यसरी प्रस्ट्याएका छन् ।

उखान र टुक्काको भिन्नतालाई देखाउँदै पुष्कर शमशेरले भनेका छन् "दुई टुक्रा पार्‍यो भने एउटा काम हुँदा अर्को काम भयो भने उखान, एक टुक्रा मात्र छ भने अर्थात् संलग्न एउटा काममात्र दर्शाउँछ भने टुक्का (वाक्यांश) बन्दछ ।" [१७]

चुडामणि बन्धुका अनुसार, " उखानहरूमा व्यञ्जना हुन्छ भने टुक्काहरू प्राय : लक्ष्यार्थमा प्रयुक्त हुन्छन् ।" [१८]

मोहनराज शर्माका अनुसार, "टुक्कालाई झिक्दा वाक्यको संरचना भत्किन्छ तर उखानलाई झिक्दा न संरचना भत्किन्छ न अर्थ परिवर्तित हुन्छ ।" [१९]

धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार, "वाक्यबाट उखानको घचेट्याई भएमा पनि वाक्यको स्वरूप खास त्यति बिग्रिदो अवस्थामा हुँदेन, यसको विपरित स्थिति छ टुक्काको ।"[२०]

कृष्णप्रसाद पराजुलीका अनुसार, "उखान नीतिसाहित्य अर्न्तगत आउँछ, टुक्का भने नीतिपरक नभएर लक्षणात्मक हुन्छन् । अर्थका दृष्टिले पनि उखान स्वत : पूर्ण हुन्छ टुक्का चाहि अपूर्ण ।" [२१]

भोजराज ढुङ्गेलका अनुसार, "उखान सर्वदेशीय हुन्छ भने टुक्का स्वदेशीय हुन्छ । यसैले टुक्काको अनुवाद गर्ने काम फलामको चिउरा चपाएसरह हुन्छ ।" [२२]

यी माथिका भनाइहरूलाई हेर्दा उखान र टुक्का बीचको भिन्नता स्पष्ट हुन्छ । उखान वाक्यस्तरको विशिष्ट अभिव्यक्ति हो भने टुक्का भाषाको शब्द भण्डार हो । उखानलाई वाक्यमा प्रयोग गर्नु पर्दैन तर टुक्कालाई वाक्यमा प्रयोग गरेपछि अर्थमा विशिष्टता र चमत्कारिता आउँदछ । उखान र टुक्काको अन्तरलाई बुँदागत रूपमा यसरी राख्न सकिन्छ ।

---

१७. पुष्करशमशेर ज.ब.रा, पूर्ववत् ।

१८. चुडामणि बन्धु, पूर्ववत्, पृ. ३५१ ।

१९. मोहनराज शर्मा, **शब्द रचना र वर्गविन्यास (वाक्यखण्ड सहित)**, (काठमाण्डौ : पाठ्यसामग्री प्रकाशन, २०४६), पृ. १८३ ।

२०. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ४१७ ।

२१. कृष्णप्रसाद पराजुली, **नेपाली उखान र गाउँखाने कथा**, तेस्रो संस्करण, (काठमाडौंः रत्न पुस्तक भण्डार, २०५४), पृ. २५ ।

२२. भोजराज ढुङ्गेल, **उखान-टुक्का शिक्षण** (दृष्टि लोकसाहित्य प्रधान, अङ्क १, आश्विन, २०५१) पृ. ३३ ।

| उखान | टुक्का |
|---|---|
| क) उखान लघु आकारको हुनु । | क) टुक्का लघुतर आकारको हुन्छ । |
| ख) उखान दृष्टान्तमूलक र ब्यञ्जनामूलक हुन्छन् । | ख) टुक्का लक्षणात्मक हुन्छन् । |
| ग) उखान पद्यात्मक पनि हुन्छन् । | ग) टुक्का गद्यात्मक हुन्छन् । |
| घ) उखान स्वतन्त्र हुन्छन् । | घ) टुक्का वाक्यभित्र टम्म मिलेको अवयव हो । |
| ङ) उखानलाई आहान, किस्सा, भनाई, कथन, उक्ति, लोकोक्ति भनिन्छ । | ङ) टुक्कालाई वाग्धारा, वाक्यपद्धति, वाग्रीति, मुहावरा र वाक्यांश भनिन्छ । |
| च) उखान स्वतन्त्र रूपमा पनि प्रयोग हुन्छ । | च) टुक्का वाक्यमा मात्र प्रयोग हुन्छ । |
| छ) उखानको ध्वनिमा परिवर्तन भए पनि अर्थगत अभिप्रायमा उही हुनु । | छ) एउटै क्रियामूल शब्दमा धेरै टुक्काहरू बन्न सक्दछन् । |
| ज) सबै उखानको प्रयोग लोकोक्ति अलङ्कारका रूपमा हुन्छ । | ज) टुक्काको प्रयोग शब्दशक्तिका निम्ति हुन्छ । |
| झ) उखानको संरचना वाक्य स्तरको हुन्छ | झ) टुक्काको संरचना पदसमूहात्मक हुन्छ |
| ञ) उखान वाक्य स्तरका हुन्छन् । | ञ) टुक्का वाक्यांश स्तरका हुन्छन् । |

## ३.६ टुक्काको वर्गीकरण

नेपाली टुक्काको वर्गीकरण गर्ने कुनै एउटा सैद्धान्तिक आधार नभए तापनि नेपाली टुक्काहरूलाई विभिन्न आधारमा वर्गीकरण गर्न सकिन्छ । ती मध्ये टुक्कालाई दुई किसिमले वर्गीकरण गर्न सकिन्छ ।

क) भाषिक संरचनाका दृष्टिले दुक्काको वर्गीकरण

ख) विषयबस्तुका दृष्टिले टुक्काको वर्गीकरण

### ३.६.१ भाषिक संरचनाका दृष्टिले टुक्काको वर्गिकरण

भाषिक संरचनाका दृष्टिले टुक्काको संरचनात्मक पक्ष कस्तो छ र कसरी निर्माण भएको छ सो कुरालाई ख्याल राखी वर्गीकरण गर्न सकिन्छ । संरचनाका दृष्टिले टुक्कालाई दुई प्रकारमा बाँड्न सकिन्छ ।

क) पदगत टुक्का

ख) पदावलीगत टुक्का

### ३.६.१.१ पदगत टुक्का

पदगत टुक्का त्यसलाई भनिन्छ, जुन एउटै पदले बनेको हुन्छ । नेपालीमा पदगत टुक्काहरू प्रसस्तै देखिन्छन् । पदगत टुक्कालाई निम्नानुसार हेर्न सकिन्छ ।

नामपदीय टुक्का : बाँदर, सुँगुर, कंश, गधा, गाई, गोरू, पशु आदि ।

क्रियापदीय टुक्का : बल्झाउनु, अल्झाउनु, उम्किन, कुर्लिनु, बिर्सनु, लत्याउनु आदि ।

विशेषणपदीय टुक्का : अपराधी, टोकाहा, औँस्याहा, मूल्याहा, पुछ्राहा आदि ।

### ३.६.१.२ पदावलीगत टुक्का

वहुपदीय टुक्काहरूलाई पदावलीगत टुक्का भनिन्छ । यस्ता टुक्काहरू नामपद र क्रियापद, विशेषणपद र क्रियापद विशेषण विशेष्य र क्रियापद, नाम, विशेषण र क्रियापद, द्विरूक्त शब्द र क्रियापद, समस्त पद र क्रियापद, भेदक भेद्य र क्रियापद, अव्यय र क्रियापद तथा सर्वनाम, नाम र क्रियापद, भेदक भेद्य र क्रियापद, अव्यय र क्रियापद तथा सर्वनाम, नाम र क्रियापद मिली बनेका पाइन्छन् । जस्तै

- नामपद र क्रियापद मिली बनेका टुक्काहरू : आँखा खुल्नु, कम्मर कस्नु, कान खानु, नाक काट्नु, जिब्रो टोक्नु आदि ।
- विशेषण पद र क्रियापद मिली बनेका टुक्काहरू : तातो लाग्नु, अन्धो हुनु, खल्लो हुनु, चिसो हुनु, चिप्लो घस्नु, दही चिउरे हुनु आदि ।
- विशेषण, विशेष्य र क्रियापद मिली बनेका टुक्काहरू : लामो हात गर्नु, अँध्यारो मुख लाउनु, तीन सहर घुमाउनु, कुखुरे बैंस चढ्नु आदि ।
- नाम, विशेषण र क्रियापद मिली बनेका टुक्काहरू : दालमा कालो हुनु, नाक ठाडो हुनु, जीउ भारी हुनु, आँखा टेढो पार्नु आदि ।
- द्विरूक्त शब्द र क्रियापद मिली बनेका टुक्काहरू : हातपात गर्नु, मुखामुख गर्नु, हेराहेर गर्नु, आच्छुआच्छु पार्नु, काटीकुटी गर्नु, चुरीफुरी देखाउनु आदि ।
- समस्त पद र क्रियापद मिली बनेका टुक्काहरू : आकाश पाताल जोड्नु, हातमुख जोड्नु, कालोनीलो हुनु, आगोपानी हुनु आदि ।
- अव्यय पद र क्रियापद मिली बनेका टुक्काहरू : ठहरै पार्नु, ट्वाल्ल पर्नु, पछि लाग्नु, उँभो लाग्नु, हरूक्क हुनु, भुतुक्क हुनु आदि ।

- भेदक, भेद्य र क्रियापद मिली बनेका टुक्काहरू : परालको आगो हुनु, कुहिराको काग हुनु, बुद्धिमा किरा लाग्नु, कागको फूल चोर्नु फूलको थुङ्गा हुनु आदि ।
- सर्वनाम, नाम र क्रियापद मिली बनेका टुक्काहरू : आफ्नो मुख हेर्नु आफ्नो खाडल खन्नु, मै हुँ भन्नु, आफ्नै खुट्टामा हान्नु आदि ।

### ३.६.२ विषयवस्तुका दृष्टिले टुक्काको वर्गीकरण

टुक्काहरू कुनै विषयवस्तुलाई अझ गहिरोबाट चिनाउन प्रयोग भएका हुन्छन् । ती पदगत हुन् वा पदावलीगत हुन् , तिनीहरूले कुनै न कुनै विषयवस्तुलाई लक्ष्य गरेका हुन्छन् । त्यसैले टुक्काहरूलाई विषयवस्तुका आधारमा निम्नानुसार वर्गीकरण गर्न सकिन्छ ।

#### ३.६.२.१. आर्थिक अवस्थासँग सम्बन्धित टुक्का

नेपाली भाषामा प्रयोग भएका कतिपय टुक्काहरूले नेपाली जनजीवनका आर्थिक अवस्थालाई व्यक्त गरेको पाइन्छ । जस्तै  खरानी घस्नु, जोगी हुनु, झोली थाप्नु, तालुमा आलु फल्नु, कुम्लो कुटिरो बोक्नु, झोलीतम्मा हुनु आदि । यस्ता टुक्काहरूले नेपाली लोकजीवनका आर्थिक अवस्थालाई समेट्दै भाषिक व्यवहारका क्रममा प्रयोग भएका हुन्छन् जसलाई आर्थिक अवस्थासँग समबन्धित टुक्का भनेर चिन्न सकिन्छ ।

#### ३.६.२.२. सामाजिक सांस्कृति र परम्परासँग सम्बन्धित टुक्का

टुक्काहरू सामाजिक संस्कृति र परम्पराका उपज हुन् । नेपाली समाजमा प्रचलित टुक्काहरू लोकजीवनले लामो समयदेखि बटुलेका अनुभवहरूलाई खारेर माझेर व्यवहारमा वा प्रचलनमा ल्याएको पाइन्छ । त्यस्ता टुक्काहरूले निजी संस्कृति र परम्पराको प्रतिनिधित्व गरेका हुन्छन् । जस्तै  अपुताली पर्नु, चिना हेर्नु, भाकल गर्नु, बाजा बजाउनु, धुप हाल्नु, नुन छाड्नु, कपाल फाल्नु, टाउको खौरिनु, टीका लाइदिनु, साइत जुराउनु आदि । यस्ता टुक्काहरूलाई सामाजिक संस्कृति र परम्परासँग सम्बन्धित टुक्का भनेर चिन्न सकिन्छ ।

#### ३.६.२.३. ऐतिहासिक र पौराणिक विषयसँग सम्बन्धित टुक्का

लोकजीवनमा प्रचलित कतिपय टुक्काहरू जातीय इतिहास र पुराणसँग सम्बन्धित छन् । बितेका कुरा र पुराणमा वर्णित कुराहरूलाई प्रसङ्गमा ढालेर उक्तिलाई अझ कसिलो, चोटिलो र दरिलो पारेका हुन्छन् । एकातिर उक्तिमा विचित्रता आउँछ भने अर्कातिर इतिहास र पुराणको झझल्को आउँदछ । जस्तै  आरती गर्नु, कुम्भकर्ण बन्नु, चार भञ्ज्याङ कटाउनु, देवीको शरण पर्नु, महाभारत मच्चाउनु, पुराण सुनाउनु, सती जानु, न्याय माग्न गोर्खा जानु, सतीको श्राप लाग्नु, भीमसेन बन्नु आदि यस किसिमका टुक्काहरूमा ऐतिहासिक र पौराणिक

कुराहरूलाई भाषिक व्यवहारका क्रममा प्रयोग गरेर वर्तमानलाई व्यङ्ग्य गरेका हुन्छन् । यस्ता किसिमका टुक्काहरूलाई ऐतिहासिक र पौराणिक विषयसँग सम्बन्धित टुक्का भन्न सकिन्छ ।

### ३.६.२.४. राजनीतिसँग सम्बन्धित टुक्का

लोकजीवनमा प्रचलित टुक्काहरूले राजनीतिको पनि झझल्को दिन्छन् र हाल आएर राजनीतिक क्षेत्रमा त्यस्ता प्रशस्तै टुक्काहरू प्रयोग भएका छन् । जस्तै : आँ गर्दा अलङ्कार बुझ्नु, खुट्टा तान्नु, कुरा काट्नु, टुप्पामा पुऱ्याएर ढाल्नु, आफ्नो खाल्टो आफै खन्नु, पोल खुल्नु, भाषण छाँट्नु, धोती न टोपी हुनु, धोती फुस्कनु, धम्की दिनु, हार खानु, सम्झौता गर्नु आदि । यस्ता राजनीतिकसँग सम्बन्धित टुक्काहरू राजनीतिज्ञले प्रयोग गर्नाका साथै सर्वसाधारणले पनि प्रयोग गरेर समाजका विकृति, विसङ्गति माथि चोटिलो प्रहार गरेका हुन्छन् । राजनीतिज्ञले प्रयोग गर्ने टुक्का र सर्वसाधारणले प्रयोग गर्ने टुक्काको अर्थमा व्यापक भिन्नता पाइन्छ तापनि यस्ता टुक्काहरूलाई राजनीतिसँग सम्बन्धित टुक्का भनेर बुझ्न सकिन्छ ।

### ३.६.२.५. नीति उपदेशसँग सम्बन्धित टुक्का

लोकजीवन अपठित जनताको पाठशाला भन्न सकिन्छ । अपठित समूहले लोकजीवनबाट नैतिक आचरण र उपदेशहरू सिकेका हुन्छन् त्यस्तै नैतिक कुराहरूलाई टुक्कामा उनेर भाषाका माध्यमबाट व्यक्त गर्दछन् । जहाँ मानिसका लागि चाहिने नैतिक आचरण र उपदेशहरू प्रष्ट रूपमा व्यक्त भएका हुन्छन् । जस्तै आपत् पर्दा ज्यान दिनु, इख लिनु, उकालो लाग्नु, उपदेश सुन्नु कम्मर कस्नु, गम खानु, घर खानु, पिर खप्नु, माया मार्नु, मन दिनु, यश फिजाउनु, इज्जत राख्नु, सगरमाथा चढ्नु, साथ दिनु, हात दिनु, ज्ञानगुनका कुरा सुन्नु आदि । यी टुक्काहरूले लोकजीवन सचेत लोकको पाठशाला हो भन्ने कुराको उदाहरण दिएका छन् । समाजलाई माझ्दै जीवन भोगाइका क्रममा आएका सम्पूर्ण कुराहरूलाई सहज रूपमा प्रेरणा दिएको पाइन्छ । साथै लोक समाज नै ज्ञानविज्ञानको आदि स्रोत हो । जसबाट हरेक मान्छेहरूले नीति र उपदेश तथा ज्ञानगुनका कुराहरू सहज रूपमा ग्रहण गरेका हुन्छन् । भाषामा उनिएर आएका यस्ता टुक्काहरूलाई नैतिक उपदेशसँग सम्बन्धित टुक्का भनेर चिनिन्छ ।

### ३.६.२.६. मनोविज्ञानसँग सम्बन्धित टुक्का

लोकजीवन आफैमा एउटा ज्ञानविज्ञानदेखि लिएर मनोविज्ञान सम्म फैलिएको विश्वविद्यालय हो । जहाँ मानिसका हरेक क्रियाकलापहरूको अध्ययन भएको पाउन सकिन्छ । लोकसमाजमा प्रचलित प्रशस्तै टुक्काहरू मनोविज्ञानसँग सम्बन्धित छन् । जस्तै : आँखा मार्नु, मन चोर्नु, जुँगा चल्नु, कुरा बुझ्नु, मन जित्नु, मन मिल्नु, चिसो पस्नु, इन्नु न चिन्नु पर्नु, सुइको पाउनु आदि । यस्ता टुक्काहरूको प्रयोगले लौकिक जनजीवनलाई पनि मनोवैज्ञानिक पाठशालाको एक हिस्साका रूपमा बुझ्न सकिन्छ । मानिसका मनका कुराहरूलाई लोकसमाजले सहजै व्यक्त गर्ने क्रममा भाषासँग सटिक र मर्मस्पर्शी बनाउँदै टुक्काका रूपमा व्यक्त गरेका हुन्छन् । यस किसिमका टुक्काहरूलाई मनोविज्ञानसँग सम्बन्धित टुक्का भनेर चिन्न सकिन्छ ।

### ३.६.२.७. पशुपक्षीसँग सम्बन्धित टुक्का

पशुपक्षीको उदाहरण दिएर उक्तिमा विचित्रता प्रदान गर्न पशुपक्षी सम्बन्धी टुक्काहरू प्रयोग भएका हुन्छन् । जस्तै  काग कराउनु, गधाहा जस्तो हुनु, काँनो गोरू बन्नु, बिरालोले बाटो काट्नु, हात्ती लम्केझै हुनु, काग जस्तो बाठो हुनु आदि यस्ता टुक्काहरूबाट एकातिर पशुपक्षीको स्वभाव पत्ता लगाउन सकिन्छ भने अर्कोतिर मानव स्वभावमा व्यङ्ग्य हानेको पाउन सकिन्छ । कुनै विषयलाई लक्ष्य गर्दा यस्ता टुक्काहरू सहज रूपमा आएका हुन्छन् । जसलाई पशुपक्षीसँग सम्बन्धित टुक्का भनिन्छ ।

### ३.६.२.८. वनस्पतिसँग सम्बन्धित टुक्का

वनस्पतिसँग समबन्धित टुक्काहरू पनि नेपाली भाषामा प्रशस्त छन् । जसले बोटविरूवा तथा वनस्पतिजन्य पदार्थको उदाहरण दिएर उक्तिमा मिठास थपेका हुन्छन् । जस्तै - तोरीको फूल देख्नु, बाँस निहुरिए झै हुनु, सिस्नो पानी लाउनु, सिन्की खादे झै खाँद्नु आदि । यस्ता टुक्काहरूबाट एकातिर वनस्पतिको परिचय पाउन सकिन्छ भने अर्कोतिर मानवीय स्वभाव र क्रियाकलापको परिचय पाउन सकिन्छ । यस किसिमका टुक्काहरूलाई वनस्पतिसँग सम्बन्धित टुक्का भनिन्छ ।

### ३.६.२.९. शारीरिक अङ्गसँग सम्बन्धित टुक्का

मानव शरीरमा हुने विभिन्न अङ्गहरूसँग सम्बन्धित टुक्काहरू पनि लोकसहित्यमा प्रशस्तै पाइन्छन् । यी टुक्काहरूले मानव शरीरका विभिन्न अङ्गहरूको उदाहरण दिएर भाषामा मिठास थपेको पाइन्छ । जस्तै  नाक काट्नु, नाक राख्नु, भुँडी लाग्नु, हात बाँधेर

बस्नु, खुट्टा भाँच्नु, टाउको खानु, आँखा लाग्नु आदि । यस्ता टुक्काहरूमा एकातिर शारीरिक अङ्गहरूको परिचय पाउन सकिन्छ भने अर्कातिर मानवीय शरीरका अङ्गहरूसँग विभिन्न अवस्थाको तुलना गरी दृष्टान्त दिएको पाइन्छ

## ३.७ नेपाली टुक्काको अध्ययन परम्परा

जुन समयदेखि मानव सभ्यताको विकास भयो त्यही समय देखि नै लोकसाहित्यको विकास भएको मान्न सकिन्छ । लोक साहित्यका विविध विधाहरूको अध्ययन गर्दा यो परम्परा आदिकालदेखि नै चल्दै आएको पाइन्छ । लोक साहित्यमा टुक्काको प्रयोग जानी वा नजानी परम्परागत रूपमा हुँदै आएको छ । तर पनि यसको सुरूवात कहिलेदेखि भयो भन्ने कुराको अनुमान लगाउन नसकिए तापनि लेख्य साहित्यमा टुक्का प्रयोग कहिलेबाट भयो भन्ने कुरा पत्ता लगाउन पुराना विभिन्न वाङ्मय ग्रन्थ र साहित्यिक ग्रन्थहरूको अध्ययनबाट पत्ता लगाउन सकिन्छ । लेख्य साहित्यमा टुक्काको प्रयोग शुरूवातबाट नै भए तापनि टुक्काको अध्ययन धेरै पछि आएर मात्र भएको पाइन्छ । टुक्काको अध्ययन परम्परालाई केलाउने क्रममा वि.सं. १९९८ लाई आधार मानेर वा शुरूवात मानेर अध्ययन शुरू गर्न सकिन्छ ।

वि.सं. १९९८ मा पुष्कर शमशेरले उखान टुक्काको वर्णक्रमानुसारी सूची वा वाक्यांश वाक्यपद्धति इत्यादि कोष तयार पारेर टुक्काका लागि प्रथम पाइला चालेको मान्न सकिन्छ । उक्त कार्यमा उखान र टुक्काका बीचको भिन्नता स्पष्ट नभए तापनि भिन्नताका स्पष्ट संकेत देखापरेका छन् । उक्त कार्य केवल उखान र टुक्काको वर्णक्रमानुसारी सूची मात्रै भए तापनि पछिका अध्ययनहरूलाई ठूलो मार्ग निर्देशन भएका छ । यसपछि वि.सं. २००० मा गोपाल पाण्डेले रचनाकेशर मा टुक्का, वाक्यांश र वाक्यपद्धतिका बारेमा चर्चा गरेका छन् । तर टुक्काको विस्तृत विश्लेषण हुन नसक्नुले यस कार्यले पनि केवल पछिका कार्यहरूलाई मात्र सहयोग गरेको मान्न सकिन्छ । यसपछि पारसमणि प्रधानले नेपाली मुहावरा (२०११) मा नेपाली टुक्कालाई हिन्दी भाषाका सापेक्षतामा हेर्दै नेपाली टुक्कालाई मुहावरा नाम दिएर चर्चा गरेका छन् । यस्तै प्रधानकै अर्को नेपाली रचना भारती र भाषा प्रवेश नामक नेपाली व्याकरणमा पनि टुक्कालाई नेपाली भाषाका सापेक्षमा हेर्न नसक्नु यी दुबै कार्यको कमजोरी पक्ष भएता पनि नेपाली टुक्काको अध्ययन परम्परामा राम्रो आधारशिला तयार गरेको मान्न सकिन्छ । यस्तै बालचन्द्र शर्माले नेपाली शब्दकोष (२०१९) मा टुक्काको अर्थ दिएतापनि उखान र टुक्कामा भिन्नता देखाउन सकेका छैनन् र टुक्कालाई एउटै मानेका छन् । लक्ष्मण शास्त्रीको नेपाली राष्ट्रिय मुहावरा (२०१५) लाई टुक्का सम्बन्धि राम्रो कार्य मानेता पनि

उखान र टुक्का बिच अन्तर देखाईएको छैन । यस्तै पुस्कर शमशेरको मूलग्रन्थको सङ्क्षिप्त संस्करण उखान र टुक्काको कोष (२०२४) अर्को महत्वपूर्ण कार्य हो । तर पनि यो पुरानै ग्रन्थको नयाँ संस्करण भन्दा नयाँ कुराहरू आउन सकेका छैनन् । बालकृष्ण सुवेदी ले राप्ती अञ्चलका केही प्रसिद्ध उखान टुक्का (२०२५) शीर्षकको लेखमा त्यस क्षेत्रको टुक्काबारे चर्चा गरेको पाईन्छ । यस्तै चुडामणि बन्धु 'भाषाविज्ञान' (२०३०) मा टुक्कालाई भाषिक दृष्टिकोणबाट हेर्दै टुक्कालाई 'मुहवरा' भनेर चर्चा गरेका छन् । यस्तै कृष्णप्रसाद पराजुली को 'राम्रो रचना मिठो नेपाली' (२०३३) मा टुक्कालाई भाषिक दृष्टिले हेर्दै छोटो चर्चा गरेको पाईन्छ । यहाँसम्म आईपुग्दा नेपाली टुक्कालाई उखानसँगै जोडेर अध्ययन र चर्चा गरेको पाइन्छ र हिन्दीमा प्रचलित मुहावराका आधारमा नेपाली टुक्कालाई हेर्ने प्रचलन भए तापनि यसमा केही कमी आउन थालेको देखिन्छ ।

नेपाली टुक्काहरूको चर्चा गर्ने क्रममा भाषाशास्त्री बालकृष्ण पोखरेल ले 'राष्ट्रभाषा' (२०३१) मा टुक्काको ब्याख्या गरेका छन् र प्रथम पटक टुक्कालाई एकपदीय र अनेकपदीय गरेर छुट्टाएका छन् । यिनले अनेकपदीय टुक्कालाई क्रियायुक्त र क्रियामुक्त गरी छुट्टाएका छन् । यस्तै हर्षनाथ भट्टराईले पनि 'अनिवार्य नेपाली रचना' (२०३८) मा केही टुक्काहरू दिएर तिनलाई वाक्यांश वा वाक्यपद्धति भनेर चर्चा गरेका छन् ।

नेपाली टुक्का अध्ययन कै क्रममा महत्वपूर्ण उपलब्धी चुडामणि रेग्मी को 'नेपाली टुक्काको अध्ययन' (२०४१) हो । यस कार्यमा पूर्वकार्यको समीक्षा समेत दिँदै परिचय, परिभाषा र वर्गीकरण गरेर दुई हजार दुई सय टुक्काको सूची समेत दिइएको छ । यस कार्यलाई टुक्का अध्ययन परम्पराको महत्वपूर्ण कडी मान्न सकिन्छ । यस्तै हिरामणि शर्मा पौड्यालले पर्वती भाषिकाको स्वरूप र संरचनालाई प्रष्ट पार्दै त्यस क्षेत्रमा प्रचलित केही टुक्काको संकलन सूची दिएका छन् ।

यसै गरेर भोजराज ढुङ्गेल ले उखान टुक्का शिक्षण (२०५१) भनेर लेखेको पुस्तकले पनि नेपाली टुक्का अध्ययनका क्षेत्रमा आंशिक रूपमै भए पनि लाभ दिने काम गरेको छ । नेपाली टुक्काको अध्ययनका क्रममा शिवप्रसाद पौड्याल नेपाली टुक्काहरूको सर्वेक्षण र विश्लेषण (२०६१) ले महत्वपूर्ण योगदान दिएको पाईन्छ । उखान टुक्का बीचको स्पष्ट अन्तर देखि लिएर टुक्काको परिचय, परिभाषा र विशेषता देखि टुक्काको महत्वपूर्ण विश्लेषण र वर्गीकरण यसले गरेको पाईन्छ । यस कार्यले टुक्का अध्ययताहरूका लागि सबैभन्दा बढी योगदान गरेको देखिन्छ ।

नेपाली टुक्काको सानोतिनो चर्चा गर्ने क्रममा विभिन्न उपासकहरूका कृतिहरूमा तुल्सीप्रसाद ढुङ्गेल को 'नेपाली रचना शिल्प' (२०२५), नरेन्द्र चापागाँई को 'शब्द वाक्य र अभिव्यक्ति' (२०३२), रोहिणिप्रसाद भट्टराई को, 'बृहद् नेपाली ब्याकरण' (२०३३), मोहनराज शर्मा को, शब्द रचना र वर्ण विन्यास भाषा वैज्ञानिक पद्धति (२०३६) धर्मराज थापा र हंसपुरे सुवेदी को 'नेपाली लोक साहित्यको विवेचना' (२०४१), शम्भुप्रसाद कोईराला को लोकसाहित्य : सिद्धान्त र विश्लेषण (२०४४), कृष्णप्रसाद पराजुली को 'भाषाको माया' (२०४४) मोतीलाल पराजुली को 'नेपाली लोकगाथा' (२०४९), कृष्णप्रसाद पराजुली कै लोकगीतको आलोक ( २०५७), जीवेन्द्रदेव गिरी को 'लोकसाहित्यको अवलोकन' (२०५७), चुडामणि बन्धु को 'नेपाली लोकसाहित्य' (२०५८), आदि पुस्तकहरूको नाम लिन सकिन्छ । यसका साथै सरोज कुमार शाक्य को 'उखान टुक्का' (२०४१) लेख, शंकरप्रसाद श्रेष्ठको 'हाम्रो उखान टुक्का' (२०१८) लेख, दुर्गाप्रसाद श्रेष्ठ र चन्द्रबहादुर श्रेष्ठ को 'अंग्रेजी नेपाली वाक्यांश' (२०३२), लीलासिँह कर्मा को 'हाम्रो लोकसाहित्य' (२०२३) , हर्षनाथ शर्मा भट्टराई को अनिवार्य नेपाली रचना ( २०२३, २०३८ र २०४९) प्रदीप रिमाल को 'कर्णाली लोक संस्कृति' (२०२८), अनिवार्य नेपाली शिक्षण : निर्देशन खण्ड-२ (२०३९), कृष्णप्रसाद पराजुली को 'नेपाली उखान र खाउँखाने कथा' (२०३९), चुडामणि रेग्मी को 'नेपाली टुक्काहरूको अध्ययन' (२०४१), श्रीधर गौतम र राजनारायण यादव को 'उखान र वाक्यपद्धति' (२०४३) पूर्ण प्रकाश नेपाल 'यात्री' को 'भेरी लोक साहित्य' (२०४१) रमेश अधिकारी को केही नेपाली उखान टुक्का संग्रह ( २०५३) देवीप्रसाद वनवासी को 'आँधीखोले लोकसंस्कृति (२०५५) लक्ष्मी पन्थी को गुल्मी जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन (शोधपत्र २०५६) उमा चन्दको उखान टुक्का ( २०५७) लेख उत्तरकुमार पराजुली को उखान टुक्का (२०५८) लेख इन्द्रबहादुर भण्डारी को बाग्लुङ् जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन (शोधपत्र २०६०) र योगेन्द्रप्रसाद बजगाई को अछाम जिल्लामा प्रचलित टुककाहरूको अध्ययन (शोधपत्र २०६२) आदि रहेका छन् । हाल आएर नेपाली लोकसाहित्य र यसका विभिन्न विधाहरूमा क्षेत्रीय र राष्ट्रिय स्तरबाट अध्ययन अनुसन्धान व्यापक रूपमा हुन थालेको पाइन्छ । उक्त कार्यमा त्रि.वि. नेपाली केन्द्रीय विभागको महत्वपूर्ण योगदान रहेको छ । साथै संस्थागत रूपमा र व्यक्तिगत रूपमा यस्ता कार्यहरू भइरहेका छन् जसले गर्दा नेपाली टुक्काहरूको अध्ययन परम्परामा व्यापकता आउन थालेको छ ।

एवम्रीतले चल्दै आएको नेपाली टुक्काको अध्ययन एवम् शोधखोज परम्परालाई अझ व्यापक रूपमा विस्तृत बनाउँदै नेपाली भाषा र लोकसाहित्यका विविध विधाहरूको विकास गर्नु आजको आवश्यकता हो ।

## ३.८. निष्कर्ष

टुक्का लोकसाहित्य र भाषाको महत्वपूर्ण विषय हो भन्ने कुरामा दुई मत छैन । लिखित साहित्यको पृष्ठभूमिका रूपमा लोकसाहित्यलाई लिनुपर्ने हुन्छ । लोकसाहित्यलाई कुनै सिद्धान्त वा वादको घेराभित्र राख्नु असम्भव प्रायः छ । लोकसाहित्यका विविध विधाहरूको जति उपयोग गर्न सकिरहेका छौं, तिनीहरूलाई एकै ठाउँमा राखेर अध्ययन गर्नु लोकसाहित्यिक विधाहरूको अझ संरक्षण गर्नु हो । वनमा स्वतन्त्र फूल्ने फूललाई उखेलेर घरमा ल्याई गमलामा सजाउन खोज्नु पक्कै पनि त्यस फूलप्रतिको संरक्षण होइन, बरू त्यही फूललाई वनमै मलजल गरी आफै फूल्न दिने वातावरण सिर्जना गर्नु त्यस फूल प्रतिको माया एवम् वास्तविक संरक्षण मान्न सकिन्छ । त्यसैले लोकसाहित्य आफैमा सिर्जना हो फूल हो जसलाई कृतिमताको जरूरी छैन, कुनै फूलदानीमा त्यसलाई सजाउनु जरूरी छैन ।

टुक्काहरूले भाषामा समिश्रण भएर भाषालाई जीवन्तता प्रदान गरेका हुन्छन् । टुक्काले भाषालाई सरस, सरल र ओजपूर्ण बनाउँछ । लोकका अपठित जनसमूहका जिब्रामा झुन्डिएका भाषाका आत्मा हुन् । साहित्यका विविध विधाहरूमा टुक्काहरूको प्रयोग भएको पाइन्छ । टुक्काहरूको प्रयोगले कथा कविता, नाटक आदि जस्ता विधाहरू ओजपूर्ण र प्रभावकारी बन्दछन् । टुक्काको प्रयोगविना यी विधाहरू निरशिला तथा शुष्क समान हुन्छन् । यसरी लेख्य तथा कथ्य भाषा साहित्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने टुक्काहरूको खोज, अनुसन्धान र संरक्षण हुनु नितान्त जरूरी छ ।

# परिच्छेद : चार

# दैलेख जिल्लामा प्रचलित टुक्काको सङ्कलन, वर्गीकरण र विश्लेषण

## ४.१ दैलेख जिल्लामा प्रचलित टुक्काको सङ्कलन

दैलेख जिल्ला मध्यपश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने एक पहाडी जिल्ला हो । विकासमा दृष्टिले नेपालको सन्दर्भमा अविकसित जिल्ला अन्तर्गत पर्ने यस जिल्लाको आफ्नै लोकसाहित्यिक महत्व छ । बहुभाषिक, बहुजातीय र सांस्कृतिक विविधता यस जिल्लाका आफ्नै विशेषता हुन् । नेपाली भाषाको पूर्वेली भाषिकामा पर्ने खसानी उपभाषिकाको बढी प्रयोग हुने यस जिल्लाका जनताहरूले बोल्ने भाषामा प्रशस्तै मात्रामा टुक्काहरूको प्रयोग भएको पाइन्छ । बोलीचालीका क्रममा जनजिब्रोमा मात्र प्रयोग हुँदै आएका टुक्काहरूलाई यस जिल्लाका विभिन्न स्थानहरूमा गई विभिन्न माध्यमबाट सङ्कलन गर्ने काम गरिएको छ । यस जिल्लामा विभिन्न स्थानमा गई अनुभवी वृद्ध-वृद्धा तथा सर्वसाधारणदेखि लिएर उच्च शिक्षा हासिल गरेका व्यक्तिहरूसँग सम्पर्क राखी टुक्काको सङ्कलन गर्ने क्रममा नेपालका अन्य जिल्लामा प्रचलित टुक्काहरू पनि यहाँ प्रचलित भएको पाइयो । त्यसकारण टुक्का सङ्कलनका क्रममा यस जिल्ला र यस जिल्ला बाहेक अन्य जिल्लामा प्रचलित टुक्काहरू पनि सङ्कलनमा पर्न गएका छन् । यस जिल्लामा प्रचलित नेपाली भाषा र नेपाली भाषाको स्थानीय रूपमा प्रचलित टुक्काहरू र तिनको अर्थको सङ्कलन सूची निम्न अनुसार छ ।

**अ**

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| अँगेनो नछोड्नु | देश-विदेश नघुम्नु |
| अँज्यौली (अँजुली) थाप्नु | स्वीकार गर्नु / माग्नु |
| अँठ्याउनु | नछोड्नु |
| अँध्यारो मुख लाइनु | चित्त दुखाउनु, चिन्तित हुनु |
| अँधेराउँनो गोली हान्नु | अन्दाजको आधारमा काम गर्नु |
| अचार बनाउनु | थिच्नु/ पिस्नु / मिच्नु |
| अलङ्कार हराउनु | खुबी/ शीप नहुनु/ ईज्जत गुम्नु |
| अङ्कुश लाइनु | बाधा उत्पन्न गराउनु/ठाउँमा राख्न |
| अँङालो हाल्नु | साथ दिनु / समर्थन गर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| अक्कल गुमाउनु | होस हराउनु / बहकिनु |
| अक्कल पुग्नु | बुद्धि पुग्नु |
| अकमकिनु | दोधारमा पर्नु |
| अचाक्ली हुनु | अन्याय हुनु |
| अति हुनु | असाह्य हुनु/ आवश्यक्ता भन्दा बढी गर्नु |
| अलमलिनु | झुक्किनु/ भुल्नु |
| अगाडि लाग्नु | अगुवाइ गर्नु/मर्नु |
| अघि सर्नु | कुनै काम गर्न जोश जाँगर देखाउनु |
| अगुल्टाले हान्नु | तर्सिनु |
| अचानो हुनु | पीडा पाइरहनु |
| अचानाउ पिर | पीडा, वेदना |
| अचाउटे पचाउटे हुनु | नअघाउने स्वभावको |
| अटेसमटेस हुनु | पचापउन गाह्रो अवस्था |
| अड्कल काट्नु | अनुमान लगाउनु |
| अपुतो हुनु | छोरो नहुनु / स्वर्ग जान नपाउनु |
| अपुताली पर्नु | निसन्तान भइ मृत्यु हुनु |
| अत्तोपत्तो नहुनु | बेखबर हुनु |
| अत्यासिनु | आत्तिनु |
| अन्त हुनु | समाप्त हुनु |
| अड्तो दिनु | अन्तिम अवस्थामा पुग्नु |
| अटकपटकै रनु | मर्नु |
| अवजस पाउनु | कार्यको प्रतिफल प्राप्त नहुनु |
| अल्झलिनु | फस्नु |
| अपहत्ते लाग्नु | पाप लाग्नु |
| अपुताली खानु | अरूको सम्पत्ति सित्तैमा खानु |
| अरिङ्गालो गोलो | रिसाहा |
| अलच्छिन लाग्नु | पाप लाग्नु/नराम्रो हुनु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| अछेता हेर्नु | सकुन हेर्नु |
| अरिङाला गोलाउनो हात हाल्नु | गलत कार्य गर्ने प्रयास गर्नु |
| असामी हुनु | ऋणी हुनु |
| असारको पन्द्र | व्यस्त समय/कामको चापाचाप |
| अस्ताउनु | समाप्त हुनु |
| अछेता लाइनु | शुभ सङ्केत दिनु/आर्शीबाद दिनु |
| अखटको राजा हुनु | अव्यवस्थित अवस्था |

**आ**

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| आँखी हुनु | अर्काको तारो बन्नु |
| आँखाउनो छारो हाल्नु | ठग्नु/झुक्याउनु |
| आँखा बटार्नु | भनेको नमान्नु |
| आँखा तर्नु | एकोहोरो हेर्नु/रिसाउनु |
| आँखा जुजाउनु | सामुन्ने उपस्थित हुनु / प्रतिवाद गर्नु |
| आँखाको कसिंगर हुनु | मन नपराउनु |
| आँखा झिम्क्याउनु | इसारा गर्नु |
| आँसु चुहाउनु | दुःख व्यक्त गर्नु |
| आँसु पिनु | दुःख सहेर बस्नु |
| आनेकाने अर्नु | ठग्नु / सहजै स्वीकार नगर्नु |
| आँखा लाइनु | मन पराउनु/बोक्सी लाग्नु |
| आलु खानु | असफल हुनु |
| आँखाउनो रिङ्नु | सम्झना आइरहनु |
| आलोकाँचो जानु | उमेर नपुगी मर्नु |
| आँखा डास्नु | एकोहोरो हेर्नु |
| आँकडा गन्नु | हिसाब गर्नु |
| आँखा फुट्नु | केही थाहा नपाउनु / देखेर पनि नदेखे झै गर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| आँखापाखा लाग्नु | कोही नहुनु |
| आँखामा बादल लाग्नु | केटी नदेख्नु |
| आँखा निन्याउनु | मर्नु |
| आँखा पाक्नु | दिक्क लाग्नु |
| आँखाको विष मार्नु | सुत्नु |
| आँखा खोल्नु | होस आउनु / थाहा पाउनु |
| आँखा फर्फराउनु | अशुभ संकेत पाउनु |
| आँखा चिम्लेर बस्नु | वास्ता नगर्नु |
| आँखा छल्नु | झुक्याउनु / ठग्नु |
| आँखाउनो नबिझाउनु | साह्रै मन पराउनु |
| आँअह्रा अलङ्कार बुझ्नु | संकेत बाटै कुरा बुझ्नु |
| आङ् तान्नु | अल्छी मान्नु |
| आइतबार पाइतोसार अर्नु | थालनी गर्नु |
| आम्नो खाल्टो आफै खन्नु | जानी जानी आफैलाई दुर्घटनामा पार्नु |
| आगो लाग्नु | सिद्धिनु |
| आसे हुनु | नजिक हुनु |
| आलेजाले अर्नु | काम मात्र चल्ने किसिमको |
| आघात पर्नु | चोट लाग्नु |
| आङ्मा हदेलो नलाग्नु | केटाकेटी मै मर्नु |
| आङ लाग्नु | खाएको कुराले फाइदा गर्नु |
| आइलाग्नु | निहु खोज्नु |
| आकाशको फल | असंभव कुरा |
| आकाशका तारा टिप्नु/ झार्नु | ठूलो काम/असम्भव काम गर्न तम्सिनु |
| आकाश उड्डा सन्टाल्ना छोप्नु | चलाखी गर्नु |
| आकाश पाताल एकै हुनु | सबैतिर मिल्न खोज्नु |
| आकास्सिनु | ठूलो बन्नु /माथितिर जानु |
| आखिरी पड्नु | धौ धौ हुनु /अन्तिम हुनु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| आच्छु आच्छु पार्नु | सताउनु /असफल बनाउने प्रयास गर्नु |
| आगाउनो घिउ थप्नु | समस्यालाई बल्भ्काउनु |
| आगो हुनु | रिसाउनु |
| आड मार्नु | इच्छा पुऱ्याएनु |
| आधा जीउ हुनु | चिन्ता पर्नु |
| आन्रा बेडिनु | भोक लाग्नु |
| आन्रा भुँडी बुभ्क्नु | गोप्य कुरा थाहा पाउनु |
| आमा भन्न  नपाइनु | जन्मदै मर्नु/मौका नपाउनु |
| आजाद हुनु | स्वतन्त्र हुनु |

**इ**

| (टुक्का) | (अर्थ) |
|---|---|
| इँटा थप्नु | सहयोग गर्नु/अगाडी बढाउनु |
| इख लाग्नु | काम गर्ने चाहना लाग्नु |
| इनाम पाउनु | फल पाउनु |
| इलिङविलिङ पार्नु | होच्याउनु/गिज्याउनु |
| इन्तु न चिन्तु हुनु | सिकिस्त विरामी पर्नु/आपतमा पर्नु |
| इबी राख्नु | रिस राख्नु |
| इज्जत जानु | बद्मानी हुनु |
| इज्जत जोगिनु | बदनामीबाट बच्नु |
| इलम अर्नु | पेशा/व्यवसाय गर्नु |
| इशाारा अर्नु | संकेत गर्नु |
| इस्पात हुनु | चलाख हुनु |
| इसारा बुभ्क्नु | कुरा बुभ्क्नु |
| इतर हुनु | समर्थन गर्नु |
| इस खानु | गाली गर्नु |
| इजार खन्नु | खेती गर्नु |
| इजार फाड्नु | जग्गा बनाउनु |

## ई

| (टुक्का) | (अर्थ) |
|---|---|
| ईश्वर दाहिने हुनु | फाइदा हुनु/परिस्थितिले साथ दिनु |
| ईश्वरको प्रिय हुनु | मर्नु |
| ईश्वर पुकार्नु | सहारा माग्नु |

## उ

| (टुक्का) | (अर्थ) |
|---|---|
| उँधो जानु | परदेश जानु |
| उतुर्किनु | मात्तिनु |
| उनाइँ मान्नु | लाज मान्नु/ हिस्स पर्नु |
| उनालिनु | मासिनु |
| उँधो मुन्टो लाइनु | लाज मान्नु/अपराध बोध गर्नु |
| उङ्नु | निदाउनु/वेखबर हुनु |
| उकालो लाग्नु | प्रगति गर्नु |
| उत्तानो पड्नु | अल्छि गर्नु |
| उत्पात मच्चाउनु | गलत काम गर्नु |
| उल्का पर्नु | सङ्कट आइलाग्नु |
| उपरखुट्टी हाल्नु | ठूलो बन्नु/आराम गर्नु |
| उमेर पाक्नु | वृद्धावस्थामा पुग्नु/परिपक्व हुनु |
| उमेर ढल्कनु | बृद्धावस्था तिर लाग्नु/शक्ति क्षीण हुनु |
| उनिउँको फूल फूल्नु | असम्भव कुरा हुनु |
| उड्दा सन्टाल्ना छोप्नु | चलाख बन्नु |
| उछिट्टिनु | ठेगानमा नबस्नु |
| उत्ताना टाङ् लाइनु | असफल हुनु |
| उसर्ट्टि हुनु | चलाख हुनु |
| उथलपुथल हुनु | फेरबदल हुनु |
| उरन्ठ्याउलो हुनु | असचेत हुनु/मात्तिनु |
| उठिबास लाग्नु | एक स्थानबाट अर्को स्थानमा/सर्वस्व गुमाउनु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| उडन्ते कुरा अर्नु | काल्पनिक कुरा गर्नु |
| बकबकाउनु | अनावश्यक बोल्नु |
| उल्लू हुनु | मूर्ख हुनु |
| उकुसमुकुस हुनु | छट्पटी लाग्नु |
| उल्टी आउनु | मन नपर्ने कुरा गर्नु |
| उज्यालिनु | मुस्कुराउनु |
| उसन्निनु | कोचाकोच गरेर बस्नु/भित्रभित्रै गुम्सिनु |
| उम्लेको दूध चुलाउनो | गल्ती गरेवापत सजाय पाउनु/पतन हुनु |
| उड्डा चरा पोख गन्दा | अति चलाखीपन |

## ए

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| एकाको एक्काईस हुनु | फलिफाप हुनु/ फाइदा हुनु |
| एक तीर दुई शिर | समस्या पर्नु/एउटा काम गर्दा अर्को काम हुनु |
| एकसय आठ पुग्नु | शुभ हुनु |
| एकपनि नरहनु | सिद्धिनु |
| एक्लै हुनु | सहयोगी नहुनु |
| एकएक हर्नु | सिध्याउनु |
| एक गाँस हुनु | प्रतिवाद गर्न नसक्नु |
| एकलकाँटे हुनु | कसैसँग नमिल्नु |
| एकलास बस्नु | एक्लै बस्न रूचाउनु |
| एकपेट पाल्नु | समस्यारहित अवस्था |
| एकधारेधात लाइनु | गाली गर्नु |
| ऐसमा बस्नु | आनन्द प्राप्त हुनु |
| ऐना हेर्नु | आफ्नो गल्ती बुझ्ने प्रयास गर्नु |
| ऐरावत हुनु | गजक्क परेर बस्नु |
| ऐठन हुनु | समस्या पर्नु |
| एकछत्र हुनु | एकलौटी हुनु |
| एकैसाटे हुनु | पहिलो प्रहारमै मर्नु |
| एक्का पल्टिनु | जीत हुनु |

## ओ

| (टुक्का) | (अर्थ) |
|---|---|
| ओठे जवाफ दिनु | पुग्ने गरी भन्नु |
| ओठ चाट्नु | लालायित हुनु |
| ओरालो लाग्नु | दूर्गतितिर लाग्नु |
| ओठ चपाउनु | केही काम नपाइ सित्तैमा बस्नु |
| ओठ बजाउनु | असफल भएकामा मनाउनु |
| ओठमुख सुक्नु | हैरान हुनु/डराउनु |
| ओठ लोप्राउनु | खिसी गर्नु |
| ओठमुख कलेटी पर्नु | आलस्य हुनु/संकटमा पर्नु |
| ओइरो लाग्नु | सबै समाप्त हुनु/स्रोत बढ्नु |
| ओखलमा पर्नु | कुटिनु |
| ओकल्नु | चुक्ता गर्नु/लुकेको कुरा भन्नु |
| ओछ्याउनामा पड्नु | विरामी हुनु/केही गर्न नसक्नु |
| ओठ कमाउनु | रिसाउनु/डराउनु |
| ओठ काड्नु | खिसी गर्नु |
| ओठउनो हान्नु | हेप्नु |
| ओत लाग्नु | सहारा खोज्नु |
| ओल्टाईपल्टाई अर्नु | हेरफेर गर्नु |
| ओल्लो छेउ न पल्लो धार हुनु | अलपत्र पर्नु |
| ओल्तिरपल्तिर नहेर्नु | कसैको वास्ता नगर्नु |
| ओदार्नु | विर्गार्नु |
| ओमकार अर्नु | शुभ बोल्नु |
| ओइलानु | मात्तिनु |

## औ

| (टुक्का) | (अर्थ) |
|---|---|
| औडाहा हुनु | के गरौँ र कसो गर्द्यौ हुनु |
| औकात हुनु | क्षमता हुनु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| औंला गन्नु | दिन काट्न गाह्रो हुनु |
| औंठा भाँच्नु | ताकत नहुनु |
| औलो लाग्नु | थला पर्नु |
| औंठा छाप हुनु | लेखपढ गर्न नजान्नु |
| औसरले मौसर पर्नु | कार्यको कारण देखिनु |
| औजार बन्नु | साधन बन्नु |
| औठी लाउनु | सम्बन्ध गाँस्नु |
| औसर पर्नु | समय राम्रो हुनु |
| औलिनु | बिग्रनु |

**क**

| (टुक्का) | (अर्थ) |
|---|---|
| कख पढ्नु | शुरू गर्नु |
| कस हाल्नु | किरिया हाल्नु |
| कलीमली लाग्नु | के गरौँ के गरौँ हुनु |
| कन्स्याउनु | हेला गर्नु |
| कचपचिनु | विग्रनु |
| कर्को गाउनु | मुर्दा मरेर दिन गाइने गीत |
| कम्मर कस्नु | आँट गर्नु |
| कन्सिरी तातिनु | रिस उठ्नु |
| कखौते लाग्नु | बच्चाले आमालाई नछोड्नु |
| कङ्गाली लाग्नु | गरीब हुनु |
| कंश | नराम्रो स्वभावको |
| कंङ्गाली लाग्नु | गरीब हुनु |
| कर जोड्नु | विन्ती गर्नु |
| कचहरी बस्नु | ठालू बस्नु |
| कथा हाल्नु | बृत्तान्त सुनाउनु/बाहना बनाउनु |
| कच्छा खुस्कनु | लाज हुनु/इज्जत घट्नु |
| कञ्चट तात्नु | रिस उठ्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| कन्सिरीका रूवाँ ठडिनु | रिस उठ्नु |
| कन्नु | चित्त नबुझ्नु/नसक्नु |
| कपाल दुखाउनु | झन्झट मान्नु |
| कपाल कन्याउनु | माग्नु/दुविधामा पर्नु |
| कस्कर गर्नु | झिंजो गर्नु |
| कम्मर बाँध्नु | दह्रो हुनु |
| कलेजो खानु | चिन्ता पर्नु/दुःख दिनु |
| कल हुनु | झगडा हुनु |
| कनापाक हुनु | चित्त नबुझ्नु |
| कसि लाउनु | जाँच्नु |
| कनसुत्ला जस्तो | पीडक/चारैतिर चाहर्नु |
| काँतर हुनु | डरपोक हुनु |
| कान थाप्नु | ध्यान दिएर सुन्नु |
| कान समाप्नु | गल्ती नगर्ने प्रतिबद्धता व्यक्त गर्नु |
| कान औँठी हाल्नु | दिक्क मान्नु |
| काट्यो कुकुडो बाट्यो धागो | दुःखले छट्पटाउनु |
| कानौनो तेल हाल्नु | थाहा नपाएजस्तो गर्नु |
| काउला लाइनु | चिप्लो घसेर बोल्नु |
| कान हाल्नु | सहयोग गर्नु |
| काँडा नबिझ्नु | समस्या नपर्नु |
| काइ पर्नु | फोहर हुनु/पुरानो हुनु |
| काउछो पर्नु | ठूलो समस्या पर्नु |
| काख रित्तिनु | सबै सन्तान मर्नु/बेसहारा हुनु |
| कायल हुनु | डराउनु/सचेत हुनु |
| काखी च्याप्नु | समर्थन गर्नु/साथ दिनु |
| काग बास्नु | कोही नरहनु/पाउना आउने संकेत दिनु |
| कागका फुल चोर्नु | चलाखी गर्नु/अत्यन्तै बाठो |

| (टुक्का) | (अर्थ) |
|---|---|
| काल आउनु | मृत्यु हुनु/समय आउनु |
| कालोमुख लाइनु | रिसाउनु |
| काम चलाउनु | सहयोग गर्नु/बाधा फुकाउनु |
| कानौना किरा खानु | झिंजो मान्नु/दिक्क लाग्नु |
| कान फुक्नु | कुरा लगाउनु/उस्काउनु |
| काट्टिनु | अलग हुनु |
| काममा लटा लाग्नु | धेरै काम हुनु |
| कान ठाडा गर्नु | होसियार हुनु |
| कान फुट्नु | बहिरो हुनु/थाहा नपाउनु |
| कालोनीलो हुनु | डराउनु |
| कहाली लाग्नु | सुनसान हुनु/डराउनु |
| कानफट्टा हुनु | जोगी हुनु |
| काग | चलाख |
| कालो मन | पापी मन/नराम्रो सोच्नु |
| कात्रो हाल्नु | मृत्यु हुनु |
| काँठो लाउनु | नवजात शिशुलाई कपडा प्रदान गर्नु |
| काजल लाइनु | सिँगार्नु |
| काफल पाक्नु | बसन्त ऋतु आउनु |
| काउछ्याको माला | मननपर्ने बस्नु |
| किताब खानु | याद गर्नु/ज्ञान आर्जन गर्नु |
| किताबको किडो हुनु | पढन्ते हुनु |
| किलो विज्नु | चस्को पस्नु |
| किरिया खानु | कसम खानु |
| किरिया लाउनु | गाली गर्नु |
| कित्थो हुनु | सानो हुनु |
| कुँजिनु | हिडडुल गर्न नसक्नु |
| कुइडो लाग्नु | अज्ञानी हुनु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| कुकुरको मुताइ अर्नु | हतपत गर्नु |
| कुकुराको डाँको | उज्यालोको सङ्केत |
| कुचो लाइनु | सफा गर्नु/सकिनु |
| कुरा चपाउनु | अस्पष्ट रूपमा बोल्नु |
| कुरा चोर्नु | चियो गर्नु |
| कुरा खानु | आज्ञा पालन गर्नु/मान्नु |
| कुरा कोट्याउनु | भन्न खोज्नु/गोप्य कुरा थाहा पाउन खोज्नु |
| कुलेलम ठोक्नु | भाग्नु |
| कुमालेको चक्र जस्तो | दुःख पछि सुख आउनु |
| कुलो भाँच्नु | कुरा बङ्ग्याउनु |
| कुइराको काग हुनु | थाहा नपाउनु/कुनै मेसो थाहा नपाउनु |
| कुप्रिनु | बूढो हुनु |
| कुश काट्नु | शुभ हुनु |
| कुम्भकर्ण हुनु | अल्छी हुनु |
| कुराउनी खानु | मीठो खानु |
| कुवाको भ्यागुतो हुनु | बन्दी हुनु |
| कुकुर काँशी गयाजन हुनु | असम्भव काम हुनु |
| कोलमा पिलिएजन हुनु | साह्रै दुख पाउनु |
| कुकुरिनु | मात्तिनु |
| कुरा मिल्नु | विचार मिल्नु |
| कुरा चिप्ल्याउनु | पोल खुल्नु/ कुरा लुकाउन नसक्नु |
| कुकुर्‍यौल पार्न | झगडा गर्नु |
| कुटे खेलो अर्नु | बाहिरी पेशा व्यवसायतिर लाग्नु |
| केटी पट्टयाउनु | तरूनीलाई आफ्नो वसमा पार्नु |
| केलाको खामो हाल्नु | नसुहाउने काम गर्नु |
| केलाको था ढलेजन हुनु | मुर्छा पर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| कैंची लाइनु | कुरा लाउनु |
| कैदी जस्तो | थुनिएर बस्नु |
| कोलौनो हाले जन | सताउनु |
| कोखमा बास लिनु | जन्मनु |
| कोलाहल हुनु | झगडा हुनु |
| कोसेढुङ्गा हुनु | नयाँ कुरा थालनी हुने प्रस्थान विन्दु |
| कोल्टे फेर्नु | बदलिनु |
| कोल हाल्नु | कार्वाही गर्नु |
| कोचल गाँडो पार्नु | झगडा गर्नु |
| कोठार फल्नु | बाली लागनु |
| कौडी नछोड्नु | केही नदिनु |
| कौवाको लावन बडाइ गर्नु | अर्काको सम्पत्ति जथाभावी गर्नु |

## ख

| (टुक्का) | (अर्थ) |
|---|---|
| खडरात्री अर्नु | मन्दिरमा जाग्राम बस्ने काम |
| खसी पार्नु | हैरान पार्नु |
| खङ्रङ्ङ हुनु | तर्सनु/सुक्नु |
| खचपच हुनु | झगडा हुनु |
| खच्चड हुनु | सिद्धिनु |
| खत लाग्नु | दोष लाग्नु |
| खरानी हुनु | समाप्त हुनु/नोक्सान हुनु |
| खरानी घस्नु | जोगी बन्नु |
| खल्लो लाग्नु | दुःख लाग्नु |
| खल्बली मच्चिनु | हल्ला हुनु |
| खहरे बन्नु | झन्कनु/रोईरहनु |
| खल्खली हुनु | पसिना आउनु |
| खलाँती हुनु | बूढो हुनु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| खनारामा काग बास्नु | उजाड हुनु/कोही नहुनु |
| खटनपटन अर्नु | आदेश दिनु |
| खस्नु | मर्नु |
| खरो हुनु | आत्तिनु |
| खबरदारी गर्नु | सचेत तुल्याउनु |
| खाग पाड्नु | अन्त्य हुनु |
| खार बस्नु | दाग लाग्नु |
| खाल वस्नु | फोहर हुनु |
| खारिनु | दक्ष बन्नु |
| खाल्टो खन्नु | समस्या पैदा गर्नु |
| खान त खा बाह हग्दा हेरेई | विचार गरेरमात्र काम गर्नु |
| खाप्चो बाउनु | खाने इच्छा गर्नु |
| खास ओड्नु | किरिया बस्नु |
| खाते हुनु | असहाय हुनु |
| खिल्ली उडाउनु | उपहास गर्नु |
| खिचलो हाल्नु | वाधा उत्पन्न/ कुरा बिगार्नु |
| खिसी अर्नु | गिज्याउनु |
| खिच लाउनु | बन्द गर्नु |
| खिल पर्नु | दाग लानु/ काँडो बन्नु |
| खिसिल्टिनु | हिस्स पर्नु |
| खित्का छोड्नु | हाँस्नु |
| खुकुलिनु | हल्का हुनु |
| खुट्टा पसार्नू | आराम गर्नु |
| खुट्टा तान्नु | मर्नु |
| खुन खानु | कसम खानु |
| खुन चुस्नु | सताउन/ शोषण गर्नु |
| खुत्रुक्क पार्नु | मार्नु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| खुट्टा कमाउनु | डराउनु |
| खुइलिनु | रङ्ग उड्नु |
| खुट्टा भुइमा नटेक्नु | खुसी हुनु |
| खुस्कनु | मृत्यु हुनु/ पागल जस्तै बन्नु |
| खुल्लो हाल्नु | पिछा गर्नु |
| खुट्टामा बन्चरो हान्नु | काम विगार्नु |
| खुट्की लाग्नु | कसैको सम्झना आउनु |
| खेदो लाउनु | जिस्क्याउनु/ पछि लागेर सताउनु |
| खेल खेल्नु | निहु खोज्नु/ षड्यन्त्र गर्नु |
| खेल हेर्नु | तमासा हेर्नु |
| खेदो खन्नु | हेप्नु |
| खेलाउनु | मजाक गर्नु |
| खेलाउडो हुनु | मुख्य व्यक्ति हुनु |
| खैलाबैला मच्चिनु | हल्ला गर्नु |
| खै लाग्नु | पुरानो हुनु/ बेकामे हुनु |
| खोइरो खन्नु | दु:ख दिनु |
| खोइरो लाग्नु | नष्ट हुनु |
| खोचे थाप्नु | निहु खोज्नु |
| खोट लाउनु | दोष दिनु |
| खोटो मोहर जस्तो | कही पनि रोजगारी नपाउने |
| खोलो लाग्नु | धनसम्पत्ति नष्ट हुनु |
| खोस्सिनु | अवकास पाउनु |
| खोरो लाग्नु | दशा लाग्नु |
| खोजखोज पातपात अर्नु | अनुसन्धान गर्नु |
| खौरिनु | रिसाउनु/ आक्रमण गर्नु |

**ग**

| (टुक्का) | (अर्थ) |
|---|---|
| गति न मतिको | विना कामको |
| गमक्क पर्नु | घमण्ड गर्नु |
| गफ लाउनु | जान्ने हुनु |
| गम खानु | धैर्य गर्नु |
| गफ हान्नु | अरूलाई मुर्ख सोच्नु |
| गर्मी चढ्नु | रिस उठ्नु |
| गर्मा गरम हुनु | भनाभन् हुनु |
| गल हाल्नु | प्रयास गर्नु |
| गलो घुमाउनु | गीत गाउनु |
| गला निमोठ्नु | मार्ने प्रयास गर्नु |
| गला समाउनु | झगडा गर्नु |
| गैरोमा पैरो हुनु | दुःखमाथि दुःख थपिनु |
| गड्गडाउनु | अस्पष्ट रूपमा बोल्नु |
| गच्छे अनुसार | शक्ति अनुसार |
| गलो बस्नु | स्वर सुक्नु |
| गलहत्तिनु | निकालिनु |
| गज्का पसार्नु | झिंजो गर्नु |
| गज्कनु | राम्रो हुनु |
| गलो पसार्नु | रून्/ गीत गाउनु |
| गनित पुछित | मानसम्मान नगर्नु |
| गानो फाल्नु | बल लगाएर हुतयाउनु |
| गन्थ्यौना काट्नु | महत्वहीन कुरा गर्नु |
| गाँज हाल्नु | फैलिनु |
| गाई | सोझो/इमान्दार |
| गाँठो पाड्नु | समस्या खडा गर्नु |
| गालमुखाल अर्नु | गाली गर्नु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| गभिनु हुनु | गर्भवती हुनु |
| गाँठी फुट्नु | उमेर पुग्नु |
| गाँठा फुकाउनु | उपाय निकाल्नु |
| गायत्री जप्नु | शुद्ध कार्य गर्नु |
| गासे हुनु | ढुकेर खानु |
| गावनचोली लाइनु | विहेको तयारी गर्नु |
| गीत गाउनु | एउटै कुरा दोहोर्‍याउनु/प्रचार गर्नु |
| गिदी खानु | झिंजो गर्नु |
| गिल्ला अर्नु | उपहास गर्नु |
| गिराउनु | विजय प्राप्त गर्नु |
| गिदाउडो हुनु | मुख्य मान्छे हुनु |
| गिल्लिनु | जिस्किनु |
| गूमूत खानु | गल्ती गर्नु |
| गहुँत खानु | शुद्ध हुनु |
| गुहार्नु | सहयोग माग्नु |
| गूमा डुब्नु | गल्ती गर्नु |
| गुटुमुटु हुनु | सुत्नु/बस्नु |
| गोता खानु | दुःख पाउनु |
| गोबर गणेश हुनु | केही नजान्नु |
| गोडा तान्नु | मर्नु/ अगाडि बढ्न नदिनु |
| गोरू विहाउनु | असम्भव काम हुनु |
| गोडामोडा पर्नु | शरण पर्नु |
| गोडा मल्नु | चाकडी गर्नु |
| गोरू | मूर्ख |
| गोठालो लाग्नु | हेरविचार गर्नु |
| गोसाईं | ठूलो मान्छे/मालिक |
| गोधारे | मोटो तर कमजोर व्यक्ति |

| (टुक्का) | (अर्थ) |
|---|---|
| गोठपाँडे हुनु | तल्लो स्तरको |
| गोद्रो पड्नु | समस्या पर्नु |
| गोट्टा खेल्नु | रमाउनु |
| गौजो पड्नु | नफाल्नु |
| गोल सिमल पस्नु | अन्नपातको उब्जनी राम्रो हुनु |

## घ

| (टुक्का) | (अर्थ) |
|---|---|
| घण्ट छुनु | कमस खानु |
| घर खानु | सामर्थ्यवान बन्नु |
| घर चलाउनु | परिवारिक समस्या समाधान गर्नु |
| घर भाड्नु | घरपरिवारमा झगडा उत्पन्न गराउनु |
| घर बिग्रनु | परिवारमा मेल नहुनु |
| घर जोड्नु | विवाह गर्नु |
| घच्घच्याउनु | सचेत गराउनु |
| घडी बित्नु | समय बित्न |
| घण्टी बजाउनु | सङ्केत दिनु |
| घत लाग्नु | मन पर्नु |
| घर फोड्नु | चोरी हुनु |
| घरबारी बगाउनु | धनसम्पत्ति नष्ट हुनु |
| घरको न घाटको हुनु | अलपत्र पर्नु |
| घमासान हुनु | लडाँइ पर्नु |
| घण्टो खानु | गाली गर्नु |
| घाउ लाग्नु | दुःख पर्नु |
| घाउ कोट्याउनु | पूरानो दुःख सम्झउनु |
| घाउमा नूनचुक छड्नु | दुःख दिनु |
| घाँटी अँठ्याउनु | ठूलो समस्या पर्नु |
| घाँडो लाग्नु | नाम चल्नु |
| घाम लाग्नु | सुदिन आउनु |
| घाम हुनु | सबै सिद्धिनु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| घाँसे हुनु | मीठो खान खोज्नु |
| घात गर्नु | धोका दिनु |
| घानेधुइरो हुनु | सबै विरामी हुनु |
| घाँटी मस्मस्याउनु | अरूले कुरा काट्नु |
| घाँटीको घिड्घिडो हुनु | सवैभन्दा इच्छित व्यक्ति/वस्तु |
| घीउ खानु | अशुद्ध हुनु |
| घिट्गिडो हुनु | प्रिय हुनु |
| घिनाउनु | पाक्नु (घाउ) |
| घिच्रो थाप्नु | साथ दिनु |
| घीउ पोल्नु | हवन गर्नु |
| घुर्की लाउनु | धाक देखाउनु |
| घुट्का निल्नु | लालायित हुनु |
| घुँडा टेक्नु | हार्नु/ काम गर्न गाह्रो पर्नु |
| घुँडा टेकाउनु | विजय प्राप्त गर्नु |
| घुगुप्ती खेल्नु | माजाकमा उडाउनु |
| घुलमिल हुनु | चिनाजानी गर्नु |
| घुतुर्किनु | बग्नु |
| घुच्याउनु | धकेल्नु |
| घुम | सुरक्षा घेरा |
| घैंटो भर्नु | पेट भर्नु |
| घैला डुब्नु | असफल हुनु |
| घोप्ट्याचेप्ट्या पर्नु | शरण पर्नु |
| घोचाले बन्नु | गाली गर्नु |
| घोसो मुन्टो लाइनु | लाज मान्नु |
| घोक्रेठ्याक लाइनु | लखेट्नु |
| घोच्नु | व्यङ्ग्य गर्नु |
| घोडा चढ्नु | ठूलो मान्छे बन्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| घोचपेच अर्नु | जिस्क्याउनु |
| घोटाउनु | याद गर्न लगाउनु |
| घोप्लिनु | सोच्नु |
| घोगाडि गाडा हलो हाल्नु | घुँडा टेक्नु/ जोरी खोज्नु |
| घोप्टिनु | कमजोर हुनु |

## च

| (टुक्का) | (अर्थ) |
|---|---|
| चटारिनु | जिस्किनु |
| चक्कर लाइनु | घुम्नु |
| चक्कर खानु | आश्चर्यजनक रूपले समस्यामा पर्नु |
| चकचक अर्नु | चल्नु |
| चङ्खे हुनु | बाठो हुनु |
| चखाउनु | स्वाद दिलाउनु |
| चुम्कनु | चर्चामा आउनु |
| चम्चे हुनु | कुरा लगाउनु |
| चन्द्रमा दाहिने हुनु | राम्रा दिनु आउनु/ परिस्थिति सुध्रिनु |
| चस्का पस्नु | शंका लाग्नु |
| चण्डाल हुनु | बदमास हुनु |
| चट्काउनु | पिट्नु/चोर्नु/भगाउनु |
| चर्काचर्की हुनु | झगडा हुनु |
| चाक फर्काउनु | वेवास्ता गर्नु/ अपहेलना गर्नु |
| चाख लिनु | रूचि लिनु |
| चासो हुनु | जिज्ञासा जाग्नु |
| चाल पाउनु | थाहा पाउनु |
| चालढाल थाहा पाउनु | बानीव्यहोरा बुझ्नु |
| चाट्नु | मूर्ख बनाउनु |
| चारैताल उचेडिनु | सबै समस्या एकैचोटी पर्नु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| चारपाई नहुनु | गरिब हुनु |
| चाउरिनु | अघि नबढ्नु |
| चाल्दै हिड्नु | रोज्दै हिड्नु |
| चाटचुट पार्नु | सिध्याउनु |
| चिट्चिट् हुनु | आत्तिनु |
| चिट चोर्नु | नक्कल गर्नु |
| चित्त हरेलिनु | होश उड्नु |
| चित्त पर्नु | मन पर्नु |
| चिना हेर्नु | भविष्यवाणी गर्नु |
| चिल्लो घस्नु | फकाउनु |
| चियाउनु | शंका गर्नु |
| चियो गर्नु | लुकेर हेर्नु |
| चिसो पस्नु | शंका लाग्नु |
| चिसोचुल्हो हुनु | अनिकाल लाग्नु |
| चिडीफिडी अर्नु | प्रयास गर्नु |
| चिल हुनु | चलाख हुनु |
| चिल्तो भक्नु | पूजा गर्नु |
| चिस्नु | आगो लाउनु |
| चिडचिडाउनु | समस्यामा पार्नु |
| चुइँक्क नअर्नु | केही काम नगर्नु/आवाज ननिकाल्नु |
| चुक्चुकाउनु | पछुताउनु |
| चुकिलो हुनु | मन नपराइनु |
| चुक पिए जस्तो मुख लाउनु | मुख विगार्न/रिसाउनु |
| चुलाको विरालो हुनु | बाहिर नगई घरमै बसिरहने |
| चुतिया हुनु | नराम्रो हुनु |
| चुप लाग्नु | गल्ती हुनु |
| चुस्नु | दबाउनु/ शोषण गर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| चुर्लुम्म डुब्नु | पीडित हुनु/ ध्यानमग्न हुनु |
| चुरा फुट्नु | विधवा हुनु |
| चुठ्नु | खाना खानु |
| चुल्याउनु | कमाउनु |
| चुरीफुरी अर्नु | फूर्ति देखाउनु |
| चुचु खानु | दुध खानु |
| चुल्ठ्याउनु | मुठो पार्नु |
| चुमचाम हुनु | बन्द हुनु/ शान्त हुनु |
| चुट्किला हाल्नु | हाँसो उठाउनु |
| चुँडापोते लाइनु | विवाह हुनु |
| चुक्ती अर्नु | कुरा लाउनु |
| चुहावट हुनु | कम हुँदै जानु/ दुरूपयोग हुनु |
| चुम्नु | माया गर्नु |
| चुस्की लिनु | पेयपदार्थ पिउनु |
| चुल्ठामा फेरो हाल्नु | अँठ्याउनु |
| चेत बस्नु | बेहोस हुनु |
| चेपुवामा पर्नु | वाद्यतामा पर्नु |
| चेत बाबा काशी हुनु | डराउनु/ सचेत हुनु |
| चेलो हुनु | सिक्ने चाहना राख्नु |
| चेतठौर नहुनु | होश नहुनु |
| चेप्रा पार्नु | चिल्ला कुरा गर्नु |
| चैते हुनु | अवसरवादी बन्नु |
| चैते बाँदर हुनु | उट्पट्याङ गर्ने हुनु |
| चैमाली खेल्नु | पिङ् खेल्नु |
| चैनी हुनु | आनन्दित हुनु |
| चोइलाको राँको बाल्नु | उज्यालो बनाउनु |
| चोखिनु | शुद्ध हुनु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| चोट पर्नु | पिर पर्नु |
| चोसो पसार्नु | रिसाउनु |
| चोतो चाउरिएजन | सुक्दै जानु |
| चोख्यानु | शुद्ध गराउनु |
| चोचोमोचो मिलाउनु | नजिक हुनु/ अरूको समर्थन गर्नु |
| चोलो लाउनु | इज्जत राख्नु |
| चोड्याउनु | अस्लीलता पदर्शन गर्नु/दुःख दिनु |
| चोला फेर्नु | रङ बदल्नु |
| चोला बदल्नु | मुक्ति प्राप्त गर्नु/ परिवर्तन हुनु |
| चौडा छाती हुनु | गर्व गर्नु/ नडराउनु/ लोभ नगर्नु/ दानी बन्नु |
| चौलानी जस्तो | पातलो |
| चौका हान्नु | फाइदा उठाउनु |
| चौर हान्नु | धामी बस्नु |
| चौंठी जस्तो | अति कालो |

**छ**

| (टुक्का) | (अर्थ) |
|---|---|
| छक्क पर्नु | अचम्म मान्नु |
| छकाउनु | झुक्याउनु |
| छक्कापञ्चा अर्नु | जालझेल गर्नु |
| छक्का हुनु | नपुशक हुनु |
| छलछाम अर्नु | ठग्नु |
| छलफल अर्नु | समस्या समाधानको बाटो खोज्नु |
| छर्लङ्ग पार्नु | बुझाउनु / उज्यालो बनाउनु |
| छचल्किनु | पोखिनु |
| छल्बलिनु | छरिनु |
| छट्टाउनु | मात्तिनु |

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| छल्नु | ठग्नु/ झुक्याउनु |
| छाक टार्नु | गुजारा चलाउनु |
| छाति फुलाउनु | गर्व गर्नु |
| छाँटिनु | बढ्नु |
| छाला तड्नु | दुःख दिनु |
| छाङाबाट खस्नु | तर्सनु |
| छाँट पार्नु | नक्कल पार्नु |
| छातीउनो टाँस्नु | माया गर्नु |
| छाराको होरो हाल्नु | नछाड्नु |
| छाती पिट्नु | रूनु / घमण्ड देखाउनु |
| छाती फोड्नु | दुःख दिनु |
| छामछुम अर्नु | खोज्नु |
| छाया पड्नु | भूत लाग्नु |
| छालिनु | तर्सिनु |
| छाता ओड्नु | बडप्पन देखाउनु |
| छाः लाग्नु | सधैं डराउनु |
| छारो हाल्नु | छल्नु |
| छारे लाग्नु | भूत लाग्नु |
| छानाबाट खस्नु | झस्कनु |
| छाक छाड्नु | जुठो पर्नु |
| छारो खानु | भोकै बस्नु |
| छाप्नु | धनकमाउनु |
| छाउ लाग्नु | भेदभाव देखाउनु |
| छाँइ पाड्नु | महि पार्नु |
| छास्मिसे हुनु | सबै एकै ठाँउमा मिसिनु |
| छुत्ती खेल्नु | भोक लाग्नु |
| छुल्याहा हुनु | ठग्नु |

| | |
|---|---|
| छुई हुनु | महिला रजस्वला हुनु |
| छुट्टयाउनु | अँशवण्डा गर्नु / तेरो मेरो भन्नु |
| छुवाउनु | सम्पर्क गराउनु |
| छेडछाड अर्नु | जिस्क्याउनु |
| छेरौउटी लाग्नु | कमजोर हुनु |
| छेउ हान्नु | व्यङ्ग्य गर्नु |
| छेपाराजन रङ् फेर्नु | छिनछिनमा बदलिनु |
| छेक्नु | सानो तथा छोटो बनाउनु |
| छेक न छन्दका कुरा अर्नु | विना अर्थका कुरा गर्नु |
| छेस्को दिनु | जानकारी गराउनु |
| छोडी जानु | त्याग्नु |
| छोरी मौरो हुनु | व्यमिचारी हुनु |
| छोट्याउनु | हेप्नु |
| छोइछिटो हाल्नु | चोखिनु |
| छोरो हुनु | उत्तराधिकारी रहनु |

**ज**

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| जमानी बस्नु | साक्षी बस्नु |
| ज्यान दिनु | सक्दो सहयोग गर्नु |
| जरो उखेल्नु | सखाप पार्नु |
| जकाउनु | भारी बोकाउनु |
| जगजगी हुनु | प्रभाव देखिनु |
| जगल्ट्याउनु | दुःख दिनु |
| जग हाल्नु | शुरू गर्नु |
| जङ चल्नु | रिस उठ्नु |
| जस दिनु | स्यावासी दिनु |
| जटाधारी हुनु | जोगी हुनु |
| जञ्जालमा पड्नु | समस्यामा पर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| जनै फाल्नु | जात फाल्नु |
| जन्त जानु | रमाइलो गर्न जानु |
| जन्तर लाउनु | सम्मान सँग राख्नु |
| जप अर्नु | बारम्बार पुकार गर्नु |
| जवानी आउनु | बैंश चढनु |
| जल खानु | शुद्ध हुनु |
| जल छर्नु | शुद्ध बनाउनु |
| जल चढाउनु | पूजा गर्नु |
| जरो आउनु | विरामी हुनु |
| जरोटुप्पो नराख्नु | समाप्त पार्नु |
| जरजर हुनु | कमजोर हुनु/ कडा हुनु |
| जलेवो हुनु | पानी प्रिय हुनु |
| जड्कनु | रिसाउनु |
| जलथल हुनु | मोटाउनु |
| जजमानी गर्नु | पुरेत्याई गर्नु |
| जालमा लाउनु | फसाउनु |
| जालमा पार्नु | फसाउनु |
| जाग्राम वस्नु | आराम नगर्नु |
| जात जानु | इज्जत जानु |
| जाउलो हान्नु | खाना खानु |
| जार हान्नु | दुश्मन सिधयाउनु |
| जाँगर मर्नु | काम गर्न मन नलाग्नु |
| जाँगर चलाउनु | परिश्रम गर्नु |
| जाउनाको जाउनै ताउनाको ताउनै रनु | हिड्दाहिड्दै मर्नु |
| ज्यान हाल्नु | मार्नु/ जोखिम मल्नु |
| जारी तिर्नु | मूल्य चुकाउनु |
| जातभात हर्नु | व्यमिचार गर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| जाँ जानु हवाइ रनु | मर्नु/नफर्कनु |
| जाँच गर्नु | मूल्याङ्कन गर्नु |
| जाल हाल्नु | समस्या उत्पन्न गराउनु |
| जिब्रो टोक्नु | मर्नु |
| जिब्रो बटार्नु | कुरा बदल्नु |
| जिब्रो चुइनु | लालायित हुनु |
| जिम्मा लाग्नु | टाउकामा आइलाग्नु |
| जीउ जानु | मृत्यु हुनु |
| जीउँदै मर्नु | काम नगरी दिन बिताउनु |
| जीउनी खानु | हिस्सा लिनु |
| जिम्वाल बन्नु | ठूलो मानिस बन्नु |
| जिराको बास गाड्नु | सुगन्ध फैलाउनु |
| जिल्लिनु | झस्किनु |
| जुँगाको रेखी वस्नु | जवानी चढ्नु |
| जुँङा हल्लिनु | थाहा पाउनु/ संकेत गर्नु |
| जुँगा मुठार्नु | बडप्पन देखाउनु |
| जुठो हाल्नु | फोहर गर्नु /सम्पन्न नगर्नु |
| जुनी फेर्नु | रोगबाट बच्नु/ परिवर्तन हुनु |
| जुत्ताको तलुवो जानु | स्वास्नी पोइल जानु |
| जुठो खानु | पछि लाग्नु |
| जुकोझैं टाँसिनु | नछोड्नु |
| जुठो सोर्नु | नोकर बनाउनु |
| जुनी जानु | युग जानु |
| जुम्ल्याहा हुनु | एकैनाशको देखिनु |
| जुङामा ताउ लाउनु | बडप्पन देखाउनु |
| जेल हाल्नु | सजाय दिनु/ बन्धनमा पार्नु |
| जेब काट्नु | चोरी गर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| जेलिनु | समस्यामा पर्नु |
| जेठी बौरानी हुनु | टाढाको सम्बन्ध हुनु |
| जेबालो थाप्नु | पासो थाप्नु |
| जैको शक्ति उइको भक्ति | मिचाहा स्वाभाव |
| जोरी खोज्नु | निहु खोज्नु |
| जोगी हुनु | गरिब हुनु |
| जोगी बनाउनु | सबै लुट्नु |
| जोईल जानु | ससुरालीमा घरजुवाइ बस्नु |
| जोइटिङ्ग्रे | स्वास्नी सँग डराउनु |
| जोडी फुट्नु | अलग्गिनु |
| जोई हुनु | जवानी सुम्पनु |
| जोवन दिनु | सँगै बस्नु/ सर्वस्व सुम्पिनु |
| जोतिनु | काममा व्यस्त हुनु |
| जोडजाड अर्नु | जम्मा गर्नु |
| जो धाव ऊ पाव हुनु | कर्मको फल प्राप्त गर्नु |
| जौँका चिली पस्नु | दुःख हुनु |
| जौ तिल पाक्नु | के गरौ के गरौ हुनु |
| जौँडा मार्न नसक्नु | केही प्रभाव पार्न नसक्नु |

**झ**

| (टुक्का) | (अर्थ) |
|---|---|
| झगडाको विउ | विवादको कारक |
| झगडिनु | विवाद गर्नु |
| झक्झकाउनु | हल्लाउनु/सम्झाउनु |
| झट्पट् अर्नु | छिटो गर्नु |
| झन्कनु | रिसाउनु |
| झस्कनु | डराउनु |
| झल्लिनु | बेसुरमा हिड्नु |

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| झम्म पार्नु | नशा लाग्नु |
| झ्याई पार्नु | बिहे गर्न |
| झ्याँगा थाप्नु | निहुँ खोज्नु |
| झ्याली पिट्नु | जानकारी गराउनु/ प्रचार गर्नु |
| झ्यारी लाउनु | तेल छाान्नु |
| झल्को लाग्नु | याद आउनु |
| झल्याँस्स हुनु | ब्युँझनु |
| झर्को लाग्नु | चिन्ता लाग्नु |
| झटारो हान्नु | प्रयास गर्नु |
| झाडा जानु | सित्तैमा काममा जानु/दिसा गर्न जानु |
| झाँङ्रो छोड्नु | अस्तव्यस्त देखिनु |
| झाडफुक गर्नु | धामीद्धारा उपचार गर्नु |
| झारा टार्नु | औपचारिकता निभाउनु |
| झालीमाली हुनु | फैलनु |
| झाल लाग्नु | चेत पाउनु |
| झारपात हुनु | अस्तित्व समाप्त हुनु |
| झिंजामिंजा | सानोतिनो |
| झिंजो मान्नु | दिक्क मान्ने |
| झिस्मिसे हुनु | उज्यालो हुनु |
| झिरले खोप्नु | दुःख दिनु |
| झुल्के घाम जानु | मर्नु/गाली गर्नु |
| झुम्नु | नशामा मगन हुनु |
| झुसिलो किरो | दुब्लो पातलो |
| झुल खेल्नु | अनावश्यक काममा समय विताउनु |
| झोली थाप्नु | माग्नु |
| झोलीतुम्मा हुनु | सर्वस्व गुम्नु |
| झोल्लिनु | जीवन सिद्धिनु |

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| झोता लाग्नु | फल्नु |
| झोले हुनु | पछि लाग्नु |

## ट

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| टक्ले हुनु | भाग्यमानि हुनु/तालु खुइलिनु |
| टङ्क नलाग्नु | काँचै हुनु |
| टण्टा हुनु | झै-झमेला हुन |
| टन्कनु | दुख्नु |
| टन्कान्की हुनु | विवाद हुनु |
| टपरी सोहोर्नु | जुठो खानु |
| टर्रो हुनु | मन नपराउनु |
| टपटपाउनु | चुहुनु |
| टल्पल | भरी हुनु |
| टपक्क टिपेर लानु | मृत्यु हुनु/ खोसेर लग्नु |
| टाउको ठाडो पार्नु | इज्जतदार हुनु |
| टाउकानो टेक्नु | भनेको नमान्नु |
| टाउको दुख्नु | झन्झट लाग्नु |
| टाउको हल्लाउनु | स्वीकार/अस्वीकार गर्नु |
| टाउको खानु | पट्यार लाग्नु/ दुःख दिनु |
| टाउको ढाक्नु | सम्मान गर्नु/ ईज्जत राख्नु |
| टाँसिनु | मिल्नु |
| टालिनु | नजिक हुनु |
| टाङ् अड्याउनु | जिद्धि गर्नु |
| टाट पल्टनु | घाटामा जानु |
| टाँठो हुनु | चलाख हुनु |
| टाढिनु | अलग्गिनु |
| ट्याम्को हुनु | बजाउने हुनु |

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| टालो हाल्नु | इज्जत जोगाउनु |
| टाउके हुनु | नेता बन्नु |
| टालटुल पार्नु | ठग्ने काम गर्नु |
| टाङ् उठाउनु | स्वीकार गर्नु |
| टीको लाउनु | विदाई हुनु/ स्वागत गर्नु |
| टिल्ल पर्नु | मात लाग्नु |
| टिमिक्क हुनु | सुहाउनु |
| टिमुर नाकमा लाइनु | खुम्चिनु/ बाध्य हुनु |
| टुल्लाने पानी जस्तो | स्वाद नभएको |
| टुप्पी कस्नु | भागभाग गर्नु/ परिश्रम गर्नु |
| टुप्पामा पुऱ्याएर ढाल्नु | धोका दिनु |
| टुप्पाबाट पलाएको जस्तो | बढी घमण्ड गर्ने |
| टुसाउनु | पलाउनु |
| टुपुल्किनु | आइपुग्नु |
| टुल्के बाजो हुनु | मर्नु |
| टुनामुना लाइ   नु | तन्त्रमन्त्र गर्नु |
| टुटाउनु | कराउनु/ बिच्छेद गर्नु |
| टुसिल्लो खानु | हार खानु |
| टुप्पिनु | सिद्धिनु |
| टुसुक्क गर्नु | बस्नु |
| टेको लाइनु | अड्याउनु |
| टेड पुच्छर नलाइनु | नटेढ्नु |
| टेक्ने न समाउने ठाउँ हुनु | सहारा नहुनु |
| टेक्नु | सक्षम हुनु |
| टेस मार्नु | तिर्खा मेट्नु |
| टेक राख्नु | इख राख्नु |
| टोकाहा | गाली गर्नु |

| | |
|---|---|
| टोक्कारा मार्नु | मुख मिठाउनु |
| टोपी फाल्नु | जुठो लाग्नु/मलाम जानु |
| टोपी च्यात्नु | परिपक्व हुनु |
| टोड्काउनो हुनु | अदृश्य स्थानमा हुनु |
| टोकसो सहनु | घोचपेच सहनु |
| टोपी हाल्ने नहुनु | आइमाई हुनु |
| टोटे लाग्नु | घाटा लाग्नु |

**ठ**

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| ठक्कर खानु | चेत पाउनु |
| ठग्ठगानु | मात चढ्नु |
| ठग्ठाठ् अर्नु | ठग्नु |
| ठट्टा अर्नु | मजाक गर्नु |
| ठन्कनु | मै हुँ भन्नु |
| ठहरै पर्नु | मर्नु |
| ठसक्कै रनु | मर्नु/गाली गर्नु |
| ठट्यौलो हुनु | मजाक गर्नु |
| ठडिनु | उठ्नु |
| ठस्कनु | तर्किनु |
| ठाकठुक पर्नु | झगडा पर्नु |
| ठाडो पाड्नु | उभ्याउनु |
| ठाडो घाँटी लाइनु | रक्सी पिउनु |
| ठाँट पाड्नु | सजाउनु |
| ठाडो शिर नहुनु | लज्जित हुनु |
| ठाडो उठाउनु | प्रगतितिर लगाउनु |
| ठाडो उठ्न नसक्नु | गरिब हुनु |
| ठालु बन्नु | ठूलो मान्छे बन्नु |
| ठालु भलादमी हुनु | नेता हुनु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| ठास ठुस पड्नु | झगडा हुनु |
| ठाँडो लाइनु | दान दिनु/गाली गर्नु |
| ठाँडाउनो बान्नु | मृत्यु हुनु |
| ठाडो हात लाइनु | अभिवादन गर्नु |
| ठास्सिनु | फस्नु |
| ठिक्क पर्नु | तयार हुनु |
| ठुम लाउनु | धक्का दिनु |
| ठुस्सिनु | रिसाउनु |
| ठुङ्नु | सताउनु |
| ठेक्नु | स्त्री जननेन्द्रीयमा नली कोच्नु |
| ठेल्नु | भित्र कोच्नु |
| ठेकी लाउनु | केटी माग्नु |
| ठेकी बेटी लाउनु | ठुला ठालुलाई केही दिएर खुसी पार्नु |
| ठेक्का लिनु | जिम्मा लिनु |
| ठेला उठ्नु | परिश्रम गर्नु |
| ठौर को ठौरै रनु | मर्नु /गाली गर्नु |

## ड

| (टुक्का) | (अर्थ) |
|---|---|
| डँडाल्नो सेक्नु | पिट्नु |
| डकार्नु | अघाउनु |
| डट्नु | लागिपर्नु |
| डढेलो लाग्नु | नाश हुनु |
| डरपोक हुनु | कमजोर हुनु |
| डस्नु | क्षति पुऱ्याउनु |
| डरक्षरूवा हुनु | हिम्मत नहुनु |
| डल्लिनु | अशक्त हुनु |
| डङ्क लाग्नु | भूत लाग्नु |

| | |
|---|---|
| डल्ला फुटाउनु | मेहनत गर्नु |
| डाँको छाड्नु | रून्नु |
| डाँडाको जुन हुनु | अन्तिम अवस्थामा पुग्नु |
| डाँडो काट्नु | भाग्नु |
| डाडुमा पानी तताएर मर्नु | हुतिहारा हुनु |
| डाडु चाट्नु | धेरै खाने चाहना हुनु |
| डाल पेलाउनु | मस्त भएर हिड्नु |
| डालामा राख्नु | मृतकको घरबाट दान दिनु |
| डामेर छाड्नु | साँडे छाड्नु |
| डाँडिउनो हाल्नु | बच्चालाई भुलाउनु |
| डाल बोट हराउनु | मर्नु |
| डालो काट्नु | टाउको काट्नु |
| डाँगो हुनु | स्त्रीलम्पट हुनु |
| डाँकामा हाल्नु | अशक्त हुनु |
| डिक्रो हुनु | मूर्ति हुनु |
| डिट्ठा लाग्नु | कानुन बाच्नु |
| डिट्मिट् नहुनु | भेटघाट नहुनु |
| डुभिनु | बात लाग्नु |
| डुक्रनु | गर्जनु |
| डुमिन्नु लाग्नु | तल्लो जातको आरोप लाग्नु |
| डोब लाइनु | निशाना लाउनु |
| डोलाउनु | हल्लाउनु |
| डोब्नु | रोप्नु |
| डोलिनु | अनिश्चिताको अवस्था |

**ढ**

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| ढकढकानु | साहसी |
| ढक्कन लाइनु | बन्द गर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| ढङ्ग नहुनु | तरिका नजान्नु |
| ढस्समस्स हुनु | मोटाउनु |
| दलपलाउनु | बैंसले मन हुनु |
| ढल्ढली पड्नु | नशामा हुनु |
| ढल्कनु | हिड्नु |
| ढल्नु | मर्नु |
| ढन्काउनु | बजाउनु |
| ढलेको सिन्को नउठाउनु | केही काम नगर्नु |
| ढाड भाँचिनु | कमजोर हुनु |
| ढाडे  हुनु | पुरूषत्व देखाउनु |
| ढाड सेकिनु | पिटाइ खानु |
| ढाडिनु | समस्यामा पर्नु |
| ढाँटिनु | ठगिनु |
| ढाँड पर्नु | जमिन भासिनु |
| ढाल हाल्नु | सुरक्षा गर्नु |
| ढाल हुनु | अरूका लागि प्रयोग हुनु |
| ढाडे बास्नु | अशुभ हुनु |
| ढाक छोप अर्नु | गलती लुकाउनु |
| ढिङ खानु | गाली गर्नु |
| ढिसमिस हुनु | रद्घ हुनु |
| ढुक्क हुनु | विश्वाासिलो हुनु |
| ढुक्नु | पर्खनु |
| ढुसी पर्नु | सड्नु |
| ढोग दिनु | झुक्नु |
| ढोग्रो हुनु | मोटो स्वर आउनु |
| ढोल पिट्नु | हल्ला गर्नु |
| ढोलिनु | नोक्सान हुनु |

## त

| (टुक्का) | (अर्थ) |
|---|---|
| तलीबली हुनु | के गरौं के गरौं हुनु |
| तगारो हाल्नु | बाधा उत्पन्न गराउनु |
| तताउनु | उत्साहित बनाउनु |
| तल्लीन हुनु | एकोहोरो लागि पर्नु |
| तमासा हेर्नु | अर्काको समस्यामा साथ नदिनु |
| तमासा देखाउनु | नचाहिँदो काम गर्नु |
| तथानाम वक्नु | जथाभावी भन्नु |
| तन्कनु | बढ्नु/मर्नु |
| तलतल हुनु | के गरौँ के गरौं हुनु |
| तलवितल पड्नु | समस्या पर्नु |
| तहसिल खानु | आराम गर्नु |
| तलब खानु | पारिश्रीमक पाउनु |
| तह लगाउनु | ठेगान लगाउनु |
| तर खानु | सुखी हुनु |
| तलमाथि हुनु | बाँच्नु या मर्नु |
| तात्तातै जानु | मर्नु/गाली गर्नु |
| तातोपानी लाइनु | अल्छी गर्नु |
| तातो लाग्नु | जाँगर लाग्नु |
| ताक पर्नु | मौका पर्नु |
| तातो न छारो हुनु | केही प्राप्त नहुनु |
| तानातान हुनु | हतार हुनु |
| ताल पार्नु | मौका मिलाउनु |
| ताली बजाउनु | समर्थन गर्नु |
| तालुनो आलु फल्नु | नसोचेको काम हुनु/ फलिफाप हुनु |
| तासको घर जस्तो | अति कमजोर |
| तारोबारो जोड्नु | सामग्री जम्मा पार्नु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| तारो हुनु | निशाना बन्नु |
| ताई लाउनु | कम नहुनु |
| तिहुन चखुवा | इज्जत नभएको/ मिठो-मिठो स्वाद खोज्ने |
| तिर्खा मेट्नु | सन्तुष्ट हुनु |
| तिगडा काम्नु | डराउनु |
| तितोपिरो हुनु | नराम्रो हुनु |
| तिलको दाना नअटाउने जस्तो | अति भिडभाड हुनु |
| तिलाञ्जली दिनु | त्याग्नु |
| तीनछक्क पर्नु | अचम्म मान्नु |
| तीन पाथी हस्काउनु | धेरै खानु |
| तीन हात माथि उफ्रनु | धेरै खुसी हुनु |
| तीर हान्नु | निशाना लगाउनु |
| तीन लोक चौधै भुवन देख्नु | ठूलो सङ्कटमा पर्नु |
| तिलका गेडा गन्नु | सानो सानो हिसाब राख्नु |
| त्रिकाठी पड्नु | अशुभ हुनु |
| त्रिपासा थाप्नु | समस्या सिर्जना गर्नु |
| तुक् नराख्नु | शेष बाँकी नराख्नु |
| तुवाला छुट्नु | साह्रै भोक लाग्नु |
| तुइनु | बिग्रनु/असफल हुनु |
| तुनतान पार्नु | काम चलाउ हुनु |
| तुता टाङ्नु | शुभ संकेत |
| तुक्का हाल्नु | भाषामा मिठास थप्नु |
| तुरतुर हुनु | चुहुनु/ डरले पिसाब छाड्नु |
| तुलामा हाल्नु | वजन लिनु |
| तेलको धुप हुनु | काम चलाउनु |
| तेल मल्नु | चाकडी गर्नु |
| तेल निकाल्नु | अँठ्याउनु/ साह्रै सताउनु |

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| तोरीको फूल देख्नु | ठूलो चोट पर्नु |
| तौलनु | औकात पत्ता लगाउनु |

## थ

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| थर्काउनु | कायल पार्नु |
| थाम्नु | सहनु |
| थडी हुनु | सहनु |
| थडामनी सुइयो हाल्नु | फटाइ गर्नु |
| थपना गर्नु | राख्नु |
| थरक मर्नु | आराम हुनु |
| थला बाज पड्नु | मिलन हुनु |
| थलो बनाउनु | बस्ने ठाउँ बनाउनु |
| थाप्लामा हात राख्नु | खाली हुनु/रित्तिनु |
| थाप्लोमा चढ्नु | मात्तिनु |
| थाङनामनी सुताउनु | धोका दिनु |
| थाती राख्नु | बचाउनु |
| थात राख्नु | बाबुको सम्पत्ति बचाइ राख्नु |
| थारो रनु | फल नलाग्नु |
| थरिनु | यौन क्रिडाका लागि तयार हुनु |
| थाइँको थाइमै रनु | बसेकै स्थानमा मर्नु / गाली गर्नु |
| थाम थुम अर्नु | बचाउनु |
| थातै नहुनु | आश्रयस्थल नहुनु |
| थुक निल्नु | लोभिनु |
| थुक्नु | घृणा गर्नु |
| थुतुनो सम्हाल्नु | होस पु¥याएर बोल्नु |
| थुकेर चाट्नु | गर्दिन भनेको काम गर्नु |
| थिचोमिचो गर्नु | शोषण गर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| थिलथिलो हुनु | थाक्नु |
| थुनामा पर्नु | समातिनु/ बन्धनमा पर्नु |
| थुप्रो लाउनु | जम्मा गर्नु |
| थुनवण मुख लाइनु | दुध खानु |
| थर्‍याउनु | यौनक्रिडा गर्नु |
| थुरथुर हुनु | डराउनु |
| थेग्नु | भार थाम्नु |
| थेच्चिनु | बस्नु |
| थेचार्नु | अपमान गर्नु |
| थैलाको मुख सिउनु | जतन गर्नु |
| थोत्रौ बनाउनु | भोग चलन गरिसक्नु |
| थोलिनु | मासु लत्रिनु |
| थोलो छाड्नु | मुख विगार्नु |
| थोलो पसार्नु | रिसाउनु |

**द**

| (टुक्का) | (अर्थ) |
|---|---|
| दलिन गनेर बस्नु | अल्छी गरी सुतिरहनु |
| दख्खल हुनु | ज्ञान हुनु |
| दङ्दास पर्नु | अचम्ममा पर्नु |
| दशैंको राँगो नचाएजन अर्नु | खेलाउनु |
| दङ्गा अर्नु | झगडा गर्नु |
| दन्कनु | फैलिनु |
| दम्काउनु | धम्की दिनु |
| दम्पच बनाउनु | लुकाउनु |
| दर खानु | बेमौसमको काम गर्नु/शुभसाईत जुराउनु |
| दल्नु | सताउनु |
| दलबल हुनु | शक्तिशाली हुनु |

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| दशा लाग्नु | नराम्रा दिन आउनु |
| दक्ष हुनु | सिपालु हुनु |
| दक्षिणा दिनु | पैसा तिर्नु |
| दलाली अर्नु | लाभ उठाउनु |
| दाउ हेर्नु | मौका छोप्नु |
| दाइँ हाल्नु | थिचोमिचो गर्नु |
| दाग लाग्नु | दोष लाग्नु |
| दाह्रा किट्नु | रिसाउनु / असह्य पीडा |
| दाँत बान्नु | बेहोस हुनु/ मर्नु |
| दानुवा | बढी खाने |
| दाखिल हुनु | उपस्थित हुनु |
| दान अर्नु | दिनु |
| दाल गलाउनु | फकाउनु |
| दाँत ढुङ्गो लाग्नु | काममा वाधा उत्पन्न गराउनु |
| दास हुनु | गरिव हुनु/ स्वतन्त्र नहुनु |
| दाम राख्नु | भेटी चढाउनु |
| दाता बन्नु | सहयोग गर्नु |
| दिन गनेर बस्नु | फुर्सदमा समय बिताउनु/ काल पर्खनु |
| दिन काट्नु | समय बिताउनु |
| दिन जानु | उमेर जानु |
| दिल लाग्नु | मन लाग्नु |
| दिन बुड्नु | रात पर्नु |
| दिन फर्किनु | राम्रो समय आउनु |
| दिल बहलाउनु | चित्त बुझाउनु |
| दीपावली अर्नु | खुसियाली व्यक्त गर्नु |
| दुई जिब्रे हुनु | विश्वासिलो नहुनु |
| दुनो सोझ्याउनु | आफ्नो व्यवस्था मिलाउनु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| दुहुनो गाई बनाउनु | शोषण गर्नु/ स्रोत बनाउनु |
| दुःख पर्नु | जुठो लाग्नु |
| दुधले नुहाउनु | सफा मन हुनु |
| दुःखारी हुनु | सफलता प्राप्त गर्न नसक्नु |
| दूधको भारा तिर्नु | गुन लगाउनु |
| दूधको भार लाग्नु | ऋणी हुनु |
| दुवै हातौनो लड्डु हुनु | दुवैतिरबाट सफलता मिल्नु |
| दुला पस्नु | लुक्नु |
| दुम्सी हुनु | चुपचाप सुन्नु |
| दुश्मन लाग्नु | काम विग्रनु |
| दुत हुनु | पछि लाग्ने हुनु |
| दुध चुस्तो भात थुक्तो | मीठो खानेकुरा खोज्नु |
| दूधका माडबाटी भातका माड लाग्नु | परिपक्क हुनु |
| देउता हुनु | असल हुनु |
| देश जानु | परदेश जानु |
| देवी हुनु | महान् हुनु |
| देश खाई शेष पार्नु | सबै जानकारी प्राप्त गर्नु |
| देह फेर्नु | मर्नु |
| दैलाउनो बस्नु | पछ्याउनु |
| दैलो लिप्नु | शुद्ध गर्नु |
| दैवले हेर्नु | ईश्वरले साथ दिनु |
| दैव लाग्नु | दशा लाग्नु |
| दैवको खेल | ईश्वरको चाहना |
| दैत्य हुनु | खराब आचरको बन्नु |
| दैत्य बन्नु | खराब आचारणको बन्नु |
| दैसाग खानु | साइत गर्नु |
| दैवको छोरो मर्नु | अन्याय हुनु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| दोमन हुनु | दोधारमा पर्नु |
| दोकान थाप्नु | प्रदर्शन गर्नु |
| दोसल्ला ओड्नु | सम्मानित हुनु |
| दोष लाग्नु | आरोपित हुनु |
| दोखालो पुज्नु | देवता मान्नु |

## ध

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| धकधकिनु | लरबराउनु |
| धक मान्नु | डराउनु/ लाज मान्नु |
| धक्कु लाइनु | रवाफ देखाउनु |
| धजा लाइनु | पूजा गर्नु/ च्यात्नु |
| धज्जी उडाउनु | भण्डाफोर गर्नु |
| धनसार पस्नु | विशेष स्थानमा जानु |
| धर नपाउनु | बाध्य हुनु |
| धन दिनु | सहयोग गर्नु |
| धर्म फाल्नु | निच कर्म गर्नु |
| धन्य हुनु | सम्मान योग्य हुनु |
| धनमाल उड्नु | गरिब हुनु |
| धमारी खेल्नु | मनोरञ्जन गर्नु |
| धाउनु | कोशिश गर्नु |
| धाप मार्नु | स्यावसी दिनु |
| धामा अर्नु | झन्झट गर्नु |
| धारे हात लाइनु | गाली गर्नु |
| धाइडी मह चुस्नु | थोपा थोपा सङ्कलन गर्नु |
| धावा बोल्नु | आक्रमण गर्नु |
| ध्वाँसिनु | मैलो हुनु |
| धिउडो लाग्नु | मक्किनु |

| | |
|---|---|
| धित् मार्नु | प्यास मेट्नु |
| धीर हुनु | सहनशील हुनु |
| धिपधिप अर्नु | बल्नु |
| धुलेश्वर छोड्नु | गाली गर्नु |
| धुर उठ्नु | पक्ष लिनु |
| धुरीबाट पाप कुर्लनु | पाप प्रकट हुनु |
| धुरखामो भाँचिनु | ठूलो विपत् पर्नु |
| धुरीबाट लोट्नु | पीडा हुनु |
| धुलोपिठो पार्नु | बेसरी पिट्नु |
| धुकधुकी हुनु | मर्ने अवस्थामा पुग्नु |
| धूप हाल्नु | सुगन्ध फैलाउनु |
| धोइ पखाली गर्नु | सफा गर्नु |
| धोती न टोपी हुनु | सबै सिद्धिनु |
| धोती खुस्कनु | बेइज्जत हुनु |
| धोती बनाउनु | गुलाम बनाउनु |
| धौसेना डकार आउनु | अपच हुनु |

## न

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| नकटो | ईज्जत नभएको |
| नगारो हाल्नु | ठूलाबडालाई खुसी पार्नु |
| नखरा पार्नु | नक्कल गर्नु |
| नपत्याउने खोलाले बगाउनु | नसोचेको काम हुनु |
| नरे पताएजन हुनु | हराउनु |
| नशा लाग्नु | मन लाग्नु |
| नस पस्नु | स्वाद लिनु |
| नजरमा पर्नु | तारो बन्नु |
| न्याउली बास्नु | सुनसान हुनु |
| नाइँनास्ती गर्नु | अस्वीकार गर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| नाक काट्नु | इज्जत फाल्नु |
| नाक राख्नु | इज्जत बचाउनु |
| नाक खुम्च्याउनु | मन नपराउनु |
| नाक तान्नु | आस मान्नु |
| नाम चल्नु | प्रसिद्धि कमाउनु |
| नाक मुख पानी पस्नु | केही गर्न नसक्ने हुनु |
| नाक बल्छी लाइनु | नियन्त्रणमा राख्नु |
| नाक नभएको निकच्चडो हुनु | इज्जत नभएको |
| नाक मुख देखाउनु | उपस्थित हुनु |
| नाक टिमुर लाग्नु | खुम्चिनु |
| नश हुनु | सिद्धिनु/गाली गर्नु |
| नाठा खेलाउनु | परपुरूष गमन गर्नु/ गोप्य पतिसँग सम्बन्ध राख्नु |
| नाप्नु | केही गर्न नसक्नु |
| नाम कमाउनु | इज्जत राख्नु |
| नामोनिसान मेटिनु | हराउनु |
| नारा बनाउनु | काममा लदाउनु |
| नाडी छाम्नु | क्षमता जाच्नु |
| नाश पार्नु | ध्वस्त बनाउनु |
| नामेट पार्नु | सिध्याउनु |
| निकच्चरो हुनु | लाज श्रम पचाउनु |
| निख्खर हुनु | शुद्ध हुनु |
| निचोडिनु | दमित हुनु |
| नितीखुती | अनुसन्धान गर्नु |
| नील डाम बस्नु | गहिरो चोट लाग्नु |
| निपोडिनु | च्याँठिनु |
| निहु खोज्नु | झगडा गर्नु |

| **(टुक्का)** | **(अर्थ)** |
| --- | --- |
| निदाउनु | थाहा नपाउनु |
| निल्नु न ओकल्नु | द्विविधामा पर्नु |
| निसाना बस्नु | अर्काको नजरमा पर्नु |
| निष्ठुरी हुनु | माया मार्नु |
| निउडनु | ढोग गर्नु/आत्मसमर्पण गर्नु |
| नुनको सोझो हुनु | कर्तव्य पालन गर्नु |
| नुन चुकका छर्का लाइनु | अप्ठ्यारो बचन लाउनु |
| नुन खाया कुखुराजन हुनु | झोकाउनु |
| नुन छाड्नु | जुठो लाग्नु/ शोकमा पर्नु |
| नुनचुक हाली चिर्नु | यातना दिनु |
| नेल हाल्नु | हत्कडी हाल्नु |
| नेटो काट्नु | भाग्नु |
| नेता हुनु | फट्याइँ गर्नु |
| नेती लाइनु | बाँध्नु |
| नैने बकिन्डे हुनु | दुध धेरै दिनु |
| नोकरी अर्नु | काम गर्नु |
| नोट कमाउनु | धन कमाउनु |
| नौटङकी देखाउनु | रमिता देखाउनु |
| नौनी बन्नु | नरम हुनु |
| नौली हुनु | खाली हुनु |
| नौ डाँडा काट्नु | नदेखिने हुनु/ धेरै टाढा जानु |
| नौली गाईका नौ पुला घाँस | नयाँ अवस्थामा बढि रेखदेख |

**प**

| **(टुक्का)** | **(अर्थ)** |
| --- | --- |
| पसिना खल्किनु | भयभित हुनु |
| पलाय लाग्नु | पाप लाग्नु |
| पलापिनु | विग्रनु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| पर्पराउनु | बढी बोल्नु |
| पखेरे छोड्नु | भूत, पिशाचलाई शान्त गर्नु |
| परालपानी लाइनु | बृद्ध-बृद्धाको स्याहार सुसार गर्नु |
| पक्को लाग्नु | दम लाग्नु |
| पगडी गुथ्नु | सम्मानित हुनु |
| पगाल्नु | फकाउनु |
| पश्चिमबाट सूर्य उदाउनु | असम्भव कुरा हुनु |
| पचाउनु | वेवास्ता गर्नु |
| पल्काउनु | बानी पार्नु |
| पलाउनु | हुर्कनु/बढ्नु |
| परानी जानु | मर्नु |
| परालको आगो | क्षणिक रिस |
| पराल थाप्नु | प्रदर्शन गर्नु |
| परलोक हुनु | मर्नु |
| पत्ताउनु | हराउनु |
| पर्छेको बोको हुनु | मृत्युको नजिक पुग्नु |
| पर सर्नु | स्त्री रजश्वला हुनु |
| पकार पर्नु | भिरबाट लड्नु |
| पल्लाछेव नपुग्नु | जवानी मै मर्नु |
| पतुरिनु | बर्बराउनु/ मात्तिनु |
| पाइतो सार्नु | हिंड्नु/ हिड्ने साईत गर्नु |
| पाल्तो फाल्नु | कसैको चित्त बुझाउनु/ पाप कटाउनु |
| पानी मरूवा हुनु | शक्ति र सामर्थ्य नभएको |
| पाउ पर्नु | दन्डवत् गर्नु/ शरणमा पर्नु |
| पादुका जानु | मर्नु |
| पाखा लाग्नु | स्त्री रजस्वला हुनु/टाढिनु |
| पाखुरा निमोठ्नु | झगडा गर्नु/ ताकत देखाउनु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| पागल कुकुरले टोक्नु | बौलाउनु/ अनुशासनहीन |
| पाता कस्नु | बाँध्नु/ कठोर सजाय दिनु |
| पाती लाउनु | आशिर्वाद दिनु |
| पानीपानी हुनु | लज्जित हुनु |
| पाप गर्नु | गल्ती गर्नु |
| पासो लाउनु | मर्नु/ बन्धनमा पर्नु |
| पाजीहुनु | गदाहा हुनु/तल्लो स्तरको हुनु |
| पार लाग्नु | सफल हुनु |
| पार तर्नु | मुक्ति मिल्नु |
| पाल हाल्नु | जोगिनु |
| पिङ खेल्नु | के गरौं के गरौं हुनु |
| पितृहार लाइनु | पितृलाई शान्त पार्नु |
| पिछा गर्नु | तथ्य पत्ता लगाउने प्रयास गर्नु |
| पिठो बिक्नु | सफल हुनु |
| पिलो फुट्नु | आनन्द हुनु |
| पिप कुण्डमा पर्नु | सजाय भोग्नु/ ठूलो संकटमा पर्नु |
| पिरोलिनु | दुःख झेल्नु/ तनाबमा आउनु |
| पिल्सिनु | दुःख भोग्नु |
| पिँजडामा पर्नु | दुःखमा पर्नु/ बन्धनमा पर्नु |
| पिण्ड दिनु | पार लगाउनु/ खुसी पार्नु |
| पुकारा अर्नु | प्रार्थना गर्नु/ बोलाउनु |
| पुल बन्नु | सहयोगी बन्नु/ पार लगाउनु |
| पूजिनु | सम्मान गरिनु |
| पुछ लाग्नु | सँग सँगै जानु |
| पुछ हात लाइनु | गौदान गर्नु |
| पुछ निमोठ्नु | उत्साहित गराउनु/ उस्काउनु |
| पुछ हात पर्नु | घाटा लाग्नु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| पूनीउको जून हुनु | उज्यालो हुनु |
| पेट काट्नु | दुख्नु |
| पेट लाग्नु | पखाला चल्नु / भुँडी लाग्नु |
| पेट चल्नु | पखाला लाग्नु |
| पेट फर्किनु | भोक लाग्नु |
| पेट बटार्नु | भोक लाग्नु |
| पेट खानु | पेट दुख्नु |
| पेटमा मुसा दौडिनु | भोक लाग्नु |
| पेट पाल्नु | बाँच्नु |
| पैसाको खोलो बग्नु | धेरै धन खर्च हुनु |
| पैकेलो हुनु | राजा वा वीर हुनु |
| पैँयाको डुसो गड्याउनु | मुर्दालाई कस्नु |
| पैतला मिलाउनु | साथ दिनु |
| पोल खुल्नु | गोप्य कुरा सार्वजनिक हुनु |
| पोते लाइनु | बिहे गर्नु |
| पोते खुस्नु | पतिका मृत्यु हुनु |
| पोइ टोक्नु | पतिको मुत्यु हुनु |
| पोतो बस्नु | अनुहार विग्रनु |

## फ

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| फत्फताउनु | धेरै बोल्नु |
| फक्किरा लाइनु | बढी गफ गर्नु |
| फर्याकफरुक गर्नु | जाँगरिलो देखिनु |
| फकाउनु | आफ्नो पक्षमा पार्नु |
| फटाइँ गर्नु | बदमासी गर्नु |
| फ्याड्नो बास्नु | अशुभ संकेत दिनु |
| फत्ते अर्नु | काम सिध्याउनु |

| | |
|---|---|
| फरक पर्नु | हिसाब नमिल्नु/बदलिनु |
| फलामका चिउरा चपाउनु | कठिन काम पर्नु |
| फसाउनु | झुक्याउनु |
| फजिताइँ हुनु | बेइज्जत हुनु |
| फरफर लाइनु | झुटो कुरा गर्नु |
| फन्कनु | रिसाउनु |
| फकिर हुनु | जोगी हुनु |
| फाँको हाल्नु | खानु |
| फाटो पार्नु | सम्बन्ध विगार्नु |
| फाँसी फाल्नु | जिम्माको काम सम्पन्न गर्नु |
| फाल् हाल्नु | भाग्नु |
| फालाफाल हुनु | प्रशस्तै हुनु |
| फिक्री हुनु | चिन्ता हुनु |
| फिटीफिटी पर्नु | काम चलाउनु मुश्किल पर्नु |
| फिट्फाट हुनु | मिल्नु |
| फिसोलिनु | भत्किनु / विग्रनु |
| फितलिनु | खुकुलो हुनु |
| फिल्को हुनु | रिसाउनु |
| फुटबल हुनु | सबैको चोट सहनु |
| फुइँ लाइनु | गफ गर्नु |
| फुस्सा हुनु | झुटो हुनु |
| फुटेका आँखाले पनि नहेर्नु | मन नपराउनु |
| फूल्नु | प्रगति गर्नु |
| फूल लाग्नु | सुन्दरता आउनु |
| फूर्नु | ठूलो बन्नु |
| फेटा बान्नु | नचिनिनु |
| फोका उठ्नु | मेहनत गर्नु |

**ब**

| (टुक्का) | (अर्थ) |
|---|---|
| बगरको गोरू हुनु | असहाय हुनु |
| बत्ती बाल्नु | उज्यालो देखिनु |
| बक्बकाउनु | बढी बोल्नु |
| बरालिनु | बिनाकाममा घुम्नु |
| बतेया तिर्नु | थोरै अन्न लिएर धेरै तिर्नु |
| बल्लको जन्नरो कान हुनु | बढी परिश्रम गर्नु |
| बय दिनु | दान दिनु |
| बटारिनु | अटेर गर्नु/ असन्तुष्ट हुनु |
| बगाले गाई हुनु | बेइज्जत हुनु |
| बङ्गारा झार्नु | डर देखाउनु |
| बँदेल | बलवान व्यक्ति |
| बटै चरो | राम्रो, सुन्दर |
| बलीको बोको हुनु | आरोप लाग्नु/ काल आउनु/ फसाउनु |
| बात लाग्नु | दोष लाग्नु |
| बालुवामा पानी खन्याउनु | विनाअर्थको कार्य गर्नु |
| बास उठ्नु | धनसम्पत्ति सिद्धिनु |
| बाँसले बन्नु | मर्नु / गाली गर्नु |
| बाँउडिनु | घमण्ड देखाउनु |
| बाली जानु | गर्भिणी हुनु |
| बाउसे जस्तो बन्नु | पुरूषार्थ देखाउनु |
| बालुओ किल्नु | मृत्युपछि पेट चिर्नु / गाली गर्नु |
| बाँसका ठाँडाउनो कसनु | मृत्यु हुनु / गाली गर्नु |
| बाँझो रनु | थारो हुनु |
| बाबुको बिहे देख्नु | अप्ठ्यारो हुनु |
| बात मार्नु | कुरा गर्नु |
| बाटो तताउनु | गन्तव्यतिर लाग्नु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| बाजिनु | झगडा गर्नु |
| बाछ्चो पोली खायाजन मुख लाइनु | साह्रै फोहरी देखिनु |
| बिरालोले मुसो खेलायाजन अर्नु | छक्काउनु |
| बिल्लीबाठै हुनु | आपतमा पर्नु |
| बिचल्लीमा पर्नु | सङ्कटमा पर्नु |
| बिज्नु | दुःख दिनु |
| बिट मार्नु | समापन गर्नु |
| बिटा बान्नु | पैसा राख्नु |
| बिठ्याइँ अर्नु | गलत काम गर्नु |
| बिराइनो लाग्नु | नचिन्नु |
| बिरालीकोृ पाइन | विस्तारै |
| बिरालोले बाटो काट्नु | अशुभ लक्ष्यण देखिनु |
| बिटुलो हुनु | विग्रनु/ जुठो हुनु |
| बिजोग हुनु | समस्या पर्नु |
| बिर्ता पाउनु | सित्तैमा प्राप्त गर्नु |
| बिर्को लाग्नु | बन्द हुनु |
| बिठौर बास हुनु | ठेगाना नलाग्नु |
| बिठ्याहा | गलत काम गर्ने |
| बिल्लनु | सताउनु |
| बीउ मासनु | निमिट्यान्न पार्नु |
| बीउ पड्नु | गर्भ रहनु |
| बीरसिक्का हुनु | चलाख हुनु |
| बुर्कुसी मार्नु | जोड्ले दगुर्नु |
| बुच्चो कान | गरगहना रहित कान |
| बुर्की लाइनु | मर्नु/गाली गर्नु |
| बुजा हाल्नु | खानु |
| बुतो हुनु | गर्भिणी हुनु |

| (**टुक्का**) | (**अर्थ**) |
|---|---|
| बुत्तिनु | सिद्धिनु |
| बुट्टा भर्नु | सिंगार्नु |
| बुढ्यौली लाग्नु | पाको कुरा गर्नु |
| बेउलो बन्नु | सिंगारिनु |
| बेकारी हुनु | काम नपाउनु |
| बेली विस्तार लाइनु | वर्णन गर्नु |
| बेडिनु | घमण्ड देखाउनु |
| बेसारे कुरा | बनावटी कुरा |
| बोसो पग्लनु | पसिना आउनु |
| बोको हुनु | कामुक हुनु |
| बौलाहा कुकुरले टोक्नु | पागल हुनु |
| बौलिनु | काँप्नु / देउता बोलाउनु |

**भ**

| (**टुक्का**) | (**अर्थ**) |
|---|---|
| भकारी भर्नु | धन सम्पति कमाउनु |
| भक्कानो फुट्नु | रूनु/ गहिरो दुःख पर्नु |
| भङ्ग हुनु | बिथोलीनु |
| भट्टे सराप दिनु | गाली गर्नु |
| भत्भती पोल्नु | पश्चाताप हुनु |
| भत्कनु | असफल हुनु/ बिग्रनु |
| भर पर्नु | आशा गर्नु |
| भल बग्नु | खर्च हुनु |
| भरी गाग्रो धेक्नु | साइत पर्नु |
| भल लाउनु | नोक्सान हुनु |
| भलका मुडा बग्नु | रिसाउनु |
| भड्कनु | तर्सिनु |
| भण्डाफोर अर्नु | बास्तविकता बताउनु |

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| भण्डार भरिनु | प्रशस्त हुनु |
| भाउन्न हुनु | रिङगटा लाग्नु/ रिस उठ्नु |
| भात लाग्नु | मात्तिनु |
| भाउ खानु | ठूलो बन्नु |
| भाँड भैलो पार्नु | झगडा गर्नु/ सबैकुरा विगार्नु |
| भ्वाङ पार्नु | भित्री कुरा फुत्काउनु |
| भाका राख्नु | हदम्याद तोक्नु |
| भाका मिलाउनु | स्वर मिलाउनु |
| भाग्यले साथ दिनु | काम सप्रनु |
| भाङ्गो हुनु | बेसरी सुक्नु |
| भाँङ्गो लागेजस्तो हुनु | होस हराउनु |
| भाँजो हाल्नु | विगार्नु |
| भालुका कम्पडा समाएजन हुनु | एक्कासी समस्या पर्नु |
| भाउ घट्नु | मूल्यहिन हुनु |
| भात मार्नु | सित्तैमा खानु |
| भारत हाल्नु | गाथा सुनाउनु |
| भिनासाली हुनु | रमाइलो गर्नु |
| भिरबाट लोट्नु | मर्नु/ समस्यामा पर्नु |
| भिख माग्नु | धनसम्पत्ति सकिनु |
| भीष्म प्रतिज्ञा गर्नु | वाचा गर्नु |
| भुँइमा खुट्टा नटेक्नु | रमाउनु |
| भुँइफट्टा हुनु | ठूलो बन्नु |
| भुँइचालो जानु | हल्लिनु/ ठुलो समस्या पर्नु |
| भुँडी लाग्नु | मोटाउनु |
| भुँडी बोक्नु | गर्भवती हुनु |
| भुडी भर्नु | खाना खानु |
| भूँडो तान्नु | गर्भधारण गर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| भुरे टाकुरे हुनु | सिमित शक्तिमा हुनु |
| भुटिकुटी हुनु | नासिनु |
| भूस हाल्नु | गाली गर्नु |
| भूसको आगो हुनु | भित्रभित्रै जल्नु |
| भूत लाग्नु | सञ्चो नहुनु |
| भूक्नु | विनाअर्थमा कराउनु |
| भेउ पाउनु | उपाए थाहा पाउनु |
| भेडो हुनु | एकोहोरो हुनु |
| भेडो | सिधा/लाटो |
| भेद खुल्नु | गोपनियता भङ्ग हुनु |
| भेटी चढाउनु | सित्तैमा दिनु |
| भैलो खेल्नु | जथाभावी हिड्नु |
| भोकभोकै रहनु | खान नपाउनु |
| भोजन अर्नु | खाना खानु |
| भोज खानु | शुभ कार्यमा खाना खानु/मिठो खानु |
| भोस्सो खेल्नु | जथाभावी बोल्नु |
| भोस्सो ठाडै रहुन | भोस्सी खेल खेल्न नपनउनु |
| भौतारिनु | जथाभावी हिड्नु |
| भौसट्ट हुनु | पोल खोल्नु |

**म**

| (टुक्का) | (अर्थ) |
|---|---|
| मत्त हुनु | मात्तिनु |
| मन काटिनु | दुःख मान्नु |
| मइपानी खानु | सानो कुरामा सन्तोष गर्नु |
| मख्ख पर्नु | खुसी हुनु |
| मगज विग्डनु | पागल हुनु |
| मन चोर्नु | भित्री चाहना बुभ्नु |

| (**टुक्का**) | (**अर्थ**) |
|---|---|
| मन जित्नु | खुसी पार्नु |
| मन दुख्नु | दुःख लाग्नु |
| मन लाग्नु | ईच्छा जाग्नु |
| मन मिल्नु | विचार मिल्नु |
| मनमा चिसो पसनु | शंका लाग्नु |
| मनमा राँको बल्नु | जलन हुनु |
| मनका लड्डु घीउसँग खानु | कल्पनामा रमाउनु |
| मरेका बाँधका जुङा उखेल्नु | सानो काम गरी ठुलो कामको धाक लगाउनु |
| मसानकोइला जानु | मर्नु |
| मसकाउनु | लज्जित हुनु |
| मइ माग्न जानु पिठतिर गानु | लजाउनु |
| मरिमेट्नु | प्रयास गर्नु |
| माइकी दिनु | गाली गर्नु |
| मामाघर जानु | जेल जानु |
| माचा लाइनु | अर्काको गोप्य कुरा भन्नु |
| माल पाउनु | खोजेको कुरा पाउनु |
| मास छर्न जानु | मर्नु |
| माटो खानु | मर्नु |
| मासुमा किरा पर्नु | युवती विग्रनु |
| माट्टौन जानु | मर्नु / गाली गर्नु |
| माकुराको जालमा पर्नु | फन्दामा पर्नु |
| माछा मार्नु | लोट्नु |
| माटामा मिल्नु | मर्नु/ अस्तित्व समाप्त हुनु |
| माया पलाउनु | मन फर्किनु |
| माखा धपाउनु | केही गर्न नसक्नु |
| माखो मार्न नसक्नु | उल्लेख्य काम गर्न नसक्नु |
| मात हाल्नु | केही पैसा दिएर अर्काको जमिन जोत्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| माइलो हुनु | हेलाको हुनु |
| माटो खोस्रनु | इलम गर्नु |
| मानो छडिकन मुरी फलाउनु | लाभ लिनु |
| मास चामल छर्नु | भूत भगाउनु |
| मुकदर्शक बन्नु | हेरिरहनु |
| मुख चिलाउनु | गाली गर्नु / बढी बोल्नु |
| मुखमा बुजो लाइनु | चुप लागेर बस्नु |
| मुख सिएर बस्नु | केही भन्न खोज्नु |
| मुख बाउनु | केही भन्न खोज्नु |
| मुटुले नब्वे हन्नु | साह्रै आत्तिनु |
| मुल्या टोग्या पर्नु | टुहुरो हुनु |
| मुख लाग्नु | भनेको नमान्नु |
| मुखामुख हेर्नु | अर्काको आशा गर्नु |
| मुटु चुँड्नु | असहय वेदना हुनु |
| मुठ्ठी बजार्नु | धम्की देखाउनु/ परिश्रम गर्नु |
| मुख छिटा पार्नु | आफू मात्र बोलिरहनु |
| मुटुमा चोट लाग्नु | दुःखित हुनु |
| मुखमा दुध जामिनु | केही नबोली बस्नु |
| मुख पर्नु | मसान लाग्नु |
| मुसो दल्नु | इज्जत फाल्नु |
| मुत नाघ्न नसक्नु | हिम्मत नहुनु |
| मुतमा बग्नु | अर्काको भनाइमा लाग्नु |
| मुठी भित्र हुनु | काबुमा आउनु |
| मुजीमा पस्नु | लाज नमान्नु |
| मुख छाड्नु | गाली गर्नु/ बचन फर्काउनु |
| मुखमा झुण्डिनु | मिठो लाग्नु/ कण्ठस्त हुनु |
| मुख ताक्नु | आशा गर्नु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| मुखौनो माड लाइनु | खाना खानु |
| मुख बार्नु | परेज गर्नु |
| मुख बिगार्नु | चित्त नबुझ्नु |
| मुख सम्हाल्नु | होसपुऱ्याउनु |
| मुन्ट्याउनु | धपाउनु |
| मुखभरीको जवाफ दिनु | पुग्नेगरी भन्नु |
| मुग्लान पस्नु | परदेश जानु |
| मुटुमा गाँठो पड्नु | चित्त दुख्नु |
| मूल जन्मनु | टोकाहा हुनु |
| मूलको पानी कूलको छोरी | राम्रो लक्ष्यण भएको |
| मूढेबल निकाल्नु | फूर्ति देखाउनु |
| मुट्ठीभर हुनु | निर्बलीयो हुनु |
| मूला खानु | सास गनाउनु |
| मुन्टा झिर्को नलाग्नु | वाधा नपार्नु |
| मेख मार्नु | पुग्नेगरी |
| मेसो पाउनु | उपाय निकाल्नु/ थाहा पाउनु |
| मेटाउनु | सिध्याउनु |
| मैझाडो अर्नु | काम सम्पन्न गर्नु |
| मौका छोड्नु | अवसर मिलाउनु |
| मौकामा हिरा फोड्नु | समयलाई सदुपयोग गर्नु |
| मौलाको राँगो हुनु | काल आउनु |
| मौनी बाबा बन्नु | इमान्दार बन्नु |

**य**

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| यश राख्नु | इज्जत राख्नु/ नाम कमाउनु |
| यत्रैसिती | जेसुकै होस् |
| यज्ञ अर्नु | पूजा गर्नु |

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| यजमानी गर्नु | पूरेत्याँई गर्नु |
| यात्रामा जानु | भ्रमण गर्नु |
| यश मार्नु | यौन आनन्द लिनु |

## र

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| रडाको मच्चाउनु | झगडा पार्नु |
| रक्तका आँसु बगाउनु | बेसरी दुःख पाउनु |
| रजस्थान हुनु | राजधानी हुनु |
| रजाँइ चलाउनु | मनपरी गर्नु |
| रखरख अर्नु | फुर्तिलो हुनु |
| रगत चुस्नु | शोषण गर्नु |
| रटाउनु | दोहोर्‍याउनु |
| रस लिनु | चाहना देखाउनु |
| रस खानु | पारख गर्नु |
| रल्लिनु | विनाकाममा समय बिताउनु |
| रण्डो हुनु | चरित्रहिन हुनु |
| रतिराग हुनु | स्त्री लम्पट हुनु |
| रन्को लाग्नु | नसा लाग्नु/ सम्झना आउनु |
| रनाहा हुनु | मुर्छा पर्नु |
| रवाफ देखाउनु | घमण्ड देखाउनु |
| रतेडी लाइनु | खुसियाली मनाउनु |
| रक्षानमा पर्नु | फोहोर स्थानमा पर्नु |
| रन्कनु | रिस उठ्नु |
| रन्काउनु | बजाउनु |
| रमिता हेर्नु | सहयोग नगर्नु |
| राम हेर्नु | अर्काको दुःख हेरेर बस्नु |
| रामराज्य हुनु | सवैलाई सामान व्यवहार गर्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| राजोगाजो ल्याउनु | अर्काको गर्भलिएर पोइल आउनु |
| राल चुहाउनु | आकर्षित हुनु |
| राल गाजल छोड्नु | आत्तिनु |
| राता आँखा लाइनु | रिस देखाउनु |
| र्‍याखर्‍याख पार्नु | हैरान पार्नु |
| राँको बल्नु | धेरै रिस उठ्नु |
| राजाको काम | सार्वजनिक काम |
| राज्य थाम्नु | काम चलाउनु |
| राजी हुनु | सहमत हुनु |
| रात पड्नु | समय सिद्धिनु |
| राजा हुनु | ठूलो मान्छे हुनु |
| रातोपिरो हुनु | मोटाउनु / रिसाउनु |
| रासलिला गर्नु | यौन आनन्द लिनु |
| रागस हुनु | घातक सवभावको हुनु |
| राक्षेस हुनु | मान्छेको भन्दा पृथक व्यवहार गर्नु |
| रातकी रतेडी दिनकी दिनेडी हुनु | रातोदिन खट्नु |
| रिसको पोको हुनु | रिसाहा स्वभावको |
| रिसले आँखा फुट्नु | इर्ष्या गर्नु |
| रित लाग्नु | बानी पर्नु |
| रिन लाग्नु | दु:ख पर्नु |
| रिमझिम हुनु | आनन्द आउनु |
| रिन खानु | अर्काको सहारामा बाँच्नु/ अर्काको खानु |
| रिनमा डुब्नु | धेरै ऋण लाग्नु |
| रिन लाग्नु | सहयोगको बदला दिन नसक्नु |
| रिनले ठाडो नहुनु | सधैँ गरिब हुनु |
| रेगडा दिनु | एकोहोरो काममा लाग्नु |
| रेत लाइनु | धार निकाल्नु |

| | |
|---|---|
| रेट्नु | काट्नु/ दुःख दिनु |
| रोल मिच्नु | पालो नपर्खिनु |
| रोष प्रकट गर्नु | रिस देखाउनु |
| रोकावट हुनु | अवरूद्ध हुनु |
| रौतेलो हुनु | प्यारो हुनु |
| रौ चिरा दर्शन छाँट्नु | बढी जान्ने बन्नु |

**ल**

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| लड्कनु | मस्तसँग हिड्नु |
| लक्छकाउनु | जिस्किनु |
| लखतरान पर्नु | थाक्नु |
| लगाम लगाउनु | नियन्त्रणमा लिनु |
| लठ्ठ पर्नु | आनन्दित हुनु |
| लड्डु खानु | खुसियाली मनाउनु |
| लत बस्नु | बानी पर्नु |
| लहैलहैमा लाग्नु | बहकाउमा पर्नु |
| लस्कनु | बिस्तारै हिड्नु |
| लन्ठिनु | विनाकाममा घुम्नु |
| लट्पटिनु | अल्झिनु |
| लट्काउनु | रोक्नु |
| लत्पतिनु | पोतिनु |
| लहसिनु | नजिक हुनु |
| लल्कार्नु | हेप्नु/ चुनौती दिनु |
| लटो काट्नु | देउता काँप्न छोड्नु |
| लट्टिनु | फोहर हुनु |
| लम्पट हुनु | तृष्णित हुनु |
| लच्छिन हुनु | राम्रो हुनु |
| लात मार्नु | त्याग्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| लाखापाखा लाग्नु | सबैले आ-आफ्नो जिम्मेवारी सम्हाल्नु/ छरिनु/ अलगअलग हुनु |
| लाजा भर्नु | काम लगाएवापत दिइने अन्न |
| लाउन हाल्नु | मृतकको घरमा एघारौं दिनमा पकाइने रोटी |
| लागिपड्नु | प्रयासरत हुनु |
| लास हुनु | मरेतुल्य हुनु |
| लाज हुनु | इज्जत जानु |
| लाफा लाग्नु | धुजाधुजा हुनु |
| लाम लाग्नु | लहरमा उभिनु |
| लासे हुनु | मीठो - मीठो खोज्नु |
| लाटा हातउनो केला | महत्व नबुझ्नु |
| लामा हात गर्नु | चोर्नु |
| लुतो लाइनु | समस्या सार्नु |
| लुच्चो हुनु | लोभी हुनु |
| लुकामारी खेल्नु | रमाउनु |
| लुछाचुँडी हुनु | खोसाखोस गर्नु |
| लुरूक्क हुनु | लोसे हुनु |
| लुसुक्क पस्नु | चोरी हुनु |
| लुटपाट हुनु | चोरी हुनु |
| लुलो हुनु | अपाङ्ग हुनु |
| लुते हुनु | कमजोर हुनु |
| लेघ्रो तान्नु | लामो स्वर निकाल्नु |
| लोकाचार अर्नु | देखावटी पन गर्नु |
| लोभ अर्नु | पाउने आशा गर्नु |
| लोटाउनु | बेस्सरी पिट्नु |
| लोसे हुनु | निन्याउरो हुनु |
| लोटा नउठाउनु | बेकामको हुनु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| लोटी पड्नु | खस्नु |
| लोग्ने हुनु | वीर / मर्द हुनु |
| लोप हुनु | अदृश्य हुनु |

**व**

| (टुक्का) | (अर्थ) |
|---|---|
| वकालत अर्नु | न्याय निसाफ गर्नु |
| वन पस्नु | पागल हुनु/ गृहस्थी त्याग्नु |
| वल्लाछेउन पल्ला धार पुग्नु | अलपत्र पर्नु |
| वरको हात पर नसार्नु | केही काम नगर्नु |
| वाक्का लाग्नु | दिक्क लाग्नु |
| वाल्ल पड्नु | दंग पर्नु |
| वार कि पार हुनु | निर्णयमा पुग्नु |
| वाँ को वाई रनु | फर्केर नआउनु / गाली |

**श**

| (टुक्का) | (अर्थ) |
|---|---|
| शंख फुक्नु | पूजा गर्नु / मृत्यु हुनु |
| शक्तिको भक्ति अर्नु | अवसर छोप्नु/ शक्तिको पछी लाग्नु |
| शरण पर्नु | आश्रय माग्नु |
| शंका अर्नु | अनुमान गर्नु/ अविश्वास गर्नु |
| शलामनी राख्नु | मर्नु/गाली गर्नु |
| शासन अर्नु | कज्याउनु |
| श्राप दिनु | कुभलो चाहनु |
| शिर झुक्नु | बेइज्जत हुनु |
| शिरोधार्य गर्नु | आज्ञा पालन गर्नु |
| शिर ठाडो पार्नु | सान बढ्नु |
| शिर देखि पाउ सम्म हेर्नु | राम्रो सँग हेर्नु |
| श्रीगणेश गर्नु | थालनी गर्नु |

| | |
|---|---|
| श्राद्ध खानु | श्राद्धमा गई खाना खानु |
| श्रृङ्खला टुट्नु | क्रमभङ्ग गर्नु |
| श्रीपेच पैरनु | शक्तिमा आउनु |
| शुध्रिनु | सफा हुनु/ राम्रो बाटोमा लाग्नु |

**स**

| **(टुक्का)** | **(अर्थ)** |
|---|---|
| सह आउनु | सोचे जस्तो उब्जनी हुनु |
| सन्टेल्नी करायाजन अर्नु | अनावश्यक बोल्नु |
| सहनेइती दिनु | अन्नपात दिनु |
| सति जानु | मृत लोग्नेसँगै जल्नु/ कमजोरको पछी लाग्नु |
| सहत्तिनु | तयार हुनु |
| सइ थापनु | स्वीकार गर्नु |
| सकस हुनु | बिरामी पर्नु |
| सक लाग्नु | शंका लाग्नु |
| सगरमाथा चढेजन अर्नु | बहादुरी देखाउनु |
| सर्वस्व सुम्पनु | सवैथोक दिनु |
| स्वाहा हुनु | समाप्त हुनु |
| सर्त पर्नु | फाइदा हुनु |
| सल्कनु | परपरूष / स्त्री सँग लाग्नु |
| सतीको श्राप लाग्नु | पाप लाग्नु |
| संगत गुनाको फल | कर्म अनुसारको परिमाण |
| सल्बलाउनु | प्रभाव देखाउनु |
| सर्जक | बनाउने / सिर्जना गर्ने |
| सन्कनु | रिसाउनु/ एकाएक आक्रोस देखाउनु |
| स्वर्ग जानु | मृत्यु हुनु/ मुक्ति प्राप्त गर्नु |
| स्याल | चलाख |
| सास न पास हुनु | होस हराउनु |
| स्वाङ् पार्नु | नक्कल पार्नु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| साइत पार्नु | शुभ कार्यको थालनी गर्नु |
| साइतको लौरी ढल्नु | अशुभ हुनु |
| साइत सार्नु | शुरूवात गर्नु/ समय परिवर्तन गर्नु |
| साउको डोको बोक्नु | ऋण लिनु |
| सातोपुत्लो उड्नु | होस हराउनु/ डराउनु |
| सातकोष टाढा भाग्नु | लुक्नु/ भागेर टाढा जानु |
| साथ लाग्नु | सँगसँगै बस्नु |
| साइटीको लाउनु | प्रेम बस्नु |
| सास फेर्नु | बच्नु/ क्षणिक सुख |
| साइ परदेश हुनु | विछोडिनु |
| सिन्को नउठाउनु | केही काम नगर्नु |
| सिन्दुर पुछिनु | पतिको निधन हुनु |
| सिटी बजाउनु | जानकारी गराउनु |
| सिल्ली हुनु | पागल हुनु |
| सिल्टिमुर खानु | मर्नु/ असफल हुनु |
| सिडौरी खेल्नु | निहुँ खोज्ने |
| सिस्नाको साग खानु | गुजारा गर्नु |
| सिस्नु पानी लाइनु | सजाय दिनु |
| सिता चाट्नु | नोकर बन्नु |
| सुर्जफूल हुनु | उत्कृष्ट वस्तु हुनु |
| सुईकुच्चा ठोक्नु | भाग्नु |
| सुइको पाउनु | चाल पाउनु |
| सुकिलो-मुकिलो देखिनु | सफा देखिनु |
| सुँगुर उड्नु | असम्भव कुरा गर्नु |
| सुनमा सुगन्ध | अझ राम्रो |
| सुरेली हाल्नु | बोलाउनु |
| सुत हाल्नु | यौनानन्दका लागि इशारा गर्नु |

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| सुत चड्नु | फोहर खानु |
| सुस्केरा छुट्नु | चिन्ता मान्नु |
| सूरो हुनु | साहसी हुनु |
| सोत्तर पार्नु | सबैलाई हराउनु/ ढलाउनु/ सुताउनु |
| सौगात दिनु | उपहार दिनु |

**ह**

| (टुक्का) | (अर्थ) |
| --- | --- |
| हरक्क फरक्क हुनु | छिनछिनमा भेष बदल्नु |
| हरालिनु | विग्रिनु |
| हत्याउनु | जबरजस्ती कब्जामा लिनु |
| हक देखाउनु | अधिकार खोज्नु |
| हजम अर्नु | पचाउनु |
| हठ अर्नु | जिद्धि गर्नु |
| हत्ते अर्नु | प्रयास गर्नु |
| हन्डर खानु | दुःख पाउनु |
| हरिया बाँसमा बान्नु | मर्नु/गाली गर्नु |
| हलिया लाग्नु | नोकर बस्नु |
| हली गोठालो हुनु | सामान्य रूपमा जीवनयापन गर्नु |
| हरेस खानु | चिन्तित हुनु |
| हलो जोड्नु | सरसामान जम्मा गर्नु/ सहकार्य गर्नु |
| हल्लीखल्ली हुनु | चोर पस्नु |
| हस्काउनु | धेरै खानु |
| हच्किनु | पछि हट्नु |
| हपार्नु | हप्काउनु |
| हल्लाउनु | थर्काउनु |
| हलो हाल्नु | कब्जा गर्नु |
| हंस उड्नु | सातो जानु |

| (टुक्का) | (अर्थ) |
|---|---|
| हंसले ठाउँ छोड्नु | निरास हुनु |
| हातमुख चुठाउनु | विदाइ गर्न |
| हात हालाहाल गर्नु | लडाइँ गर्नु |
| हाड घोट्नु | काममा दलाउनु |
| हात थाप्नु | सहयोग माग्नु |
| हाउगुजी लाग नु | डर लाग्नु |
| हातौंनो दही जमाउनु | केही काम नगरी बस्नु |
| हाट जानु | किनमेल गर्नु जानु |
| हात चिल्लो हुनु | फाइदा हुनु |
| हावाको तालमा हिड्नु | कुरा नबुझी अघि बढ्नु |
| हार खानु | आस मार्नु |
| हावा खुस्कनु | मर्नु |
| हाल पठाउनु | समाचार पठाउनु |
| हाकिम बन्नु | ठूलो बन्नु/ अर्कालाई कज्याउनु |
| हास्स हुस्स अर्नु | ठग्नु |
| हार्र हुर्र अर्नु | होसियार नहुनु |
| हाडछाला हुनु | दुब्लाउनु |
| हात चिलाउनु | पिट्न मन लाग्नु |
| हात मुख जोड्नु | खाना खानु |
| हात झिक्नु | साथ छोड्नु |
| हातेमालो अर्नु | मिल्नु |
| हावा खानु | असफल हुनु |
| हाँसोमा उडाउनु | खिल्ली गर्नु |
| हिङ् जराउनो हाल्नु | जालझेल गर्नु |
| हिङ् बानेको टालो | प्रभाव कायम रहनु |
| हिल्किनु | मात्तिनु |
| हिला आङ्लो डोब्नु | रोप्नु |

| | |
|---|---|
| हित्तचित्त मिल्नु | मन मिल्नु |
| हिरिक्क हुनु | साह्रै चाहना गर्नु |
| हिस्सी पड्नु | राम्रो देखिनु |
| हिम्मत हार्नु | आस मार्नु |
| हीरा फोड्नु | मौकाको फाइदा उठाउनु |
| हिलो छ्याप्नु | बेइज्जत गर्नु/ आरोप लगाउनु |
| हिउँचुलीको डाँफे हुनु | शोभायमान हुनु |
| हुस्सु हुनु | केही थाहा नपाउनु |
| हुर्मत लिनु | हप्काउनु |
| हुड्के हुनु | नाच्नु |
| हेज मार्नु | कुनै काममा निराशापन देखाउनु |
| हेक्का राख्नु | विचार पुरयाउनु |
| हेरफेर अर्नु | बदल्नु |
| हेलचेत्तःयाइँ अर्नु | वेवास्ता गर्नु |
| हैरान पार्नु | सताउनु |
| हैजा पर्नु | गाली गर्नु |
| होस्टेमा हैँसे अर्नु | सहयोग गर्नु |
| होस पुऱ्याएनु | विचार पुऱ्याएनु |
| होच्याउनु | अपमान गर्नु |
| होस हराउनु | विर्सनु |
| हौसिनु | उत्साहित हुनु |

## ४.२ दैलेख जिल्लामा प्रचलित केही टुक्काहरूको वाक्यमा प्रयोग

टुक्काहरू कुनै पनि भाषामा पद वा पदावलीका रूपमा आएका हुन्छन् । यिनीहरूको अलग्गै अर्थ आउन सक्दैन । टुक्काहरू जब वाक्यमा प्रयोग गरिन्छन् तब मात्र यिनको अर्थ प्रष्टिन्छ र भाषामा प्रभावकारिता आउँछ । तसर्थ दैलेख जिल्लामा प्रचलित टुक्काहरूको संकलन गरिसकेपछि त्यस मध्येका केही टुक्काहरूलाई निम्न अनुसार वाक्यमा प्रयोग गरिएको छ ।

**अन्यारो मुख लाउनु**

(दैलेखी) जाँचमा फेल भैगन छोरो अन्यारो मुख लाइकन बस्या छ ।

(नेपाली) परीक्षामा असफल भएर छोरो अँध्यारो मुख लाएर बसेको छ ।

**आँखाउनो रिङ्नु**

क) छोरी मरेर गइत पनि मेरा आँखाउनै रिङ्ेइ छ ।

ख) छोरी मरेर गएपनि मेरो आँखामा घुमिरहेकी छ ।

**इलम गर्नु**

क) परदेश नजा बा, आफ्नै गावौंनो इलम अरिकन बस्या हुन्छ ।

ख) परदेश नजा बाबु, आफ्नै गाउँमा इलम गरेर बसे हुन्छ ।

**ईश्वर दाहिना हुनु**

क) ईश्वर दाहिना भया कैका बाबुको केही लाग्दैन ।

ख) ईश्वर दाहिने भए भने कसैका बाबुको केही लाग्दैन ।

**उँधो जानु**

क) गाँवका सबै ठिटा उँधो बाइगया, अब गाँवौनो मद्दत कैसँग माग्ने ?

ख) गाउँका सबै केटाहरू परदेश गइहाले अब गाउँमा कोसँग सहयोग माग्ने?

**एकै साटे हुनु**

क) धेरै कचकच नअर ऐले एकै साटे बनाउँला ।

ख) धेरै कचकच नगर ऐले एकै चोटमा मारूँला ।

**ओदार्नु**

क) ऐलेका नेताका चाला हेर्दा त यो देशकन आदार्नन् जस्तो लाग्छ ।

ख) अहिलेका नेताहरूको क्रियाकलापलाई हेर्दा त यो देशलाई विगारलान् जस्तो लाग्छ ।

**औडाहा हुनु**

क) तेरा चालाले त मेरा मनौनो औडाहा हुन्छ ।

ख) तेरो क्रियाकलापले त मलाई सहिनसक्नु हुन्छ ।

**कर्को गाइनु**

क) तेरा घर कर्को गाया सुन्ना त मेरा आँखा भरी आँसु भया ।

ख) तिम्रो घरमा मृत्यु भएपछि गाउँने गीत गाएको सुन्दा त मेरो आँखा भरीआँसु भयो ।

**केलाको थाम ढलेजन हुनु**

क) आम्नी स्वाइँनी मरेका रैबारले रामे केलाको थान ढलेजन भयो ।

ख) आफ्नी श्रीमती मरेको खबरले रामे मुर्छा परेर ढल्यो ।

**खडरात्री अर्नु**

क) आज धुलेश्वरका मन्दिरौनो खडरात्री अर्नुछ सबै आइगया ।

ख) आज धुलेश्वरको मन्दिरमा जाग्राम बस्नुछ सबै आउनू ।

**खोरो लाग्नु**

क) आज मेरो के खोरो लाग्यो छ र घरौनो आगो लाग्यो ।

ख) आज मलाई के दशा लागेछ र घरमा आगो लाग्यो ।

**गलो घुमाउनु**

क) पर बनौनो को गलो घुमाई घुमाईकन बस्या छ ।

ख) पर जंगलमा कसले स्वर मिलाई मिलाईकन गीत गाएर बसेको छ ।

**गिल्ला अर्नु**

क) लाटाकन धेकेर गिल्ला नअर तम्रा छोराछोरी पनि त्यसै हुनन् ।

ख) लाटो (बहिरो) लाई देखेर नजिस्क्याऊ तिम्रा छोराछोरी पनि त्यस्तै होलान् ।

**घैंटो भर्नु**

क) आम्नो घैंटो भर्न पाए अर्काको क्या मल्तब ।

ख) आफ्नो पेट भर्न पाए अरूको के मतलब ।

**घुट्का निल्नु**

क) सपै सहर गया धेकी मेरो भाइ घरौनो घुटका निलिकन बस्या छ ।

ख) सबै सहर गएको देखेर मेरो भाइ घरमा सहर जान पाए हुन्थ्यो भनेर लालायित भएर बसेको छ ।

**चटारिनु**

क) तमी यसरी चटारिया धेक्ता त मकन रिस उठ्ठा छन् ।

ख) तिमी यसरी मातिएको देख्ता त मलाई रिस उठ्छ ।

**चुलाको बिरालो हुनु**

क) अरू सप्पै उँधो बाइकन धन कमाउँछन् त चुलाको बिरालो भएर बसिराख् ।

ख) अरू सबै परदेश गएर धन कमाउँछन् तँ घरमै बसिराख् ।

**छोरेट्टी बस्नु**

क) आज बाहा छोरेट्टी बस्न आया है सँगियौ ।

ख) आज साँझ केटाकेटी बसेर गीत गाउन आए है साथीहरू हो ।

**जोइ खोज्नु**

क) मेरा भाइले जोइ खोजे जन छ क्या अर्ने होला ।

ख) मेरो भाइको बिहे गर्ने उमेर भएजस्तो छ के गर्ने होला ।

**जौ तिल पाक्नु**

क) जाँच दिए देई पास फैल कया हुन्या हो भनी मेरा मनमा जौ तिल पाक्न लागे ।

ख) परीक्षा दिए देखि सफल-असफल के हुने हो भनी मेरो मनमाा कुरा खेल्न थाले ।

**झाँङ्रो छोड्नु**

क) तँ कन आज क्या भया छ र झाँङ्रो छोडीकन बसेइ छै ?

ख) तँलाई आज के भयो र फोहोर भएर बसेकी छस् ?

**टोपी फाल्नु**

क) दाज्यूका सौरा मरेकाले टोपी फाल्या हुन ।

ख) दाजुका ससुरा मरेका हुनाले उनलाई जुठो लागेको छ ।

**टन्कनु**

क) मेरा गोडाउनो पिलो आइकन बेसरी टन्किया छ ।

ख) मेरो खुट्टामा पिलो आएर बेसरी दुखेको छ ।

**ठेकी लाइनु**

क) आज छोराको ठेकी लाइन बडलम्जी जानु छ ।

ख) आज छोरालाई केटी माग्न बडलम्जी (गाउँको नाउँ) जानु छ ।

**डाल पेलाउनु**

क) त्यै ठिटीको डाल पेलाया धेक्ता त भगाई लैजाउँ जन्नरो हुन्छ ।

ख) त्यस केटीले बैंस काढेको देख्दा त भगाएर लैजाउँ जस्तो लाग्छ ।

**डाँडाको जुन हुनु**

क) आमा डाँडाको जून भयइछन् कैबेला क्या हुन्या हो ।

ख) आमा अन्तिम अवस्थामा पुग्नु भएको छ कति बेला के हुने हो ।

**ढाडे हुनु**

क) त्यसले ढाडे भईकन हिन्या धेक्ता त रिस उठ्ठो छ ।

ख) त्यसले आफ्नो पुरूषत्व देखाएर हिडेको देख्ता त रिस उठ्छ ।

**तुवाँला छुट्नु**

क) तीन दिन देइ खान नपाइकन मकन तुवाँला छुट्या छन् ।

ख) तीन दिन देखि खान नपाएर मलाई आसाध्यै भोक लागेको छ ।

**तुइँनु**

क) नेपालको संविधान बनाउने काम बीचैमा तुइने हो कि भन्ने सुर्ता प लाग्दो छ ।

ख) नेपालको संविधान बनाउने काम बिचमै असफल हुन्छ कि भन्ने चिन्ता लाग्छ ।

**थडी हुनु**

क) नेपाली जनताकन नेताहरूले थडी बनायाका छन् ।

ख) नेपाली जनतालाई नेताहरूले थिचोमिचो गरेका छन् ।

**थोलो पसार्नु**

क) राम्रा लुगा लाइन पाइन भनिकन कान्ठी छोरी थोलो परासिकन बसेइछ ।

ख) राम्रो कपडा लगाउन पाइन भनेर कान्छी छोरी रिसाएर बसेकी छ ।

**दलिन गनेर बस्नु**

क) अँ काम केइ पाइनै दलिन गनेर बस् ।

ख) अँ केही काम छैन अल्छी गरेर बसिराख् ।

**दुनो सोझ्याउनु**

क) सबै भाइले आ-आफ्नो दुनो सोझ्याले तँ अब ह्याउनै डुलिराख ।

ख) सबै भाइले आ-आफ्नो व्यवस्था मिलाइसके तँ मात्र यहाँ डुलिराख् ।

**धुलेश्वर छोड्नु**

क) बल्ल खेतिउनो लाइँछै, पाल्न सक्तैनै भन्या धुलेश्र लैकन छोडिदे ।

ख) गोरूलाई अर्काको खेतीमा लगाउँछस्, पाल्न नसक्ने भए साँढ छोड्दे ।

**नखरा पार्नु**

क) किन नखरा पार्दिछै खुरूक्क खान छाडी ।

ख) खुरू खुरू नखाएर किन नक्कल पारेको ।

**नाक मुख पानी पस्नु**

क) मेरा नाख मुख पानी नपसाल म माइत फस्किदिउँला ।

ख) मलाई धेरै नअत्याऊ, म माइत गइदिउँला ।

**पसिना खल्किनु**

क) तम्रा कुराले त मेरा पसिना खल्किगए ।

ख) तिम्रा कुराले त म बेसरी आत्तिएँ ।

**परालपानी लाइनु**

क) बुढा बाबुआमाकन रामरी परालपानी लाइनू, म दशैंथी आउँला ।

ख) बुढा बुवा आमाको राम्रो स्याहार सुसार गर्नु, म दशैमा आउँछु ।

**फक्किरा लाइनु**

क) नेपालगन्जका फक्किरा धेरै नला मैले पनि धेक्या छु ।

ख) नेपालगन्जको बारेमा अनावशयक गफ नलगा मैले पनि देखेको छु ।

**बगरको गोरू हुनु**

क) सबै छोराछोरीले छोडी बाइगए, बगरको गोरूजन भया छु ।

ख) सबै छोराछोरीले छोडेर गए सहाराविहिन भएको छु ।

**बल्लको जन्नरो कान हुनु**

क) घर कोइ छैनन् काम अद्दा अद्दा बल्लको जन्नरो कान भया छ ।

ख) घरमा कोही पनि छैनन् काम गर्दा गर्दा निकै थाकेको छु ।

**भोसो खेल्नु**

क) रक्सी खाइकन पल्ला घरे माइलो भोसो खेल्याजन अरया छ ।

ख) रक्सी खाएर पलो घरको माहिलो जथाभावी बोल्दै हिँडेको छ ।

**माइकी दिनु**

क) मैले तेरो के बिराया छु र मकन माइकी दिन्छौ ?

ख) मैले के विगार गरेको छु र मलाई गाली गर्छस् ?

**यश राख्नु**

क) राम्रो काम अरिकन आम्नो यश राखेइ बा ।

ख) राम्रो काम गरेर आफ्नो इज्जत राखेस् बाबु ।

**राजो गाजो ल्याउनु**

क) अन्त काइँ केटी पाइनै र अर्का राजोगाजो ल्याइकन आइ ।

ख) अन्त कही केटी पाएनस् र अर्काको गर्भ बोकेकी केटी लिएर आइस् ।

**लक्छकाउनु**

क) धेरै नलक्छका तेरा खुट्टा भाँचुला ।

ख) धेरै नमात्तिई तेरो खुट्टा भाँचिदिउँला ।

**बन पस्नु**

क) घरको कचकचले मेरी स्वाइनी बन पस्ले जन्नरी भएई छ ।

ख) घरको पिरले मेरी श्रीमती पागल होली जस्ती छ ।

**शंख फुक्नु**

क) बेली हर्केकी बाम्नी कैठेइ थिई आज शंख फुकेले ।

ख) हिजो हर्केकी श्रीमती विमारी थिई आज मरिछ ।

**सह आउनु**

क) राम्रो मलबीउ ल्याइकन हाल्या थिया खेतीको सह आयोछ ।

ख) राम्रो मल बीउ ल्याएर प्रयोग गरेको हुनाले उब्जनी पनि राम्रो भयो ।

**हाट जानु**

क) काउज्यू हाट बाइगया अब क्या अर्न्या हो ।

ख) काका किनमेल गर्न जानुभयो अब के गर्ने हो ।

## ४.३. दैलेख जिल्लामा प्रचलित टुक्काको विशेषता

विधागत आधारमा हेर्दा प्रत्येक साहित्यिक विधाको आ-आफ्नै किसिमको महत्व रहेको हुन्छ । लोकसाहित्यको एक प्रमुख विधा टुक्काको पनि आफ्नै महत्व तथा विशेषता पाइन्छ । त्यसमा पनि प्रत्येक जिल्लामा बोलिने भाषाका आ-आफ्नै विशेषता हुन्छन् । भाषाको

प्रभावकारी प्रस्तुतिमा सहयोग पुऱ्याएने दैलेखी टुक्काहरूका पनि आफ्नै किसिमका विशेषता रहेका छन् जसलाई मुख्यतया निम्न अनुसार उल्लेख गर्न सकिन्छ :

### ४.३.१. भाषिक सम्पन्नतामा सहयोग

दैलेख जिल्लामा बोलिने नेपाली भाषामा प्रशस्त मात्रामा टुक्काहरूको प्रयोग भएको पाइन्छ । नेपाली मानक भाषा होस् या यहाँको स्थानीय भाषिका सबैमा उखान टुक्काको प्रयोग भएको पाइन्छ । उखान तथा टुक्काले यस क्षेत्रको भाषालाई सम्पन्न बनाएको छ । टुक्काले यहाँको भाषामा गति तथा लय प्रदान गरेको छ । नेपाली भाषाको प्राचीन रूप यस क्षेत्रमा बोलिने भएकाले पनि यहाँको भाषालाई टुक्काले थप ओजपूर्ण बनाएको छ । जस्तै : थोलो पसार्नु, मुख बाइनु, देश जानु आदि ।

### ४.३.२. भनाइलाई सोझोबाट व्यङ्ग्यात्मक बनाउनु

टुक्काको प्रयोग भाषामा सोझो रूपमा गरिँदैन । टुक्काको अभिधार्थ वा सोझो अर्थ खोजेमा त्यो प्रष्ट नहुन सक्छ । तसर्थ टुक्काले लक्ष्यार्थ हुँदै व्यङग्यार्थ जनाउने हुनाले यसले भाषालाई थप शसक्त बनाउँछ । जस्तो  'झाङ्रो फिजाउँनु' को अर्थ अभिधार्थमा कपाल छोड्नु हुन्छ तर ऊ झाँङ्रो फिजाएर बसेकी छ भन्ने वाक्यमा यसको अर्थ व्यङग्यार्थमा खोज्नु पर्ने हुन्छ । व्यङग्यार्थमा अस्तव्यस्त भएर वा फोहर भएर बसेको भन्ने जनाउछ । तसर्थ टुक्काको प्रयोगले दैलेखी भाषालाई थप ओजपूर्ण बनाएको छ ।

### ४.३.३. स्थानीय लोकपरम्परालाई जीवित राख्नु

उखान टुक्काहरू लोकजीवन तथा लोकपरम्पराबाट खारिएर आएका हुन्छन् । यस क्षेत्रका टुक्काहरूमा लोकपरम्परादेखि चल्दै आएका सांस्कृतिक, परम्परा, रीतिरिवाज, नीतिशिक्षा आदि सम्बन्धी प्रसस्तै कुरा आएका छन् । यसरी उखान टुक्काको प्रयोगले यहाँको स्थानीय लोकपरम्परालाई जीवित राखेका छन् । जस्तै लाउन पकाउनु, पादुका लिनु, टोपी फाल्नु, जारी तिर्नु आदि ।

### ४.३.४.स्थानीय जनजीवनको चित्रण हुनु

दैलेखी टुक्काहरूले त्यहाँको जीवनशैली, रहनसहन आदि कुरालाई प्रष्ट्याएको पाइन्छ । त्यस क्षेत्रका जनताको दैनिक क्रियाकलाप, कार्यशैली आदि सम्बन्धी टुक्काहरू प्रचलित भएको पाइन्छ । जस्तो  हाट जानु, हलसारो अर्नु, हिला आङ्लो डोब्नु, कुटे धन्दा गर्नु आदि ।

### ४.३.५. सरल, सरस, सङ्क्षिप्त र लोकप्रिय हुनु

टुक्काले भाषामा मिठास थप्ने र प्रभावकारी बनाउने भएकाले दैलेख जिल्लामा टुक्काहरूको प्रयोग व्यापक रूपमा गरिन्छ । यसरी प्रयोग गर्ने टुक्काहरू सरल, सरस र सङ्क्षिप्त छन् । जस्तो  कंश, राक्षस, गाई, गाधाहा आदि ।

### ४.३.६. मौखिक रूपमा जीवित रहनु

लोकसाहित्यको एक प्रमुख विधा टुक्कालाई परम्परागत रूपमा लोकमानसले मौखिकरूपमा जीवित राख्दै आएको पाइन्छ । बोली व्यवहारका क्रममा झट्ट यसको प्रयोग भएको देख्न सकिन्छ । यसलाई भाषिक ओजका लागि पठित तथा अपठित सबैले मौखिक रूपमै प्रयोग गरेको पाईन्छ ।

### ४.३.७. एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जानु

टुक्काको निर्माण कसले र कहिले गऱ्यो भन्ने कुराको एकिन गर्नु सम्भव छैन । एक पुस्ताका व्यक्तिहरूका अनुभवबाट बनेका टुक्काहरू अर्को पुस्तामा हस्तान्तरित हुँदै वा सर्दै गएको पाइन्छ ।

### ४.३.८. लयात्मक हुनु

कतिपय टुक्काहरू लयात्मक पनि रहेका छन् । भाषिक व्यवहारका क्रममा यस्ता लयात्मक टुक्काको प्रयोगले भाषालाई थप प्रभावकारी बनाएको हुन्छ ।

### ४.३.९. सङ्क्षिप्त हुनु

दैलेखी टुक्काको अर्को महत्वपूर्ण विशेषताका रूपमा सङ्क्षिप्तता हुनुलाई पनि लिन सकिन्छ । यस क्षेत्रमा प्रचलित कतिपय टुक्काहरू सङ्क्षिप्त किसिमका छन् । भाषामा प्रभावकारिता प्रदान गर्नका लागि यस्ता सङ्क्षिप्त टुक्काहरूको महत्वपूर्ण स्थान रहेको हुन्छ ।

### ४.३.१०. स्वस्फूर्तरूपमा प्रयोग हुनु

दैलेखी टुक्काको अर्को महत्वपूर्ण विशेषता भने स्वस्फूर्तरूपमा प्रयोग हुनु हो । यस क्षेत्रका बाल, युवा तथा वृद्ध सबै भाषिक व्यवहारका क्रममा टुक्काको प्रयोग स्वस्फूर्तरूपमा गर्दछन् । कतिवेल कुन टुक्काको प्रयोग गर्ने भनी सोच्नु पर्ने अवस्था यहाँ देखिदेन ।

### ४.३.११. लोकको अनुभवलाई प्रस्तुत गर्नु

यस क्षेत्रमा प्रचलित टुक्काहरूले स्थानीय स्तरमा सँगालेका अनुभवलाई व्यक्त गरेको पाइन्छ । लोकसमाज भनेको विविध खाले अनुभवको भण्डार हो । यसरी सँगालेका अनुभवहरूलाई यहाँको लोकसमाजले टुक्कामा ब्यक्त गरेको पाइन्छ ।

### ४.३.१२. सन्दर्भपरक रूपमा प्रयोग हुनु

दैलेखी टुक्काहरू विभिन्न अवसर तथा स्थानहरूमा उक्त भाषा तथा विषयवस्तुकै सन्दर्भसँग मिल्ने गरी प्रयोग भएको पाईन्छ । यो पनि यहाँका टुक्काको प्रमुख विशेषता हो ।

### ४.३.१३. स्रोताको स्तर अनुसार प्रयोग हुनु

दैलेखी टुक्काको अर्को प्रमुख विशेषताका रूपमा यसलाई लिइन्छ । भाषिक व्यवहारका क्रममा स्रोताको स्तर अनुरूप टुक्काको प्रयोग भएको पाइन्छ ।

### ४.३.१४ एक ठाउँबाट अर्को ठाउँमा सर्दै जानु

मानिसको बसाईसराई तथा ज्ञान विज्ञानको क्षेत्र विस्तारका कारण टुक्काहरू एक ठाउँबाट अर्को ठाउँमा सर्दै गएको पाईन्छ । दैलेख जिल्लाका टुक्काहरूको क्षेत्र विस्तारित हुदै अन्यक्षेत्रमा जाने र अन्य क्षेत्रका टुक्काहरू दैलेखी भाषामा प्रयोग हुने क्रम बढ्दै गएको पाइन्छ ।

### ४.३.१५ सार्वकालिक हुनु :

यो पनि दैलेखी टुक्काको प्रमुख विशेषता हो । यहा प्रचलित टुक्काहरू आदिकाल देखि वर्तमानसम्म समान रूपमा प्रयोग हुदै आएको पाईन्छ । यसरी प्रयोग हुने क्रममा कतिपय टुक्काहरूको स्वरूपमा पनि परिवर्तन भएको पाईन्छ ।

### ४.३.१६ एक्लै प्रयोग नहुनु

टुक्काको प्रयोग एक्लै हुन सक्दैन । एक्लै प्रयोग गर्दा यो नअर्थिने हुँदा भाषिक व्यवहारमा भाषामै घुलित भएर यसको प्रयोग भएको पाईन्छ । यो पनि दैलेखी टुक्काको एक महत्वपूर्ण विशेषता हो ।

## ४.४. दैलेख जिल्लामा प्रचलित टुक्काको वर्गीकरण

भाषिक संरचनामा महत्वपूर्ण स्थान राख्ने टुक्काहरूको वर्गीकरण गर्ने काम त्यति सहज छैन । विशेष स्थानमा प्रचलित टुक्काहरूलाई वर्गीकरण गर्नु अझ आफैमा कठिन कार्य हो । प्रत्यक स्थान विशेषका टुक्कालाई वर्गीकरण गर्दा त्यहाँको संस्कृति, परम्परा तथा रितिरिवाजलाई पनि ध्यान दिनुपर्ने हुन्छ । स्थान विशेषका आधारमा टुक्काहरूका आफ्नै विशेषता हुने गर्छन् । ती विशेषताका आधारमा टुक्काहरूको वर्गीकरणका आधारहरू तय गर्नुपर्ने हुन्छ । कुनै स्थान विशेषमा प्रचलित टुक्काहरूले अर्को ठाउँमा भिन्दै अर्थ दिनसक्छन् । तसर्थ टुक्काहरू भाषाका प्रमुख आधार हुन् वाक्यका प्रमुख अङ्ग हुन् । टुक्काहरूलाई प्रसङ्गअनुसार वाक्यमा प्रयोग गरेर प्रसङ्गअनुसार अर्थ लगाउन सकिन्छ ।

दैलेख जिल्लामा प्रचलित टुक्काहरू एक पदीय र अनेक पदीय पनि छन् । एक पदीय टुक्काको प्रयोग त्यति पाइँदैन तर अनेक पदीय टुक्काको प्रयोग बढी पाइन्छ  र वाक्यांशगत पनि । अनेक पदीय टुक्काहरू वाक्यांश स्तरमा पनि पाइन्छन् । जस्तै वाक्यांशगत लुतो लाइनु, औडाहा हुनु आदि र वाक्यागतमा ओल्लाछेउ न पल्लाधार हुनु चुलाको बिरालो हुनु जस्ता टुक्काहरूको प्रयोग भएको पाइन्छ । टुक्काहरू एक्लै प्रयोग हुँदैनन् । यी कुनै पनि विषयवस्तुका प्रसंग र सन्दर्भमा प्रयोग हुने गर्छन । भाषामा टुक्काहरू प्रयोग हुँदा वक्ताको आशय प्रष्ट हुन्छ तर टुक्काको प्रयोग भएन भने न वक्ताको आशय खुल्दछ न त भाषा नै पूर्ण हुन्छ । तसर्थ वक्ताले प्रयोग गर्ने भाषाको मूल अंशका रूपमा प्रयोग भएका टुक्कालाई वर्गीकरण गर्दा निम्न पक्षहरूलाई समेटर वर्गीकरण गर्न सकिन्छ ।

(क) भाषिक संरचनाका आधारमा

(ख) विषयवस्तुका आधारमा

**४.४.१. भाषिक संरचनाका आधारमा**

यहाँ प्रचलित भाषिकाका केही छुट्टै विशेषताहरू छन्  ती विशेषताले गर्दा पूर्वेली भाषिकामा पर्ने खसानी उपभाषिकालाई सजिलै छुट्टयाउन सकिन्छ । जस्तै निपातको अत्याधिक प्रयोग हुनु, क्रियापदमा 'उ' को स्थानमा 'इ' को प्रयोग हुनु आदि । भाषिक आधरमा यहाँ प्रचलित टुक्काहरूलाई हेर्दा एउटै पद वा शब्दका टुक्काहरू पनि पाइन्छन् तर एकभन्दा बढी पद वा शब्दले बनेका टुक्काहरू पनि देखिन्छन् ।

**४.४.१.१. एकपदीय टुक्काहरू**

एउटै पद वा शब्दले बनेका टुक्काहरूलाई एकपदीय टुक्का भनिन्छ । एकपदीय टुक्काहरू नामपद, क्रियापद र विशेषणपदका पनि छन् । जस्तै

नामपदीय टुक्काहरू : गाई, गोरू, बादर, भेडो , कुकुर, गधाहा, राक्षस, मसान आदि ।

क्रियापदीय टुक्काहरू : झाड्नु, निपोडिनु, पिरोलिनु, पिड्नु, खेलाउनु, तुन्नु, बुन्नु आदि ।

विशेषणपदीय टुक्काहरू : टोकाहा, मूल्याहा, सन्काहा, अलच्छिना, औस्याहा आदि ।

**४.४.१.२. अनेकपदीय टुक्काहरू**

एक भन्दा बढी पद वा शब्दहरू मिलेर बनेका टुक्काहरूलाई अनेकपदीय टुक्का भनिन्छ । अनेकपदीय टुक्का पनि क्रियापदमुक्त र क्रियापदयुक्त गरी दुई प्रकारका छन् जस्तै :

क्रियापदमुक्त टुक्काहरू : आकाशको फल, टुल्लाने पानी, चुक पिएजसो मुख आदि ।

क्रियापदयुक्त टुक्काहरू : क्रियापदसँगै आउने टुक्काहरू क्रियापदयुक्त टुक्काहरू हुन् । टुक्काहरू प्रायश : क्रियापदयुक्त नै हुन्छन् ।

जस्तै

नाम र क्रियापदीय टुक्का : मुख लाग्नु, मुख पर्नु, देश जानु, जौ तिल पाक्नु, झाङ्रो छोड्नु आदि ।

विशेषण र क्रियापदीय टुक्काहरू : सुकिलो-मुकिलो देखिनु, खल्लो लाग्नु, चिसो पस्नु आदि ।

नाम विशेषण र क्रियापदीय टुक्काहरू : नाक नभया निकच्चडो हुनु, आँखा राता लाइनु, हात चिल्लो हुनु आदि ।

विशेषण, नाम र क्रियापदीय टुक्काहरू : अन्यारो मुख लाइनु, धारे हात लाइनु, चिल्ला कुडा अर्नु आदि ।

सर्वनाम, नाम र क्रियापदीय टुक्काहरू : आम्नो घर विगाड्नु, आम्नो खाल्टो आफै खन्नु, आम्ना खुट्टाउनो बन्चरो हान्नु आदि ।

### ४.४.२. विषयवस्तुका आधारमा

दैलेख जिल्लामा प्रचलित टुक्काहरूलाई विषयवस्तुका आधारमा वर्गीकरण गर्दा समाजमा प्रचलित विभिन्न परम्परा, चालचलनलाई आधार बनाउनुपर्ने हुन्छ । टुक्काहरूले समाजमा विभिन्न परम्पराहरूलाई भाषाका माध्यमबाट जीवन्त बनाएका हुन्छन् । त्यसकारण टुक्काहरूलाई विषयवस्तुका आधारमा निम्न अनुसार वर्गीकरण गरिएको छ ।

क) लोकविश्वाससँग सम्बन्धित टुक्का

ख) धर्मसंस्कारसँग सम्बन्धित टुक्का

ग) नीतिउपदेशसँग सम्बन्धित टुक्का

घ) आर्थिक अवस्थासँग सम्बन्धित टुक्का

ङ) राजनीतिसँग सम्बन्धित टुक्का

च) पशुपंक्षी र वनस्पतिसँग सम्बन्धित टुक्का

छ) पुराण र इतिहाससँग सम्बन्धित टुक्का

ज) मनोविज्ञानसँग सम्बन्धित टुक्का

झ) शारीरिक अङ्गसँग सम्बन्धित टुक्का

### ४.४.२.१. लोकविश्वाससँग सम्बन्धित टुक्का

दैलेख जिल्लाका जनताहरू लोकविश्वासमा अगाडि छन् । लोकले भोगेका र अनुभव गरेका कुराहरू प्रसस्त मात्रामा टुक्कामा आएका छन् । जस्तै  आँखा फर्फराउनु, बिरालाले बाटो काट्नु, सुइना देख्नु, फ्याङ्नो बास्नु, रित्ता गाग्री धेक्नु आदि ।

### ४.४.२.२. धर्मसंस्कारसँग सम्बन्धित टुक्का

दैलेख जिल्लामा धर्मसंस्कारसँग सम्बन्धित टुक्काहरू पनि प्रसस्तै मात्रामा प्रयोग गरेको पाइन्छ । जस्तै  जुठो लाग्नु, धुलेश्वर छोड्नु पादुका लिनु, टोपी फाल्नु, सुनपानी छर्नु, ठेकी लाइनु, सिन्दुर पुछिनु, मलाम जानु, चुडा फुट्नु, जनै फाल्नु, किरिया खानु आदि ।

### ४.४.२.३. नीतिउपदेशसँग सम्बन्धित टुक्का

मान्छेलाई अर्ती, उपदेश दिएर नैतिक चरित्रमा परिवर्तन ल्याउने विषयसँग सम्बन्धित टुक्काहरूलाई नीतिउपदेशसँग सम्बन्धित टुक्का भनिन्छ । यस्ता टुक्काहरू दैलेख जिल्लामा प्रचलित भएको पाइन्छ । जस्तो - दूधको भारा तिर्नु, नूनको सोझो अर्नु, यश राख्नु, घर खानु, सङ्गत गुनाको फल, नाम कमाउनु आदि ।

### ४.४.२.४. आर्थिक अवस्थासँग सम्बन्धित टुक्का

दैलेख जिल्लामा प्रचलित कतिपय टुक्काहरूले मानिसको आर्थिक अवस्थालाई प्रष्ट पारेका हुन्छन् । यस्ता टुक्काहरूले मानिसको आर्थिक अवस्थासँग सम्बन्ध राख्दै भाषिक व्यवहारमा प्रयोग भएको पाइन्छ । जस्तै  ऋणमा डुब्नु, सिका डुब्नु, पैसाको खोलो बग्नु, आधापेट खानु, हातमुख जोर्नु, हात चिल्ला हुनु, देश जानु, छाक टार्नु, अधोगति हुनु, साउको डोको बोक्नु आदि ।

### ४.४.२.५. राजनीतिसँग सम्बन्धित टुक्का

दैलेख जिल्लामा राजनीतिसँग सम्बन्धित टुक्काहरू पनि प्रशस्तै पाइन्छन् । यस्ता टुक्काहरूले राजनीतिक विषयसँग सम्बन्ध राख्दै राजनीतिक आचरणलाई प्रष्ट पारेका छन् । यस्ता टुक्कालाई राजनीतिसँग सम्बन्धित टुक्का भनिन्छ । जस्तै  खुट्टा तान्नु, खिचलो अर्नु, मुसो दल्नु, आँखा छल्नु, हार खानु, बेसारे कुरा अर्नु, थाङ्नामनी सुताउनु, टुप्पामा चढाइकन ढाल्नु, जडो उखेल्नु आदि ।

### ४.४.२.६. पशुपंक्षी र वनस्पतिसँग सम्बन्धित टुक्का

पशुपंक्षी र वनस्पतिहरूको उदाहरण दिएर उक्तिमा चमत्कार ल्याउने टुक्काहरूलाई पशुपंक्षी र वनस्पतीसँग सम्बन्धित टुक्का भनिन्छ । यस्ता टुक्काहरूको प्रयोग दैलेखी

समाजमा प्रशस्त मात्रामा भएको पाइन्छ । जस्तै : सन्टेल्नी कारायाजन अर्नु, सिस्नो पानी लाइनु , भाले बास्नु, कुहिराको काग हुनु, तोरिका फूल धेक्नु, पाती लाइनु, फूल लाइनु, घोडा चढ्नु, बल्ल हुनु आदि ।

### ४.४.२.७ पुराण र इतिहाससँग सम्बन्धित टुक्का

दैलेख जिल्लामा प्रचलित कतिपय टुक्काहरू पुराण र इतिहाससँग सम्बन्धित छन् । जसले पुराण र इतिहासका कुराहरूलाई लिएर वर्तमानलाई व्यङ्ग्य गरेका हुन्छन् । यस्ता टुक्काहरूले पुराण र इतिहासका कुरारूलाई सम्भना गराउँदै प्रयोग गरिएको पाइन्छ जसलाई पुराण र इतिहाससँग सम्बन्धित टुक्का भनिन्छ । जस्तो  पुराण सुनाउनु महाभारत मच्चाउनु, कथा हाल्नु, रामराज्य हुनु, सतीको सराप लाग्नु न्याय नपाया गोर्खा जानु, काँशी जानु आदि ।

### ४.४.२.८. मनोविज्ञानसँग सम्बन्धित टुक्का

दैलेख जिल्लामा मनोविज्ञानसँग सम्बन्धित टुक्काहरू पनि प्रशस्तै पाइन्छन् । यस्ता टुक्काहरूले मनोवैज्ञानिक विषयवस्तुसँग सम्बन्ध राख्दै भाषिक व्यवहारका क्रममा प्रयोग भएका पाइन्छन् जसलाई मनोविज्ञानसँग सम्बन्धित टुक्का भनिन्छ । जस्तै  आँखा लाग्नु, सातो जानु, जल्किनु, ओठमुख सुक्नु, रातोपिरो हुनु, जिल्ल पर्नु, रक्तका आँसु पिउनु, कर्के आँखा लाइनु, जात जानु आदि ।

### ४.४.२.९. शारीरिक अङ्गसँग सम्बन्धित टुक्का

दैलेख जिल्लामा मानव शरीरका विभिन्न अङ्हरूलाई आधार बनाइ बनेका टुक्काहरू प्रशस्त मात्रामा पाइन्छन् । यस्ता टुक्काहरूको मानव अङ्गहरूलाई विषयवस्तु बनाइ भाषिक व्यवहारमा प्रयोग भएका पाइनछन् जसलाई शारीरिक अङ्गसँग सम्बन्धित टुक्का भनिन्छ । जस्तो  थोलो पसार्नु, आँखा लाइनु, हात बान्नु, आँख डास्नु, मुख सम्हाल्नु, गोडा लाग्नु, घैंटो भर्नु, शिर ठाडो पार्नु आदि ।

## ४.५ दैलेख जिल्लामा प्रचलित टुक्काहरूको विश्लेषण

दैलेख जिल्लामा प्रचलित टुक्काहरूलाई विश्लेषण गर्ने क्रममा निम्न पक्षहरूलाई आधार बनाउन सकिन्छ ।

(क) भाषिकागत आधारमा दैलेखी टुक्काको विश्लेषण

(ख) संरचनागत आधारमा दैलेखी टुक्काको विश्लेषण

(ग) विषयगत आधारमा दैलेखी टुक्काको विश्लेषण

### ४.५.१. भाषिकागत आधारमा दैलेखी टुक्काको विश्लेषण

दैलेख जिल्लामा बोलिने नेपाली भाषा भौगोलिक दृष्टिले प्राचीन नेपाली भाषाको सिंजालीबाट फाटेको हाँगो हो । सुरूदेखि प्रन्ध्रौ शताब्दीसम्म यो मल्लहरूको शासन चलाउने आधिकारिक भाषा थियो । यस भाषालाई खसिया (खस) भाषा भन्ने गरिन्थ्यो ।[१] पूर्वेली भाषिकामा पर्ने खसानी उपभाषिका यहाँ प्रयोग हुन्छ । यस भाषाको प्रयोग क्षेत्र भनेको दैलेख, कालिकोट, सुर्खेत, अछाम, बझाङ, सल्यान, रूकुम, रोल्पा र दाङ् आदि हुन् । दैलेखमा बोलिने नेपाली भाषाको प्रयोग क्षेत्र भनेको यसको विस्तार क्षेत्र हो । सामान्य भाषिक सर्वेक्षणका आधारमा के भन्न सकिन्छ भने दैलेखमा बोलिने भाषिका कर्णाली, सेती, कालिकोट तथा रापतीसम्म विस्तार भएको पाइन्छ । [२]

दैलेखमा बोलिने भाषाको आफ्नो छुट्टै विशेषता छ । यसका विशेषताहरू यहाँ प्रचलित टुक्काहरूमा पनि देख्न सकिन्छ । यहाँको भाषिकागत विशेषतालाई निम्नानुसार देखाउन सकिन्छ ।

| **दैलेखी शब्द** | **नेपाली अर्थ** |
|---|---|
| अर्‍यो | गर्‍यो |
| गाइनु | गाउँनु |
| बाइगयो | गयो |
| ढुल्छ | सुत्छ |
| बाउज्यू | बुवाज्यु |
| भैंसा | भैंसी |
| तमी | तिमी |
| थोकाइ | थोरै |
| थिर | तिर |
| हब्र | माथि आदि ।[३] |

१. वालाराम उपाध्याय, पूर्ववत्, पृ. १२ ।

२. यादव प्रकाश लामिछाने, **सामान्य र प्रायोगिक भाषा विज्ञान र नेपाली भाषा**, द्वितीय संस्करण (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, २०५३) पृ. ११५ ।

३. वालाराम उपाध्याय, पूर्ववत्, पृ. १३ ।


यसका साथै विश्मयसूचक चिन्हको र निपातको अत्यधिक प्रयोग भएको भेटिनु । यी विभिन्न मौलिकताहरू दैलेखी भाषका आफ्नै विशेषता हुन् जो अझ पनि विद्यमान छन् । यिनै विशेषताका आधारमा दैलेख जिल्लाका टुक्काहरू प्रचलित छन् । जस्तै : अँगेनो नछोड्नु, अन्यारो मुख लाइनु, अरिङाला गोलाउनो हात हाल्नु, आँखाउनो छारो हाल्नु, आँखाउनो रिङ्नु, आकाश उड्डा सन्टाला छोप्नु, इलम अर्नु, ईश्वर दाहिना हुनु, उँधो जानु, उतुर्किनु, उँधो मुन्टो लाइनु, उत्ताना टाङ् लाइनु, एकाको एक्काईस हुनु, एक सय आठ पुग्नु, एकैसाटे हुनु, ओठमुख सुक्नु, ओदार्नु, औडाहा हुनु, औंठी लाइनु, कलीमली लाग्नु, कखौते लाग्नु, कनापाक हुनु, कालोमुख लाइनु, कित्थो हुनु, कुकुर काँशी गएजसो हुनु, केलाको खामो हाल्नु, खानु न पिउनु उसै टोक्कारा मात्रै खाप्चो बाउनु, खिसी अर्नु, खुचुमुचर अर्नु, खेल हेर्नु, खै लाग्नु, खोइरो लाग्नु, गलो घुमाउनु, गालमुखाल अर्नु, गुमा डुब्नु, गोडा तान्नु, घण्ट छुनु, छैटो भर्नु, घुट्का निल्नु, घोचाले बान्नु, घोसो मुन्टो लाइनु, चटारिनु, चुलाको विरालो हुनु, चेप्रा पसार्नु, चिल्ला हात हुनु, छाती फुलाउनु, जल्किनु, जात जानु, जिब्रो टोक्नु जुनी फेर्नु, जोई खोज्नु, झाडा जानु, झाँङ्रो छोड्न टण्टा अर्नु, टाउको खानु, टिमुर लाइनु, टुल्लाने पानी, टोपी फाल्नु, ठाडो उठाउनु, ठेकी लाइनु, डँढाल्नो सेक्नु, डाडु चाट्नु, डाल पेलाउनु, डाँडाको जुन हुनु, ढाडे हुनु, ढकढकानु, तर्‍याङमर्‍याङ् अर्नु, तात्तातै जानु, तातोपानी लाइनु, थाप्लामा चढ्नु, थाङ्नामनी सुताउनु, थोलो पसार्नु, थोलो छाड्नु, दश औला जोड्नु, दाह्रा किट्नु, दिन गनेर बस्नु, दुहुनो गाई बनाउनु, देश जानु, दोकान थाप्नु, धकधकिनु, धारेहात लाइनु, धाइडी महचुस्नु, धुलेश्वर छोड्नु, धिउडो लाग्नु, नखरा पाड्नु, नाकमुख पानी पस्नु, निन्याउरो हुनु, नून चुकका छर्का लाइनु, नेटो काट्नु, पलाप लाग्नु, पाल्तो फाल्नु, पादुका लिनु, पिङ् खेल्नु, पुछ हात लाइनु, पेट लाग्नु पैयाको डुसो गड्याउनु, बााछो पोली खायाजन मुख लाइनु, विच्किनु, बुर्कुसी मार्नु, बेताले, बोसो लाग्नु, भल बग्नु, भाउ खानु, भुँडो तान्नु, भैलो खेल्नु, भोस्सो खेल्नु, मताउनु, मासुमा किरा पर्नु, मुल्या टोग्या पर्नु, मेख मार्नु, मैझाडो अर्नु, रक्तका आँशु पिउनु, रातोपिरो हुनु, रिनमा डुब्नु, रतेडी लाइनु, लड्कनु, लक्छकाउनु, लाखापाखा लाग्नु, लेघ्रो तान्नु वन पस्नु, वन डोका बोक्नु, शंख फुक्नु, श्री गणेश गर्नु, सनेइती दिनु, सन्टेल्नी करायाजन अर्नु, सास न पास हुनु, सुकिलो देखिनु, हत्याउनु, हाट जानु, हिल्किनु, हुत्याउनु, हेज मार्नु आदि ।

यस्ता टुक्काहरू यहाँ प्रचलित परम्परासँग आधारित भएर यहीकै भाषिक विशेषताका आधारमा प्रचलित भएका छन् जसले यहाँका भाषिक विशेषतालाई देखाउँछन् ।

यसरी दैलेख जिल्लामा प्रचलित टुक्काहरूको आफ्नै भाषिक विशेषता छ । त्यसैले भाषिकागत आधारमा दैलेख जिल्लामा प्रचलित टुक्काहरूले यहाँ प्रचलित भाषिकालाई आत्मसाथ गरेको पाइन्छ ।

**४.५.२.संरचनागत आधारमा दैलेखी टुक्काको विश्लेषण :**

दैलेख जिल्लामा प्रचलित टुक्काहरूलाई संरचनागत आधारमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।



**(क) पदगत टुक्का**

क्रियायुक्त – घोप्टिनु, डालपेलाउनु, कुम्ल्याउनु, ओदार्नु आदि ।

क्रियामुक्त नामिक – बाँदर, स्याल, गाई, गोरू, कुकुर आदि ।

क्रियामुक्त विशेषणयुक्त – ईश्वर, राक्षस, लादे, टोकाहा, अलच्छिना आदि ।

**(ख) पदावलीगत टुक्का**

क्रियामुक्त टुक्काहरू – आकाशको फल, कुवाको भ्यागुतो, चुलाको विरालो, सुनमा सुगन्ध, मामाको धन, बलीको बोको, मौलाको राँगो आदि ।

**(ग) क्रियायुक्त टुक्का**

**नाम र क्रियायुक्त टुक्का**

| **नाम =** | H | **क्रिया** | Z | **टुक्का** |
|---|---|---|---|---|
| कल | Γ | अर्नु | X | कल अर्नु |
| हार | Γ | खानु | X | हारखानु |
| घर | Γ | खानु | X | घरखानु |

**विशेषण र क्रियायुक्त टुक्का**

| **विशेषण** | H | **क्रिया** | Z | **टुक्का** |
|---|---|---|---|---|
| तातो | Γ | लाग्नु | X | तातो लाग्नु |
| चिसो | Γ | पस्नु | X | चिसोपस्नु |
| खल्लो | Γ | लाग्नु | X | खल्लोलागनु |

**विशेषण, विशेष्य र क्रियायुक्त टुक्का**

| **विशेषण** | H | **विशेष्य** H **क्रिया** | Z | **टुक्का** |
|---|---|---|---|---|
| लामो | Γ | हात Γ अर्नु | X | लामो हात अर्नु |
| तीन | Γ | पाथी Γ हस्काउनु | X | तीन पाथी हस्काउनु |
| बेसारे | Γ | कुरा Γ अर्नु | X | बेसारे कुरा अर्नु |

**विशेष्य, विशेषण र क्रियायुक्त टुक्का**

| विशेष्य | H | विशेषण | H | क्रिया | Z | टुक्का |
|---|---|---|---|---|---|---|
| दालौनो | Γ | कालो | Γ | हुनु | X | दालौनो कालो हुनु |
| कान | Γ | ठाडा | Γ | अर्नु | X | कान ठाडा अर्नु |
| मुख | Γ | रातो | Γ | बनाउनु | X | मुखरातो बनाउनु |

**द्विरूक्त शब्द र क्रियायुक्त टुक्का**

| द्विरूक्त शब्द | H | क्रियापद | Z | टुक्का |
|---|---|---|---|---|
| हातपात | Γ | अर्नु | X | हातपात अर्नु |
| पानीपानी | Γ | हुनु | X | पानीपानी हुनु |
| टालटुल | Γ | पार्नु | X | टालटुल पार्नु |

**समस्त शब्त र क्रियायुक्त टुक्का**

| समस्त शब्द | H | क्रियापद | Z | टुक्का |
|---|---|---|---|---|
| हातमुख | Γ | जोड्नु | X | हातमुख जोड्नु |
| परालपानी | Γ | लाइनु | X | परालपानी लाइनु |
| ओठमुख | Γ | सुक्नु | X | ओठमुख सुक्नु |

**सङ्ख्यावाची शब्द र क्रियायुक्त टुक्का**

| संख्यावाची शब्द | H | क्रियापद | Z | टुक्का |
|---|---|---|---|---|
| तीन छक | Γ | पर्नु | X | तीनछक पर्नु |
| एकसय आठ | Γ | पुग्नु | X | एकसय आठ पुग्नु |
| दश औंला | Γ | जोड्नु | X | दशऔँला जोड्नु |

**अव्यय र क्रियायुक्त टुक्का**

| अव्यय | H | क्रियापद | Z | टुक्का |
|---|---|---|---|---|
| पुछ | Γ | लाग्नु | X | पुछलाग्नु |
| उँधो | Γ | जानु | X | उँधोजानु |
| भुतुक्क | Γ | हुनु | X | भुतुक्क हुनु |

**भेदक, भेद्य र क्रियायुक्त टुक्का**

| **भेदक** | Γ | **भेद्य** | Γ | **क्रियापद** | X | **टुक्का** |
|---|---|---|---|---|---|---|
| आँखा | Γ | को | Γ कसिङ्गार | Γ हुनु | X | आँखाको कसिङ्गर हुनु |
| कुहिडा | Γ | को | Γ काग | Γ हुनु | X | कुहिडाको काग हुनु |
| तोरी | Γ | को | Γ फूल | Γ देख्नु | X | तोरीको फूल देख्नु |

**सर्वनाम, नाम र क्रियायुक्त टुक्का**

| **सर्वनाम** | Γ | **नाम** | Γ **क्रियापद** | X **टुक्का** |
|---|---|---|---|---|
| आम्नो | Γ | अनुहार | Γ हेर्नु | X आम्नो अनुहार हेर्नु |
| आम्नै | Γ | खुट्टामा Γ उभिनु | | X आम्नै खुट्टामा उभिनु |
| आम्नै | Γ | मानु | Γ खानु | X आम्नै मानु खानु |

दैलेख जिल्लामा प्रचलित टुक्कालाई संरचनागत आधारमा विश्लेषण गरेर हेर्दा टुक्काको निर्माण वा बनावट यी विभिन्न आधारमा पाइयो । यसका अतिरिक्त विभक्ति चिन्ह देखिने टुक्काहरू पनि पाइन्छन् । जस्तै  डेढो आँखाले पनि नहेर्नु , कोलौनो पेलिएजन हुनु, डालामा राख्नु आदि । यसरी दैलेखी टुक्कालाई संरचनागत आधारमा विश्लेषण गरेर हेर्न सकिन्छ ।

### ४.५.३ विषयवस्तुका आधारमा दैलेखी टुक्काको विश्लेषण :

दैलेख जिल्लामा प्रचलित टुक्काहरूले समाजका राम्रा नराम्रा दुवै पक्षलाई समेटेका छन् । यी विभिन्न पक्षहरूलाई केलाउँदै दैलेखी टुक्काहरूलाई निम्न आधारमा विश्लेषण गर्न सकिन्छ ।

क)  दैलेखी टुक्कामा रूढिबादिता र अन्धविश्वास

ख)  दैलेखी टुक्कामा अश्लीलता

ग)  दैलेखी टुक्कामा गालीगलौज

घ)  दैलेखी टुक्कामा सादृश्यता

### ४.५.३.१. दैलेखी टुक्कामा रूढिवादिता र अन्धविश्वास

कुनै पनि समाज लोकविश्वासमा अडेको हुन्छ । समाजका आ-आफ्नै किसिमका विश्वास र मान्यता हुन्छन् । यस्ता विश्वास र मान्यताहरू कतिपय रूढिवादी र अन्धविश्वासी हुन्छन् । यस्ता कुराहरूले समाजलाई अग्रगतिमा जान बाधा र व्यवधान खडा गरेका हुन्छन् ।

दैलेख जिल्लामा पनि यस्ता कतिपय टुक्काहरू छन् । जस्तै बिरालाले बाटो काट्नु, फ्याङ्नो बास्नु, साँढे छोड्नु, किरिया लाइनु, आँखा फर्फाराउनु, धारेहात लाइनु, खल्को पानी हाल्नु , साइतको लौडी ढल्नु आदि ।

### ४.५.३.२. दैलेखी टुक्कामा अश्लीलता

दैलेख जिल्लामा प्रचलित टुक्कामा अश्लीलता पनि पाइन्छ । जुन कुरा समाजले स्वीकार गर्न सक्दैन या खुल्ला रूप्मा पचाउन सक्दैन त्यस्ता कुराहरू पनि वाक्यमा टुक्काहरू आएर प्रयोग भएको पाइन्छ । जस्तै कुक्रे मुताइ अर्नु, नाठा खेलाउनु, ढाडे हुनु, मासुमा किरा पर्नु, चाक फर्काउनु, उतुरकाउनु, चोड्याउनु, भुबरो खानु आदि ।

### ४.५.३.३. दैलेखी टुक्कामा गालीगलौज

दैलेख जिल्लामा प्रचलित केही टुक्काहरू यस्ता छन् जसमा गालीगलौज आएका हुन्छन् । मानिसहरू झगडा गर्दा अथवा अर्कालाई गालीगर्दा यस्ता टुक्काहरूको प्रयोग गर्ने गर्दछन् । जसले यहाँको सामाजिक प्रचलनलाई देखाएका हुन्छन् । जस्तै माट्टौनो जानु, पादुका लिनु, हरिया बाँसमा बान्नु, पैयाको डुसो गड्याउनु, बालुवो किल्नु, झुल्के घाम जानु, तात्तातै जानु, आलोकाँच्चै हुनु, छडी मर्नु, बादियाले बान्नु, खाड्डलौन हाल्नु आदि ।

### ४.५.३.४ दैलेखी टुक्कामा सादृश्यता

दैलेख जिल्लामा प्रचलित टुक्काहरूमा कुनै वस्तुसँग तुलना गरेर प्रयोग भएका प्रशस्तै टुक्काहरू पाइन्छन् । कुनै खास बस्तुको क्रियासँग मानवको क्रियालई तुलना गरेर लक्ष्य र व्यङ्ग्यका रूपमा प्रयोग भएका टुक्काहरू प्रशस्तै पाइन्छन् । जस्तै तोरीका फूल धेक्नु, केलाको थाम ढलेजन हुनु, दशैको राँगो नचाएजन हुनु, हातमा दही जनमाएजन हुनु, हलीले हस्काएजन हस्काउनु आदि ।

## ४.५.४. दैलेखी टुक्काको क्षेत्र विस्तार :

दैलेख जिल्लाका विभिन्न भागमा प्रचलित परम्परा र रहनसहनबाट उत्पन्न टुक्काहरू अन्य क्षेत्रसँगको सामिप्यता र सम्पर्कका कारणले विस्तारित हुँदै मध्यपश्चिम र सुदूर पश्चिमका विभिन्न भागहरूका साथै देशका विभिन्न भागसम्म फैलिएका छन् । भाषिक विस्तारका क्रममा टुक्काहरू पनि विस्तरित हुँदै अन्य स्थानसम्म पुगेर भाषिक व्यवहारका क्रममा प्रयोग भएको पाइन्छ । यस्तो प्रयोग हुँदा कतिपय टुक्काहरू आफ्नो रूपमा केही परिवर्तन भएर प्रयोग भएका हुन्छन् । यस्तो हुनुको प्रमुख कारण भिन्न भिन्न संस्कृति र परम्पराको मिश्रणबाट हुन गएको हो । साथै एक स्थानको मानिस र अर्को स्थानको

मानिससँग निरन्तर सम्पर्क र भाषिक व्यवहारका क्रममा टुक्काहरू विस्तारित भई एउटै टुक्का हरेक ठाउँमा एकै रूपमा प्रयोग भएको पाइएता पनि केही न केही रूपमा विस्तार परिवर्तन भएको पाइन्छ । जस्तै

| | | |
|---|---|---|
| थाङ्नामनी सुताउनु | – | दैलेखी टुक्का |
| थाङ्नामा सुताउनु | – | विस्तारित टुक्का |
| सन्ट्याल्नी करायाजन अर्नु | – | दैलेखी टुक्का |
| डाँङ्ग्रे कराएजस्तो गर्नु | – | विस्तारित टुक्का |
| मट्टौन जानु | – | दैलेखी टुक्का |
| माटामा जानु | – | विस्तारित टुक्का |
| सिल टिमुर खानु | – | दैलेखी टुक्का |
| सिल्टिमुर खानु | – | विस्तारित टुक्का |
| पुछ लाइनु | – | दैलेखी टुक्का |
| पछि लगाउनु | – | विस्तारित टुक्का |
| कोचलगौडी पार्नु | – | दैलेखी टुक्का |
| कोचलो पार्नु | – | विस्तारित टुक्का |
| मैजारो अर्नु | – | दैलेखी टुक्का |
| मैझारो गर्नु | – | विस्तारित टुक्का |
| दालौनो कालो हुनु | – | दैलेखी टुक्का |
| दालमा कालो हुनु | – | विस्तारित टुक्का |

## ४.६ दैलेखी टुक्काका अन्य केही पक्ष

दैलेखी टुक्काका अन्य पक्षहरूलाई केलाएर हेर्ने क्रममा साहित्यिक पक्ष र प्रायोगिक पक्षलाई लिन सकिन्छ । यी पक्षहरूलाई निम्न रूपमा चर्चा गरेर हेर्न सकिन्छ

### ४.६.१. साहित्यिक पक्ष

कुनै पनि भाषाको साहित्यमा त्यस भाषाको स्तरीय रूप प्रयोग भएको हुन्छ । लेख्य साहित्यका माध्यमबाट भाषालाई जति स्तरीय रूपमा प्रयोग गर्न सकिन्छ त्यति कथ्य साहित्यमा प्रयोग गर्न सकिदैन । लेख्य साहित्यमा टुक्काहरूको प्रशस्त मात्रामा प्रयोग भएको हुन्छ । टुक्काहरूको प्रयोगमा नै साहित्यले साहित्यिक तत्व  प्राप्त गरेको हुन्छ । चाहे त्यो कविता होस् या त्यो कुनै सामान्य लेख किन नहोस् । त्यसैले लेख्य साहित्यको प्रमुख तत्वका

रूपमा टुक्कालाई लिन सकिन्छ । लेख्य साहित्यमा अत्युक्ति, प्रतीकात्मक, उपमा, रूपक आदि आलङ्कारिक प्रयोगका लागि प्रयोग हुने प्रशस्तै टुक्काहरू पाइन्छन् । जस्तै :– अत्युक्तिका लागि जून छुनु, तारा खसाल्नु, आकाश पाताल एकै गराउनु, पहाड खस्नु, पोथी बास्नु, सुँगुर उड्नु आदि । उपमा र रूपकका लागि डाँडामाथिको जून हुनु, फूलको थुँगो जसो हुनु, दाँतौनो ढुङ्गा लागेजन हुनु, छाँगाबाट खसेजन हुनु, नुन खाया चल्लाजन हुनु आदि । यस्तै अनुप्रासयुक्त टुक्काहरूमा जैको शक्ति उइको भक्ति, लामा हात तीखो आँखो अर्नु, जाँ जानु वाँ को वाँइ रहनु आदि । यस्ता टुक्काहरू उखान भैंmँ देखिए तापनि यिनीहरू टुक्काकै रूपमा प्रयोग भैरहेका हुन्छन् ।

टुक्कामा हुने अनुप्रासियता, अन्योक्ति मूलकता, प्रतिकात्मकता र आलङ्कारिकताको कारण टुक्काको साहित्यिक प्रयोग प्रभावकारी बन्दछ । दैलेखी टुक्कामा पनि साहित्यिक प्रस्तुतिमा प्रयुक्त हुने यी विशेषता पाइन्छन् । साहित्यका पद्य र गद्य दुवै विधालाई सशक्त बनाउन यी टुक्काको उपयोग सार्थक देखिन्छ ।

### ४.६.२. प्रायोगिक पक्ष

दैलेखी समाज अझै पनि लोकविश्वासमै रूमल्लिएको छ । यहाँको रहनसहन, खानपान, क्रियाकलाप, बोली, व्यवहार, धर्म, संस्कृति आदि कुराहरूमा पुरानो परम्पराको प्रष्ट छाप रहेको पाइन्छ । यहाँका अधिकांश मानिसहरू वाह्य संसारसँग अपरिचित छन्, त्यसकारण पनि यहाँको लोकसाहित्यिक ढुकुटी नितान्त स्वच्छ र समृद्धशाली रहेको छ । दैलेखी समाजमा टुक्का प्रयोगको अवस्थालाई हेर्दा एउटा वैभवशाली परम्परानै रहेको पाइन्छ । बालबृद्ध तथा युवा अवस्थाका जो कोही व्यक्तिहरू भाषिक व्यवहारका क्रममा टुक्काहरूको प्रयोग गर्दछन् । त्यसैले विभिन्न अवस्थामा प्रयोग हुने टुक्काहरूलाई यसरी हेर्न सकिन्छ ।

**कार्यारम्मका लागि प्रयोग गरिने टुक्काहरू**

भालेको डाँको, कम्मर कस्नु, घाम झुल्किनु, टीको लाइनु आदि ।

**कार्यविश्रामका लागि प्रयोग गरिने टुक्काहरू**

पटाइ मार्नु, मैजारो अर्नु, बास बस्नु, दिन बुड्नु आदि ।

**मानमर्यादाका लागि प्रयोग गरिने टुक्काहरू**

जोडे हात लाइनु, शिर झुकाउनु, मुख सम्हाल्नु, यश राख्नु, पगडी गुथ्नु, नाक राख्नु आदि ।

**धनसम्पत्तिका लागि प्रयोग गरिने टुक्का**

साउको डोको बोक्नु, सिका डुब्नु, पैसाको खोलो बग्नु, कौडी नछोड्नु आदि

**पेशा र कामका लागि प्रयोग गरिने टुक्काहरू**

जगिर खान, काम चलाउनु, चिल्ला हात हुनु, कुलो भाँच्नु, हात खाली नहुनु, देश जानु आदि ।

**दिन समयका लागि प्रयोग हुने टुक्काहरू**

औसरले मौसर पड्नु, मौका छोप्नु, दिन फर्कनु, समय सकिनु, मौकाको फाइदा उठाउनु, चन्द्रमा दाहिना हुनु आदि ।

**खेलका लागि प्रयोग हुने टुक्काहरू**

दाउ हेर्नु, मौका आउनु, जुवा खेल्नु, हार खानु, भकुण्डो हुनु, दाउ हान्नु, खेल खेल्नु आदि ।

**सुख पर्दा वा रमाइलोको लागि प्रयोग गरिने टुक्काहरू**

साइत सार्नु, सत्र पर्नु, दिन फर्किनु, दुवै हातौनो लड्डु हुनु आदि ।

विभिन्न अवसरमा प्रयोग हुने यी टुक्काहरूले दैलेखी समाजमा टुक्का प्रयोगको स्थितिलाई प्रष्ट पार्छन् । भाषिक व्यवहारका क्रममा लोकजीवनले यी टुक्काहरू प्रयोग गरी भाषामा मिठास थप्ने काम गर्दछन् । दैलेखी समाज मौखिक रूपमा टुक्का प्रयोगका दृष्टिले अत्यन्तै समृद्धशाली रहेको छ । घाँस–दाउरा, मेलापात, चाडपर्व, संस्कार, संस्कृति र अन्य भाषिक व्यवहारमा समेत टुक्काहरू प्रयोग हुनुले दैलेखी टुक्काको समृद्धिलाई पुष्टि गर्दछ ।

## ४.७ निष्कर्ष

'दैलेख जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन' शीर्षक प्रस्तुत शोधपत्रमा दैलेख जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन गर्ने कार्य भएको छ । यस अध्ययनमा यहाँ प्रचलित टुक्काहरूलाई दुई वर्गमा विभाजन गर्न सकिन्छ । पहिलोमा दैलेख जिल्ला बाहिर पनि प्रचलित टुक्काहरू र दोस्रोमा दैलेख जिल्लाभित्र प्रचलित टुक्काहरू । पहिलो वर्गका टुक्काहरू दैलेख भन्दा बाहिर पनि प्रचलित छन् भने दोस्रो वर्गका टुक्काहरू दैलेख जिल्लामा मात्र प्रचलित छन् । यस शोधकार्यको उद्देश्य दैलेख जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन रहेकाले यी दुवै वर्गका टुक्काहरूको सङ्कलन गरी अध्ययन गर्ने कार्य यसमा भएको छ । यसै गरी दैलेखमा प्रचलित टुक्काहरू अन्य स्थानमा पनि प्रयोग भएका पाइन्छन् । त्यसैले टुक्काको भौगोलिक

विभेदलाई छुट्टयाउने कार्य जटिल रहेको छ । यही आधारमा यस शोधपत्रमा दैलेखमा प्रचलित सम्भव भएसम्म सबै टुक्काहरूको सङ्कलन गरिएको छ र क्षेत्रीय आधारमा गरिने यो अध्ययन नै उपयुक्त हुने ठानी अध्ययनलई त्यसै अनुरूप ढालिएको छ । दैलेखका यथाशक्य सबै टुक्कालाई समग्र रूपमा अध्ययन गर्ने कार्य यसमा भएको छ ।

टुक्काहरूको वर्गीकरण र विश्लेषणको आधारमा पनि विविधता रहेको पाइन्छ । यसको वर्गीकरण र विश्लेषणमा वस्तुगतता आवश्यक छ । टुक्काको वर्गीकरण र विश्लेषण टुक्कामा प्राप्त विशेषताका आधारमा गरिने हुनाले त्यही आधारमा विश्लेषण पनि गरिएको छ । यस आधारमा हेर्दा दैलेखी टुक्काको संरचनागत स्वरूप एकपदीय र अनेकपदीय रहेको छ भने विषयवस्तुका आधारमा लोकविश्वास, धर्मसंस्कार, नीतिचेतना पौराणिक, ऐतिहासिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक, पशुपंक्षी र वनस्पती तथा शारीरिक अङ्गसँग सम्बन्धित टुक्काहरू पाइन्छन् । यसरी संरचनागत विविधता र विषय वस्तुगत समग्रता नै दैलेखी टुक्काका महत्वपूर्ण पक्ष हुन् । यसरी हेर्दा दैलेखी टुक्काहरू आफैमा सम्पन्न, सारगर्भित र सरस छन् भन्न सकिन्छ ।

# परिच्छेद : पाँच

# उपसंहार

वर्तमान नेपालको मानचित्र अनुसार मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत भेरी अञ्चलका पाँच जिल्ला मध्य क्षेत्रफलका दृष्टिले सबैभन्दा सानो पहाडी जिल्ला दैलेख जिल्ला हो । विकासको गतिमा पछि परेको यस जिल्लामा हालका दिनहरूमा विकासका लहरहरू तरंगित भएको पाइन्छ । भौगोलिक दृष्टिले पहाडी भूभाग रहेको यो जिल्ला प्राकृतिक रूपमा निके सुन्दर जिल्ला हो । लोकसाहित्यको खानी मानिने यो जिल्ला नेपाली कला, संस्कृति तथा भाषासाहित्यका दृष्टिले निकै महत्वपूर्ण जिल्ला हो । बाह्य संसारसँग सम्पर्क बढी नसकेका कारण यहा आफ्नै किसिमको मौलिक परमपरा विद्यमान छ । नेपाली भाषाको हाल सम्म प्राप्त सर्वप्राचीन अभिलेख यसै जिल्लामा पर्दछ । दैलेखको दुल्लु बजार स्थित कीर्तिस्तम्भ र त्यसकै नजिक एक सामान्य चिया नास्ता पसल अगाडि रहेको जीर्ण तथा फोहर अवस्थामा सम्बत् १०३८ को नेपाली भाषाको सर्वप्राचीन अभिलेख शीला स्तम्भको रूपमा सबैको संरक्षणको प्रतीक्षामा छ । यसका अतिरिक्त यस जिल्लाका प्रत्येक गाउँ तथा टोलमा रहेका शिलालेख, देवल, नाउला, तथा ऐतिहासिक दरबारहरूले यस जिल्लाको ऐतिहासिकतालाई प्रदर्शन गरिरकेको पाइन्छ । पूर्वमा जाजरकोट, पश्चिममा अछाम, उत्तरमा कालिकोट र दक्षिणमा सुर्खेत जिल्लाको सीमानामा अवस्थित यस जिल्लामा धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलहरू प्रशस्त मात्रामा छन् । पञ्चकोशी क्षेत्रका नाउँले परिचित यस जिल्लाका नामिस्थान र पादुकाका ज्वाला आदिकालदेखि प्रज्वलित रहनु अर्को रहस्यमय कुरा बनेको छ । लोकसाहित्यका क्षेत्रमा अग्रस्थानमा आउने यस जिल्लाका लोकगीत, लोकगाथा, उखान–टुक्का तथा अन्य विधाहरूले यहाँको लोकपरम्परालाई उजागर गरेका छन् । यस जिल्लालाई जन्म तथा कर्म थलो बनाइ विभिन्न व्यक्तित्वहरूले स्वदेश तथा विदेशमा आफ्नो ख्याति कमाएको पाइन्छ । हालका दिनहरूमा यस जिल्लाको साहित्यिक तथा लोकसाहित्यिक गतिविधि क्रमिक रूपमा अघि बढ्दै र प्रचार प्रसारमा आउँदै  गएको पाइन्छ ।

लोकसाहित्यका विविध विधामध्य 'टुक्का' पनि एक महत्वपूर्ण विधा हो । लोकले आफ्ना व्यवहारिक अनुभवहरूलाई खार्दै र माझ्दै आफ्ना भाषिक व्यवहारका क्रममा अत्यधिक प्रयोग गर्ने टुक्काले लोकसाहित्यलाई विकसित गराउँदै लेख्यसाहित्यलाई समेत ठूलो टेवा पुऱ्याएको देखिन्छ । टुक्काहरू लेख्यसाहित्यको अभिन्न अङ्ग बनिसकेका छन् भने नेपाली

भाषाको शब्दभण्डारलाई विकसित तुल्याउन पनि टुक्काले महत्वपूर्ण भूमिका खेलेका छन् । मानवीय व्यवहारका क्रममा प्रयोग हुने भाषालाई प्रस्तुतिकरणमा विशिष्टता प्रदान गर्दै अर्थपक्षलाई अभिधार्थबाट छुट्टयाएर लक्ष्यार्थ हुँदै व्यङ्ग्यार्थसम्म पुऱ्याएर भाषामा चामत्कारिता, गाम्भीर्यता र श्रुतिमधुरता ल्याउनमा टुक्काले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । टुक्काहरू कहिल्यै पनि एक्लै र स्वतन्त्र रूपमा प्रयोग हुँदैनन् । यिनीहरू जहिले पनि वाक्यसँग मिसिएर आएका हुन्छन् । वाक्यमा मिसिएर आउँदा वाक्य चमत्कारपूर्ण र गहन अर्थपूर्ण वन्न पुग्दछ । वाक्यबाट उखानलाई झिकिदिए पनि अर्थमा कुनै फरक पर्दैन तर टुक्कालाई वाक्यबाट झिकिदिए वाक्यको संरचना नै विथोलिन पुग्दछ । त्यसैले टुक्काको सम्बन्ध सोझै वाक्यसँग रहेकोले टुक्काको अभावमा वाक्य अर्थपूर्ण वन्न सक्दैन । टुक्काहरू अत्यन्त सरल हुन्छन् । पठितदेखि लिएर अपठित व्यक्तिले पनि टुक्कालाई सचेत वा स्वस्फूर्त तरिकाले प्रयोग गरेका हुन्छन् । सरल भएर पनि टुक्काले व्यक्त गर्ने अर्थमा सरलता थपिएको हुन्छ । टुक्का प्रयोग भएको भाषा रसिलो, मीठो र चामत्कारिक हुन्छ । जसले गर्दा भाषाले स्तरीयता प्राप्त गरेको हुन्छ । टुक्का भाषा र साहित्यमा अत्यधिक प्रयोग हुनुको प्रमुख कारण नै टुक्कामा अन्तर्निहित गुण वा विशेषता नै हो । सरल भएर पनि रसिलो हुनु र सङ्क्षिप्त भएर पनि अर्थपूर्ण हुनुले टुक्काको लोकप्रियता बढ्न गएको हो ।

लोकसाहित्यको धनी जिल्ला दैलेख टुक्का प्रयोगका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छ । यहाँका मानिसहरूले आफ्नो भाषिक व्यवहारका क्रममा टुक्काको अत्यधिक मात्रामा प्रयोग गरेको पाइन्छ । दाउरा घाँस जाँदा होस् या मेलापात जाँदा होस् कुनै धार्मिक अवसर वा मेलापर्वमा होस् यहाँ प्रयोग हुने टुक्काले यहाँको रहनसहन, रीतिरिवाज र परम्परालाई प्रतिनिधित्व गरेका छन् । जस्तो काममा हात हाल्नु, हात खाली नहुनु, काम चोर हुनु, पटाइ मार्नु मौका छोप्नु, देश जानु, बाजाबाज गर्नु, कानौनो तेल हालीकन बस्नु, हलिकाजन हस्काउनु, भूँडो तान्नु, झाङ्रो फिजाँउनु आदि । यस्ता टुक्काहरूले यहाँको सामाजिक परम्पराको परिचय दिएको पाइन्छ ।

टुक्काको वर्गीकरणको कुनै निश्चित आधार तयार नभएता पनि दैलेख जिल्लामा प्रचलित टुक्कालाई विभिन्न आधारमा वर्गीकरण गरेर हेर्न सकिन्छ । जस्तो भाषिकागत आधारमा र विषयवस्तुगत आधारमा दैलेख जिल्लामा प्रचलित टुक्कालाई भाषिकागत आधारमा वर्गीकरण गर्दा एकपदीय र अनेकपदीय भनेर छुट्टयाउन सकिन्छ । एकपदीय टुक्कामा एउटै पद वा शब्द रहेको हुन्छ । जस्तो बाँदर, भेडो, गोरू, लकछकाउनु, पलापिनु,

मूल्याहा, आदि । यस्तै अनेकपदीय टुक्कामा एक भन्दा वढी पद वा शब्दहरू आएका हुन्छन् । जस्तै  पाल्तो फाल्नु, आँखा खुल्नु, पखेरे छोड्नु, पाउ पर्नु, नाक मुख पानी पस्नु, पलाप लाग्नु, पेट चल्नु, बाछो पोली खायाजन मुख लाइनु, आदि, यसरी दैलेख जिल्लामा प्रचलित टुक्कालाई भाषिकागत आधारमा वर्गीकरण गर्न सकिन्छ । दैलेख जिल्लामा प्रचलित टुक्कालाई विषयवस्तुका आधारमा वर्गीकरण गरेर हेर्दा विभिन्न क्षेत्र र विषयवस्तु सँगको सामिप्यतालाई आधार बनाएर वर्गीकरण गरिएको छ । जस्तो लोक विश्वाससँग सम्बन्धित टुक्का । जस्तो बिरालाले बाटो काट्नु, सुइना देख्नु, फ्याड्नो बास्नु, रित्ता गाग्री धेक्नु आदि । यस्ता टुक्काहरूले यहाँ प्रचलित लोकविश्वासलाई प्रतिनिधित्व गरेको पाइन्छ । यस्तै धर्म संस्कारसँग सम्बन्धित टुक्का जस्तो  जुठो लाग्नु, धुलेश्वर छोड्नु, पादुका लिनु, सिन्दुर पुछिनु आदि । यस्तै नीतिचेतनासँग सम्बन्धित टुक्का जस्तो  दूधको भारा तिर्नु, नुनको सोझो गर्नु, यश राख्नु, घर खानु आदि । यस्तै पुराण र इतिहाससँग सम्बन्धित टुक्का जस्तो  पुराण सुनाउनु, महाभारत मच्चाउनु, रामराज्य हुनु, कथा हाल्नु, सतीको सराप लग्नु आदि । यस्तै आर्थिक अवस्थासँग सम्बन्धित टुक्का जस्तो ऋणमा डुब्नु, सिका डुब्नु, पैसाको खोलो बग्नु, छाक टार्नु आदि । यस्तै राजनीतिसँग सम्बन्धित टुक्का जस्तो  खुट्टा तान्नु, खिचलो अर्नु, मुसो दल्नु, आँखा छल्नु, हार खानु आदि । यस्तै मनोविज्ञानसँग सम्बन्धित टुक्का जस्तो  आँखा लाग्नु, सातो जानु, जल्किनु, ओठमुख सुक्नु आदि । यस्तै पशुपंक्षी र वनस्पतिसँग सम्बन्धित टुक्का जस्तो  सन्टेल्नी करायाजन अर्नु, सिस्नो पानी लाइनु, भाले बास्नु, घोडा चढ्नु, पाती लाइनु आदि र यस्तै शारीरिक अङ्गसँग सम्बन्धित टुक्का जस्तो  नाककाट्नु, मुख फाल्नु, थोलो पसार्नु, हात बान्नु, आँखा डास्नु आदि । यी विभिन्न आधारमा विषयवस्तुका दृष्टिले दैलेख जिल्लामा टुक्कालाई वर्गीकरण गर्न सकिन्छ ।

भाषिक र साहित्यिक सम्पन्नताका दृष्टिले दैलेख जिल्लामा प्रचलित टुक्कालाई हेर्दा यस जिल्लामा बोलिने भाषा प्राचीन नेपाली भाषाको पूर्वेली भाषिकामा पर्ने खसानी उपभाषिका भित्र पर्दछ । मानक नेपाली भाषा र यहाँ बोलिने भाषामा केही अन्तर पाइन्छ । यहाँ प्रचलित टुक्काले नेपाली भाषाको शब्द भण्डारलाई बढाउन महत्वपूर्ण भूमिका खेलेको पाईन्छ । यहाँ प्रचलित टुक्काहरू अन्यत्र जाने र अन्यत्र प्रचलित टुक्काहरू यहाँ आइ प्रयोग हुनुले भाषिक विकास हुँदै टुक्काले पनि व्यापकता पाएको देखिन्छ । यस जिल्लामा प्रचलित टुक्काहरू साहित्यका विविध विधाहरूमा प्रशस्त मात्रामा प्रयोग भएका छन् । यस जिल्लाबाट प्रकाशित विभिन्न पत्रपत्रिकाका माध्यमबाट होस् वा साहित्यकारहरूले आफ्ना कृतिहरूका

माध्यमबाट यहाँ प्रचलित टुक्काहरूलाई साहित्यको मूल धारमा समावेश गराएका छन् । त्यसैले सम्पन्नताका दृष्टिले यहाँ प्रचलित टुक्काहरू अत्यन्त सबल र व्यापक छन् ।

दैलेख जिल्लामा प्रचलित टुक्काले यस जिल्लाको भाषिक सम्पन्तामा जोड दिदै समग्र नेपाली भाषाको विकासमा महत्वपूर्ण भूमिका खेलेका छन् । साथै अशिक्षित र अपठित जनसमूहले प्रयोग गर्ने भाषालाई स्तरीयता प्रदान गर्नु यस जिल्लामा प्रचलित टुक्काको प्रमुख विशेषता हो । यहाँ प्रचलित टुक्काले यस जिल्लाको लोकपरम्परालाई जीवित राख्दै नयाँ पिढिलाई पुरानो परम्पराको ज्ञान दिलाउन र यस जिल्लाको जनजीवनको चित्रण गर्न पनि यहाँ प्रचलित टुक्काको अर्को महत्वपूर्ण विशेषता हो । साथै यस जिल्लामा प्रचलित टुक्काहरू सरल, सङ्क्षिप्त र लोकप्रिय हुनु यस जिल्लामा प्रचलित टुक्काको अर्को विशेषता हो । टुक्काहरू भाषिक व्यवहारको क्रममा प्रसंग अनुसार स्वस्फूर्त रूपमा निर्माण र प्रयोग हुने गर्दछन् । वक्ताले कुन प्रसंगमा कस्तो टुक्काको प्रयोग गर्ने हो सो कुरा सोचे पनि या नसोचे पनि टुक्काहरू भाषामा प्रयोग भइहाल्छन् । त्यसैले स्वस्फूर्तता पनि टुक्काको अर्को विशेषता हो । यसरी भाषा र साहित्यमा महत्वपूर्ण भूमिका खेल्ने टुक्काहरू भाषाका विभिन्न अङ्ग भएका छन् । यो टुक्काको सार्वजनीक विशेषता हो ।

नेपाली भाषा टुक्का प्रयोगका दृष्टिले सम्पन्न भाषा हो । यहाँका विभिन्न भाषिकाहरूमा पनि टुक्काको प्रयोग भएको पाइन्छ । दैलेख जिल्ला पनि टुक्काको प्रयोगका दृष्टिले सम्पन्न रहेको छ । मेलापर्व, वनजङ्गल, धार्मिक अनुष्ठान र सामाजिक कार्यहरूमा भाषिक मिठासका निम्ति यहाँका मानिसहरू वार्तालापमा टुक्काको प्रयोग गर्दछन् । यी टुक्का दैलेखी लोकपरम्पराका उपज हुन् । यिनले नेपाली भाषालाई सम्पन्न बनाउने कार्य गरेका छन् । यस दृष्टिले हेर्दा दैलेखमा प्रचलित टुक्कामा पनि विविधता पाइन्छ र यो विविधता, यसको संरचना र विषयवस्तु दुवैमा रहेको छ । संरचनाका दृष्टिले पदगत र पदावलीगत विशेषता दैलेखी टुक्कामा पाइन्छ भने विषयवस्तुका दृष्टिले लोकविश्वास, धर्मसंस्कार, नीतिचेतना, पौराणिक, ऐतिहासिक, आर्थिक, राजनीतिक, मनोवैज्ञानिक, पशुपंक्षी र वनस्पती एवम् शारीरिक अङ्गसँग सम्बन्धित टुक्काहरू यहाँ पाइन्छन् । यसरी दैलेखमा प्रचलित टुक्काको अध्ययनले नेपाली टुक्काको अध्ययन परम्परालाई सम्पन्न पार्ने छ भन्ने विश्वासका साथ यो शोधकार्य गरिएको हो ।

दैलेख जिल्लामा प्रचलित मौखिक रूपमा छरिएर रहेका टुक्काहरूलाई सङ्कलन गरेर यथाशक्त रूपमा व्यवस्थित गरी यस कार्यलाई पूर्णता दिने प्रयास गरिएको छ ।

लोकसाहित्यको महत्व बढ्दै गएको आजको परिप्रेक्षमा स्थानीय, क्षेत्रीय, केन्द्रीय स्तरबाट यस्ता कार्यहरू हुनु आजको आवश्यकता हो । यस कार्यलाई पनि लोकसाहित्यको संरक्षणमा एउटा सानो उपलब्धी मान्न सकिन्छ । प्राप्त सामग्रीहरूका आधारमा यस शोधकार्यलाई पूर्णता दिदै दैलेख जिल्लामा प्रचलित टुक्काहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । यस कार्यले लोकसाहित्यका अध्येता र लोकसाहित्य प्रेमीहरूका लागि टुक्काका बारेमा विस्तृत अध्ययन र जानकारी प्रदान गर्न प्रशस्त सहयोग पुग्नेछ भन्ने कुरामा विश्वास गरिएको छ । साथै यस कार्यले दैलेखी टुक्का र समग्र नेपाली भाषाका टुक्काको संरक्षण र सम्वर्द्धन पनि हुने कुरा स्वत : सिद्ध देखिन्छ । दैलेखी टुक्काको अध्ययनमा प्रस्तुत शोधकार्यले सहयोग पुऱ्याए पनि यो अध्ययन पूर्ण अध्ययन होइन । दैलेखमा केन्द्रित रहेर यहाँ प्रयुक्त टुक्काको विभिन्न कोणबाट अध्ययन गर्न सकिने सम्भावना पनि छदैछ । दैलेखी टुक्काको अध्ययनमा संलग्न अध्येताका लागि सम्भाव्य शोध शीर्षक दिनु उपयुक्त देखिन्छ । ती शोधशीर्षक मूलत : निम्न लिखित हुन सक्छन्

(क) नेपाली लोकसाहित्यमा दैलेखी टुक्का ।

(ख) दैलेखी भाषामा टुक्काको प्रयोग ।

(ग) दैलेखी साहित्यमा टुक्काको प्रयोग ।

(घ) दैलेखी र नेपाली भाषाका टुक्काहरूको तुलनात्मक अध्ययन ।

# सन्दर्भग्रन्थसूची

**पाठ्यपुस्तकहरू**


- उपाध्याय, बालाराम, **नेपाली साहित्यमा दैलेखको योगदान,** दैलेख : श्रीमती पुष्पादेवी उपाध्याय, वडजम्जी ५, २०५८ ।
- कोइराला, शम्भुप्रसाद, **लोकसाहित्य : सिद्धान्त र विश्लेषण,** विराटनगर : धरणीघर प्रतिष्ठान, २०५५ ।
- चालिसे, विजय, **'डोटेली लोकसंस्कृति र साहित्य'**, काठमाडौ : साझा प्रकाशन, २०३९ ।
- ज.व.रा. पुष्करशमशेर, **उखान र टुक्काको वर्णक्रमानुसारी सूची र वाक्यांश, वाक्पद्धति इत्यादि कोष**, काठमाडौं : ने.रा.प्र.प्र., १९९८ ।
- जोशी, सत्यमोहन, **हाम्रो लोकसंस्कृति,** काठमाडौ : रत्न पुस्तक भण्डार, २०४१ ।
- तिमिल्सिना, हरिप्रसाद, **'केही टिप्पणी केही समालोचना'**, नेपालगन्ज : भेरी साहित्य समाज, २०६८ ।
- थापा, धर्मराज र सुवेदी, हंसपुरे **नेपाली लोकसाहित्यको विवेचना** काठमाडौं : त्रि.वि.पा.वि.के., २०४१ ।
- थापा, भक्तबहादुर, **नारायण नगरपालिका सेरोफेरोका दशैं तिहारका लोकगीत** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०५९ ।
- दाहाल, बल्लभमणी, **अनिवार्य नेपाली शिक्षण,** काठमाडौं : त्रि.वि.पा.वि.के. २०३६ ।
- नेपाल, पूर्णप्रकाश 'यात्री' **भेरी लोकसाहित्य,** काठमाडौ : ने.रा.प्र.प्र. २०४१ ।
- पन्थी, लक्ष्मी, **गुल्मी जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि, २०५५ ।
- पराजुली, कृष्ण प्रसाद, **भाषाको माया,** काठमाडौँ : रत्न पुस्तक भण्डार, २०४४ ।
- पराजुली, मोतीलाल **नेपाली लोकगाथा**, पोखरा : तारा पराजुली, २०४९ ।
- पराजुली, कृष्ण प्रसाद, **नेपाली उखान र गाउँखाने कथा,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०५४ ।
- पराजुली, कृष्ण प्रसाद, **राम्रो रचना मीठो नेपाली,** काठमाडौं : सहयोगी प्रेस, २०५५ ।

- पराजुली, कृष्णप्रसाद, **लोकगीतको आलोक,** काठमाडौं : वीणा प्रकाशन, २०५७ ।
- पोखरेल, बालकृष्ण, **राष्ट्र भाषा,** काठमाडौं : साझा प्रकाशन, २०४३ ।
- बजगाईं, योगेन्द्रप्रसाद, **अछाम जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन,** अप्रकाशित स्नाकोत्तर शोधपत्र, त्रि.वि., २०६२ ।
- बन्धु, चुडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता बुक्स, २०५८ ।
- बन्धु, चुडामणि, **भाषाविज्ञान,** काठमाडौं : साझा प्रकाशन, २०५३ ।
- भण्डारी, इन्द्रबहादुर, **वाग्लुङ जिल्लामा प्रचलित टुक्काहरूको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., २०६० ।
- रेग्मी, चुडामणि, **नेपाली टुक्काको अध्ययन,** झापा, चन्द्रगढी, २०४१ ।
- लामिछाने, यादवप्रकाश, **सामान्य र प्रायोगिक भाषाविज्ञान तथा नेपाली भाषा,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०५३ ।
- शर्मा, भक्तिप्रसाद, **दैलेख जिल्लाका हुड्के नाचमा प्रचलित लोकगीतको अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०६७ ।
- शर्मा, मोहनराज, **शब्द रचना र वर्णविन्यास (वाक्य खण्ड सहित)**, काठमाडौं : पाठ्यसामग्री प्रकाशन, २०४६ ।
- शर्मा, मोहनराज **शब्द रचना र वर्णविन्यास,** काठमाडौं : नेपाल बुक हाउस, २०५० ।
- शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद **शोधविधि** काठमाडौं : साझा प्रकाशन, २०६२ ।
- सुवेदी, राजेन्द्र, **प्राथमिक र माध्यमिक नेपाली साहित्यको रूपरेखा,** काठमाडौं : पाठ्यसामग्री प्रकाशन, २०५५ ।


**अन्य**

- **खसानी** (वर्ष १३, अङ्क १) काठमाडौं : मध्यपश्चिमाञ्चल साहित्य परिषद, २०६८ ।
- **जिल्ला विकास योजना बुलेटिन,** जि.वि.स. दैलेख आ.व. २०६७/०६८ ।
- ढुङ्गेल, भोजराज "उखान टुक्का शिक्षण" **वृष्टि लोकसाहित्य प्रधान** (वर्ष १, अङ्क १, आश्विन) २०५१ ।
- **दैलेख जिल्ला : संङ्क्षिप्त परिचय** शाखा तथ्याङ्क कार्यालय सुर्खेत, २०६८ वैशाख ।

## व्यक्तिसूची

- अधिकारी, डिल्लीप्रसाद, बडलम्जी गा.वि.स, दैलेख ।
- अधिकारी, राजाराम, बडलम्जी गा.वि.स, दैलेख ।
- आचार्य, डिल्लीप्रसाद, बडलम्जी गा.वि.स, दैलेख (हाल नेपालगन्ज) ।
- उपाध्याय, बालाराम, बडलम्जी गा.वि.स, दैलेख ।
- बि.सी., लोकबहादुर, श्री पञ्चकोशी ज्वाला उ.मा.बि., गमौडी, दैलेख ।
- लम्साल, शिवराज, गौरी गा.वि.स., दैलेख ।
- शर्मा, ईन्द्रप्रसाद, गौरी गा.वि.स., दैलेख (हाल नेपालगन्ज) ।

## दैलेख जिल्लाको नक्सा


दैलेख जिल्ला
कालिकोट
अछाम
पिपलकोट
सिगौडी
कुमालपानी
तोली
तोली
कालिका
नागग्म
अछाम
चौराठा
गमौडी
कालभैरव
बेलपाटा
बडाभैरव
जाजरकोट
डाँडापराजुल
सिगौडी
रवातकोट
सिगौडी
सालकोट
गौगनपानी
पिलाडी
सुर्खेत
0 5 10 20 Kilometers